CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२६

पूर्णाङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

७ वर्ष

२ अङ्क

[इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक —
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

सहयोगी––
रामजी तेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

		पृष्ठ
१. नेपालसँग लडाइँ खोल्नुअघि अङ्ग्रेजहरूले गुप्त भेषमा गरेको नेपाल–भोटभ्रमण	– महेशराज पन्त	६७–८८
२. बम शाहले कृष्ण पण्डितलाई वि. सं. १८६९ मङ्सीर २९ गते लेखेको चिठी	"	८८–९४
३. बम शाहले श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई वि. सं. १८७० माघ २७ गते लेखेको चिठी	"	९४–१००
४. सिद्धान्तशिरोमणिको अनुबाद	– देवीप्रसाद भण्डारी	१०१–११४
५. आत्मसंशोधन	– दिनेशराज पन्त	११४
६. श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण	– नयराज पन्त	११५–११८
७. हाम्रो वक्तव्य		११९–१२६
८. यै बाटोतिर छौ तिमी पनि कतै	– नयराज पन्त	१२६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालसँग लडाइँ खोल्नुअघि अङ्ग्रेजहरूले गुप्त भेषमा गरेको नेपाल–भोटभ्रमण

—महेशराज पन्त

काश्मीरी जुलाहाहरूले बुनेको शालनाउँको ऊनी कपडाको सम्पूर्ण भारतवर्षमा, फारस र बेलायतमा समेत निकै चाह भएकोले इस्ट इन्डिया कम्पनीको आँखा यतातिर तानिएको थियो[1] ।

आफ्ना दूतको हैसियतमा वि० सं० १८३१ मा[2] भोट गएका जर्ज बोगललाई इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वारेन हेस्टिङ्सले शाल बुन्ने ऊन हुने भेँडाबाख्राको नमूना ल्याउनू भनी अह्राएका थिए[3] । वारेन हेस्टिङ्सकै दूत भई वि० सं० १८४० मा[4] भोट पुगेका स्यामुअल टर्नर यस्ता केही भेँडाबाख्रा आफूसँगै बङ्गालमा ल्याउन समर्थ भए । भोटको ठण्डीमा हुर्केका यी भेँडाबाख्राले कलकत्ताको गर्मी सहन सकेनन् र त्यहाँ आएको केही कालपछि तिनीहरूको रौँ ख्वात्तै

---

१. जोन पेम्बलको दि इन्भेझन् अफ् नेपाल् जन् कम्'पनि याट् वर् (इस्ट इन्डिया कम्पनीले नेपालसँग खोलेको लडाइँ) को ६९ पृ.

२. क्लेमेन्ट्स आर. मार्क्हमद्वारा सम्पादित न्यार्'अटिम्ज् अफ् द मिश्'अन् अफ् जर्ज् बोग्ल् ट टिबेट् यान्ड् अफ् द जर्'नि अफ् थोमस् म्यानिङ् ट ल्हासा (जर्ज बोगलको नेतृत्वमा भोट गएको दूतमण्डलको र थोमस म्यानिङले ह्लासामा गरेको सफरको बयान) मा क्लेमेन्ट्स आर. मार्क्हमले लेखेको उपोद्घातको ६८ पृ.

३. टु सेन्ड् दन् अर् मोर् पेर् अफ् दि यान्'इमल्ज् कल्ड् तुस्, ह्विच् प्रड्'युस् द शल् वुल् । इफ् बाइ ए डू'लि, चेर्ज्, अर् एन्'इ अद्'अर् कन्'ट्रिभ्अन्स् दे क्यान् बी सिक्यूर्ड् फ्रम् द फटीग्ज् यान्ड् ह्याज्'अर्ड्ज् अफ् द वे, दि एक्स्पेन्स्' इज् टु बी नो अब्जिक्'शन् ।

(वारेन हेस्टिङ्सले जर्ज बोगललाई वि. सं. १८३१ जेठ ६ गते दिएको आज्ञापत्रबाट । यो आज्ञापत्र बोगलको यात्रावर्णनका ८–९ पृ. मा छापिएको छ ।)

[शाल बुन्ने ऊन पैदा गर्ने तुसनाउँका जीवातका एक वा एकभन्दा बढी जोडी पठाउने । डोलीमा हालेर हुन्छ कि कुर्सीहरूमा हालेर हुन्छ कि अथवा अरू कुनै उपाय गरेर ती जीवात नथाक्ने र बाटामा जोखिम नपर्ने गरी तिनलाई ल्याउने । यसमा लागे जति खर्च गर्ने ।]

४. क्लेमेन्ट्स मार्क्हम ७१–७२ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तो रूरी छाला फुट्नं थाल्यो । यसरी बङ्गालको गर्मी यिनलाई नफापेको सम्झी टर्नरले तिनलाई इङ्ल्यान्डको सर्दी फाप्ला कि भनी इङ्ल्यान्ड पठाए । समुद्रयात्रा खप्न नसकी ती भेँडाबाख्रा बाटामै मरे तापनि टर्नरले तिनलाई इङ्ल्यान्ड पठाउने उद्योग वारंवार गरी नै रहेकाले केही भेँडाबाख्रा इङ्ल्यान्ड पुगे । तर त्यहाँको हावापानी पनि तिनलाई फापेन र त्यहाँ पुगेको लगत्तै ती भेँडाबाख्रा मरे । यसरी भारतमा वा इङ्ल्यान्डमा भोटे भेँडाबाख्रा हुर्काई तिनका रौँबाट शालको व्यवसाय गर्ने हेस्टिङ्सको इच्छा अधूरै रहन गयो[५] ।

---

५. हीर् वी स मल्टिट्युड्ज् अफ् द भ्याल्'युअब्ल् यान्'इमल्, हूज् कोट् अफोर्ड्ज् मटीर्'-इअल्ज् फर् द्याट् एक्स्'क्विजिट्लि फाइन् यान्ड् ब्यूट्'इफुल् म्यान्'युफ्याक्'चर्, द शल । दे वेर फीड्इङ् इन् लार्ज् फ्लक्स्, अपन् द थिन् ड्राइ हर्ब्'एज् द्याट् कभ्'अर्ज् दीज् नेँकिड्–लुक्इङ् हिल्ज् । दिस् इज्, पर्'ह्याप्स्, द मोस्ट् ब्यूट्'इफुल् स्पी'शिज् अमङ्गस्ट् द होल् ट्राइब् अफ् गोट्स्; मोर् सो, इन् माइ अपिन्'यन्, द्यान् दि याङ्गो'ल काइन्ड् । देर् कल्'अरज् वेर् भेर्'इअस्; ब्ल्याक्, ह्वाइट्, अफ् ए फेन्ट् ब्लूइश् टिन्ज्, यान्ड् अफ् ए शेड् सम्थिङ् लाइटर् द्यान् ए फन् । दे ह्याभ् स्ट्रेट् हर्न्ज्, यान्ड् आर् अफ् ए लोअर् स्टयाच्'अर् द्यान् द स्मलेस्ट् शीप् इन् इङ्'ग्लन्ड् । द मटीर्'इअल् यूज्ड् फर् द म्यान्'युफ्याक्'चर् अफ् शल्ज्, इज् अफ् ए लाइट् फाइन् टेक्स्'चर्, यान्ड् क्लोद्ज् दि यान्'इमल् नेक्स्ट् द स्किन् । ए कोर्स् कभ्'अर्इङ् अफ् लङ् हेर् ग्रोज् अबभ्' दिस्, यान्ड् प्रिजर्भ्ज् द सफ्ट्नेस् अफ् दि इन्फीर्'इअर् कोट् । दिस् क्री'चर् सीम्ज् इन्डेट्इड्, फर् द वर्म्थ् यान्ड् सफ्ट्नेस् अफ् इट्स् कोट्, टु द ने'चर् अफ् द क्लाइमट् इट् इन्ह्याब्'इट्स : अपन् रिमूभ्इङ् सम् अफ् देम् ट द हट् याट्'मस्फीर् अफ् बेन्गल, दे क्विक्लि लस्ट् देर् ब्यूट्'इफुल क्लोद्'इङ्, यान्ड् ए क्यूटे'निअस् इरप्'टिभ् ह्यू'मर् सून् डिस्ट्रइड् अल्'मोस्ट् अल् देर् कोट् । आइ वज् अल्सो अन्सक्'सेस्फुल् इन् रिपीट्इड् ट्राइ'अल्ज्, ट कन्भे' दिस् यान्'इमल् टु इङ्'ग्लन्ड् । इट् वुड् नाइ'दर् इन्ड्युर्' द क्लाइमट् अफ् बेन्गल्, नर् बेर् द सी; दो सम् फ्यू अफ् देम्, इन्'डीड्, लिम्ड् टु ल्यान्ड् अफ् इङ्'ग्लन्ड्, येट दे वेर् इन् सो वीक् ए स्टेट्, द्याट् दे भेर्'इ शर्ट्लि आफ्'टर् पेर्'इशड् ।

[स्यामुअल टर्नरको यान् अकाउन्ट् अफ् यान् एम्'बसि ट द कोर्ट् अफ् टेशू लामा इन् टिबेट् (भोटका टशी लामाकहाँ गएको दूतमण्डलको वर्णन) का ३५६–३५७ पृ. बाट ।]

[यहाँ हामीले ती बहुमूल्य जीवातको बथान देख्यौँ । यो जीवातको रौँबाट अत्यन्त मिहीन र राम्रो शाल बुनिन्छ । यी नाङ्गा डाँडामा अलिअलि उम्रेको सुख्खा घाँसमा यी जन्तुका बथानका बथान चरिरहेका थिए । जातजातका बाख्रामध्ये यो जन्तु सबभन्दा राम्रो हो कि जस्तो छ । मेरो विचारमा अङ्गोला (लामो रौँ भएको एक प्रकारको बाख्रा) भन्दा त यो निकै राम्रो हुन्छ । यी जन्तुहरू कालो, सेतो, हल्का नीलो, ज्यादै फिका पहेँलो पहेँलो खैरो आदि थरीथरी रङ्गका थिए । यिनका सीँङ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाल बुन्ने ऊन हुने भोटे भेँडाबाख्राको इङ्ल्यान्डमा वंशविस्तार गर्ने विचार गरी यस्ता केही भेँडाबाख्रा यहाँ पठाउनू भनी वि. सं. १८५६ मा इङ्ल्यान्डबाट कलकत्तामा निर्देश पठाइएको थियो[६]।

वि. सं. १७४१ मा भोटसँग सन्धि गरी पश्चिमी भोटबाट शाल बुन्ने ऊन झिकाउने एकाधिकार लद्दाखले लिएको थियो। लद्दाखीहरूसँग ऊन किन्ने एकाधिकारचाहिँ काश्मीरीहरूको भएकोले अरू भारतीय प्रान्त शालको व्यवसायबाट वञ्चित थिए[७]।

पश्चिमी भोटसँग सोझै व्यापारसम्बन्ध जोडी शाल बुन्ने ऊनको वेपार गर्ने विचारले इस्ट इन्डिया कम्पनीका अश्वाध्यक्ष (तवेलाका हाकिम) शालिहोत्री डा. विलियम मुर्क्रोफ्ट पश्चिमी भोटसँग व्यापारसम्बन्ध जोडन विशेष उत्सुक भए[८]।

इस्ट इन्डिया कम्पनीको घोडचढी फौजको लागि काबुलबाट असल जातका घोडा झिकाइने गरिएको थियो। तर रणजित्सिंहले पञ्जाबमा आफ्नो राज्यको विस्तार गर्दै गएकाले वि. सं. १८६३

सोझा हुन्छन्। इङ्ल्यान्डमा हुने सबभन्दा होचो भेँडाको भन्दा पनि यिनको ऊँचाइ कम हुन्छ। शाल बुन्ने रौँ मिहीन हुन्छ। यो रौँ त्यो जीबातको छालामा उम्रेको हुन्छ। यसमाथि उम्रेको खस्रो लामो रौँले यो मिहीन रौँलाई ढाकेको हुन्छ। यही लामो रौँले भित्रपट्टि उम्रेको रौँलाई नरम पारेर राखिछोड्छ। यस्ता केही प्राणीलाई बङ्गालको गर्मीमा ल्याउँदा तिनीहरूको राम्रो रौँ चाँडै नै झरेको र छाला फुट्नाले झण्डैझण्डै सबै रौँ छिटै झरेकोले यिनको वासस्थानको हावापानीले गर्दा नै यिनको रौँ न्यानो र नरम भएको जस्तो देखिन्छ। यिनलाई इङ्ल्यान्डमा पठाउने उद्योग मैले धेरै पटक गरेँ, तर म यसमा पनि सफल भइनँ। यो जन्तु नत बङ्गालको नत समुद्रको हावापानी सहन समर्थ भयो। यीमध्ये केही इङ्ल्यान्ड पुगे तापनि यी अत्यन्त कमजोर भई त्यहाँ पुगेको लगत्तै मरे।]

६. जरनल् अफ् द रइ'अल् एशियाट्'इक्ससाइइटि (एशियासम्बन्धी राजकीय संस्थाको पत्रिका) को वि. सं. २०१५ का १–२ खण्डमा छापिएको अलिस्तेर ल्याम्बको टिबेट् इन् याङ्'ग्लो-चाइनीज्' रिले'शन्ज् : १७६७–१८४२ (वि. सं. १८२४ देखि १८९९ सम्मको अङ्ग्रेज र चिनियाको सम्बन्धमा आएको भोटसम्बन्धी प्रसङ्ग) भन्ने निबन्धको दोस्रो खण्ड। सो खण्डको ३८ पृ.

७. जोन पेम्बल ५९ पृ.

सेपोन डब्ल्यू. डी. शाकाब्पाको टिबेट्: ए पोलिट्'इकल् हिस्'टरि (भोटको राजनीति-इतिहास) का १२२–१२३ पृ.

राम राहुलको द गभ्'अर्न्‌मेन्ट् यान्ड् पल्'इटिक्स् अफ् टिबेट् (भोटको शासनपद्धति) का ३७–३८ पृ.

८. ह्यु ग पेर्जको द हेर्'सिज् फाइभ् जेन्'अर्'एशन्ज् अफ् यान् याङ्'ग्लो–इन्डिअन् फ्याम्'-इलि (अङ्ग्रेज र हिन्दुस्थानीको वर्णसङ्कर हेर्सीवंशको ५ पुस्ताको बयान) का ६६,६८ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पछि काबुलबाट घोडा झिकाउन गाह्रो पर्दै आएको थियो । यसरी कम्पनीसरकारको घोडचढी सैन्यको बल घट्दै गएको देखेर अश्वाध्यक्षको नाताले मुर्क्रोफ्टलाई पीर पर्नु स्वाभाविक थियो । यसैले अन्यत्रबाट असल घोडा झिकाई कम्पनीको घोडचढी सैन्यको बल कायम राख्ने उनको विचार भएकोले उनले यस भोटयात्राबाट यस काममा पनि सघाउ पुग्ने आस राखेका थिए[९] ।

नेपालको राज्यक्षेत्र गढवाल् भएर पश्चिमी भोट पुग्ने विचार गरी मुर्क्रोफ्ट यस भेगको राम्रो ज्ञान भएका सहयात्रीहरूको खोजमा लागे । नेपाल भई भोट जानाले नेपालसँग पछि हुने लडाइँको निम्ति काम लाग्ने नेपालसम्बन्धी कुरा थाहा पाइने आशा भएकोले पनि उनले यो बाटो रोजेका थिए[१०]।

गुजरातमा पर्ने चम्बी राज्यको राजवंशकी कुमारी जहरउलनिसालाई मुगल बादशाह द्वितीय अकबर (राज्य वि. सं. १८६३–१८९४★) ले धर्मपुत्री पालेका थिए । अङ्ग्रेज र हिन्दुस्थानीको संसर्गबाट जन्मेका हैदरयङ हेर्सीसँग ती कुमारीको विवाह द्वितीय अकबरले गराइदिएका थिए । यही विवाहबाट हेर्सी बरेलीनजीकैको करेली भन्ने ठाउँका अधिपति हुन पुगेका थिए । करेलीलाई नै हेर्सीले आफ्नो स्थायी घर बनाएका थिए[११] ।

आफ्नो आधा राज्य इस्ट इन्डिया कम्पनीलाई दिने सन्धिपत्रमा अवधका नवाब सआदत अलीले वि. सं. १८५८ मङ्सीर १ गते सही हालेपछि[१२] बरेली कम्पनीसरकारको राज्यमा पर्न गयो । बरेलीमा चम्केको विद्रोहलाई कप्तान हैदरयङ हेर्सीले वि. सं. १८६२ को हिउँदमा दमन गरेका थिए[१३] ।

---

९. ह्युग पेर्ज ६७ पृ.

जोन पेम्बल ७० पृ.

१०. नेपालसँग लडाइँ हुनेताका मुर्क्रोफ्टले इस्ट इन्डिया कम्पनीलाई नेपालको विषयमा आफूले जानेबुझेका कुरा लेखी दिएका देखिएकोले [इस्ट इन्डिया कम्पनीद्वारा प्रकाशित पेपर्ज् रिस्पेक्टिइङ् द नेपाउल् वर् (नेपालसँग भएको लडाइँसम्बन्धी कागजपत्र) का ७६–९३ पृ.] माथिका वाक्य लेखिएका हुन् ।

★जेम्स बर्जेसको द क्रोनलजि अफ् मडर्न् इन्'डिअ फर् फोर् हन्'ड्रेड् यर्ज् फ्रम् द क्लोज् अफ् द फिफ्टिन्थ् सेन्चुरि ए. डी. १४९४–१८९४ (वि. सं. १५५१ देखि १९५१ सम्मको आधुनिक भारतका घटनाका तिथ्यावली) को २९० पृ.

११. ह्युग पेर्ज ५३–५४ पृ.

जोन पेम्बल ४० पृ.

१२. पूर्णिमा २ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्धको तयारी भन्ने निबन्ध । सो अङ्कको ७५ पृ.

१३. ह्युग पेर्ज ५२ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गङ्गाजीको उत्पत्ति कहाँबाट भएको हो भन्ने कुरा पत्ता लाउन वि. सं. १८६५ को वैशाखमा इस्ट इन्डिया कम्पनीले कप्तान हेर्सी, कप्तान रेपर र लप्टन वेवलाई खटाएको थियो । तीन महीनासम्म हरद्वार, देवप्रयाग, श्रीनगर, कर्णप्रयाग, नन्दप्रयाग, जोशीमठ, बद्रीनाथ आदिको यात्रा गरी गङ्गोत्रीबाट गङ्गाजीको उत्पत्ति भएको हो भन्ने कुरा यी अन्वेषकहरूले निश्चय गरेका थिए । नेपालको राज्यमा पर्ने यी ठाउँको यात्रा गर्न यी अङ्ग्रेजहरूले नेपालबाट अनुमति पाएका थिए[१४] ।

नेपालमा आक्रमण गर्न भित्रभित्र तयारी गर्न लागेका अङ्ग्रेज सेनापतिलाई हेर्सीले नेपालविषयक साङ्ग्रामिक प्रतिवेदन तयार पारी चढाएको देखिएको छ[१५] । यस कारण गङ्गाजीको उद्गमस्थल पत्ता लाउन गरिएको यस यात्राबाट नेपालको भित्री रहस्य बुझ्न खोज्ने अङ्ग्रेज सेनापतिहरूलाई काम लाग्ने सामग्री पनि बटुलिएको अडकल हुन्छ ।

वि. सं. १८६६ मा इस्ट इन्डिया कम्पनीले नेपालको तराई ब्रह्मदेउमा (अहिले यो कञ्चनपुरमा पर्छ★) हेर्सीलाई हमला गर्न लगायो । लडाइँमा नेपाललाई हराई इस्ट इन्डिया कम्पनीले यो तराई अवधलाई बेचेको थियो[१६] ।

गढवालका राजा प्रद्युम्न शाहले नेपालसँगको लडाइँमा हारी[१७] वि. सं. १८६२ मा[१८]

---

१४. ह्यु ग पेर्ज ५५–५७ पृ.

१५. पूर्णिमा २१ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निबन्ध । सो अङ्कका २७–२८ पृ.

★ खड्गमान मल्लको नेपालको भूगोलको नवौँ संस्करणको ५६ पृ.

१६. ह्यु ग पेर्ज ५७ पृ.

१७. पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निवन्ध । सो अङ्कका १४९–१५४ पृ.

१८. नेपालले वि. सं. १८६१ कार्तिक १२ गते गढवाली राजा प्रद्युम्न शाहलाई लडाइँमा हराई गढवाल दखल गर्‍यो (पूर्णिमा १४ पूर्णाङ्कको १५४ पृ.) । सो लडाइँमा हारी भागेका प्रद्युम्न शाह पछि फेरि लड्न आउँदा उनले वीरगति पाएका थिए तथा उनका भाइ प्रीतम शाहिलाई नेपाली सैन्यले पक्रेको थियो (पूर्णिमा १४ पूर्णाङ्कका १५२–१५४ पृ.) । सो पछिल्लो लडाइँ वि. सं. १८६२ मा भएको थियो—

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे कपरदार भोटु पाँडेके

उप्रान्त गढका राजाका भाइ प्रीतम साहिलाई पक्राउ गरी यहाँ ल्यायाको छ । भादगाउँमा प्रीतम साहिलाई राघुञ्ज्याल तपसीलबमोजिम चामल दाल संवत् १८६२ साल कार्तिकवदि ८ देखि दिनहुँ उनीछेउ पुऱ्याऊ । वही बुझ्दा रसीदवमोजिम मोजरा पर्ला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वीरगति पाएपछि उनका छोरा सुदर्शन शाह कम्पनीसरकारको आश्रयमा बस्न गएका

तपसील

मार्सी चामल	१ पाथी
हकुवा चामल	३ पाथी
दाल (मास केराउ)	४ पाथी

इति संवत् १८६२ साल मिति कार्तिकवदि ७ रोज शुभम्

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

भादगाउँका इजारादार बिन्याके

उप्रान्त गढका राजाका भाइ प्रीतम साहिलाई पक्राउ गरी उनका केटासमेत १५ जवानको साथ उनलाई यहाँ ल्यायाको छ। तहाँ चौकी हाली उनलाई थुनामा राष। उनीसित भेट्न कसैलाई पनि नदेऊ। उनीछेउ पेटिया पुन्याउन कपरदारको नाउँमा रुक्का गयाको छ। सोबमोजिम कपरदारले पेटिया पुन्याउला। इजाराबमोजिम भादगाउँबाट उठेको बालीबाट नून तेल घिउ षरीद गर्न रोजको ६ आना देऊ। बही बुझ्दा मोजरा पर्ला। रोजको ४ भारी दारुवा र ४ मूठा पात पनि पुन्याऊ। तिनलाई षुस्कन नदेऊ।

इति संवत् १८६२ साज मिति कार्तिकवदि ७ रोज शुभम्

(वि. सं. १८६२ कार्तिक १ गते लेखिएका यी दुइ चिठीको अङ्ग्रेजी अनुवाद महेशचन्द्र रेग्मीद्वारा सम्पादित रेग्मी रिसर्च् सीर्'ईज् (रेग्मी अन्वेषणमाला) को तेस्रो वर्षको दोस्रो अङ्कका ४६–४७ पृ. मा छापिएको छ। सोही अङ्ग्रेजी अनुवादबाट नेपालीमा यहाँ प्रत्यनुवाद गरिएको हो।)

वि. सं. १८६२ को पञ्चाङ्गमा कार्तिककृष्णअष्टमी टुटेको देखिन्छ। सप्तमीपछि सोझै अष्टमी आउने हुनाले झ्वाट्ट यहाँ अष्टमी लेखिए तापनि वास्तवमा नवमी लेखिनुपर्ने थियो। महेशचन्द्र रेग्मीजीले अनुवाद प्रकाश गर्दा वार नदिनुभएकोले परीक्षा गर्न अप्ठचारो परेको छ। कार्तिककृष्णसप्तमीको दिन तुलासङ्क्रान्ति भएकोले यहाँ कार्तिकवदि ८ भन्ने शब्दले कार्तिक २ गतेलाई बुझाएको देखिन्छ।

गढवाल हान्न काजी अमरसिंह थापा (बूढा) को मातहतमा फौज खटिएको थियो तथा उनका प्रमुख सहयोगी काजी रणधीर बस्न्यात र सुब्बा हस्तदल शाह थिए भन्ने कुरा भाषावंशावलीबाट बुझिन्छ (पूर्णिमा १४ पूर्णाङ्कको १५० पृ.)। आफ्ना सेनापति अमरसिंह थापासँग रणधीर बस्न्यात र हस्तदल शाहको मतो नमिलेकोले वि. सं. १८६२ असार ३ गते रणधीर बस्न्यातको ठाउँमा सुरवीर खत्री, रणधीर खत्री, धनकर खत्रीलाई तथा हस्तदल शाहको ठाउँमा चन्द्रवीर कँवरलाई गढवाल चाँडै पुग्नू भनी खटाइएको थियो (रेग्मी रिसर्च् सीर्'ईज्को ३ वर्ष २ अङ्कको ४७ पृ.)। भाषावंशावलीअनुसार गढवालसँगको पछिल्लो लडाईंमा चन्द्रवीर कवर पनि सामेल थिए भन्ने देखिन्छ (पूर्णिमा १४ पूर्णाङ्कका १५१–१५२ पृ.)। यी कारणबाट गढवालको अन्तिम युद्ध वि. सं. १८६२ मा भएको सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थिए[१९] ।

गढवालको राज्यक्षेत्रमा पर्ने नेपालले अँठ्याउन नसकेको चण्डी (आजभोलि यो उत्तर-प्रदेशको बिजनौर जिल्लामा पर्छ) नाउँको प्रदेश र नेपालले अँठ्याइसकेको देहरादूनसमेत वि. सं. १८६८ असार १० गतेको दिन जम्मा ३००५ रु. मा सुदर्शन शाहसँग हेर्सीले किनेका थिए[२०] ।

यसरी केही वर्ष यतादेखि गढवालको छिमेकमा घरबार गरी बसी आएका एकपल्ट गढवाल पनि घुमिसकेका नेपाली सैन्यसँग एक पटक भिडन्त पनि गरिसकेका हेर्सीलाई मुर्क्रोफटले आफ्नो सहयात्री बनाउने विचार गरे ।

विक्रमको सत्रौं शताब्दीदेखि कुमाउको राजकाजमा अधिकारसम्पन्न हुँदै आएको जोशीवंशमा जन्मेका शिवदेव विक्रमको उन्नाईसौं शताब्दीको प्रारम्भमा आफ्नो वीरताले प्रख्यात भई कुमाउका हर्ता-कर्ता हुन पुगेका थिए । राजकाजको घातप्रतिघातमा आफ्ना प्रतिद्वन्द्वीद्वारा वि. सं. १८२१ मा शिवदेव जोशीको वध भएको थियो। तर जोशीहरूको प्रभावलाई निर्मूल पार्न भने उनका प्रतिद्वन्द्वीहरू समर्थ भएका थिएनन् । यसैले कुमाउमा कहिले शिवदेवका छोरा हर्षदेव जोशी त कहिले उनका प्रतिद्वन्द्वीहरू शक्तिशाली भई राजकाज चलाउँथे । आखिरमा आफ्ना प्रतिद्वन्द्वीबाट मार खाई कुमाउबाट धपिनुपरेपछि हर्षदेव कुमाउ जित्न तम्सेका गोर्खालीहरूसँग मिल्न गएका थिए । वि. सं. १८४७ मा कुमाउविजय गर्दा गोर्खालीलाई मदत गरेको नाताले हर्षदेव कुमाउको हर्ताकर्ता भई त्यहाँ रजाइँ चलाउन चाहन्थे । कुमाउमा हर्षदेवको रजाइँ चलाउनु गोर्खालीहरूलाई अभिमत नभएकोले हर्षदेवको र कुमाउमा रहेका गोर्खाली शासकमा विरोध पर्न गयो र नेपालसरकारका विरोधीहरूसँग साँठगाँठ मिलाउन हर्षदेव जोशी लागे । यसै प्रसङ्गमा उनी अङ्ग्रेजहरूसँग पनि नेपालको विरोधमा साँठगाँठ गर्न पुगे । यस कारण नेपालसँग लडाइँ खोल्न भित्रभित्रै तयारी गरिरहेका अङ्ग्रेजहरूका आफन्त हर्षदेव जोशी बनेका थिए[२१] ।

गढवालको छिमेक कुमाउमा जन्मी त्यहीं हुर्की बढेका केही काल त्यहाँको हर्ताकर्तासम्म हुन पुगेका नेपालसँग चिढिएका यी हर्षदेव जोशीलाई पनि मुर्क्रोफटले आफ्नो पश्चिमी भोटको भ्रमणमा सहयात्री बनाउने विचार गरे ।

वि. सं. १८४९ मा नेपाल र चीनको लडाइँ हुँदा दुवै पक्षले इस्ट इन्डिया कम्पनीसंग मदत

---

१९. पूर्णिमा १४ पूर्णाङ्कका १५३–१५४ पृ.
पेपर्ज् रिस्पेक्टइङ् द नेपाल्ल् वर्का २५०, २७०–२७१ पृ.
२०. ह्युग पेर्ज ५८–६० पृ.
राहुल सांकृत्यायनको गढवालको २३६ पृ.
२१. बदरीदत्त पाँडेको कुमाऊँका इतिहासका २५८–४१२ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मागेका थिए[२२] । तर नेपाल चीन दुवै देशसँग व्यापारसम्बन्ध भएको इस्ट इन्डिया कम्पनीले[२३] यस लडाइँमा कसैलाई पनि मदत दिएन र आफू तटस्थ रह्यो[२४] ।

इस्ट इन्डिया कम्पनीले भारतमा राज्य गर्न थालेपछि मद्रासमा तिलङ्गा (तैलङ्गदेशवासी)-हरूलाई पश्चिमी ढाँचाले कवायद सिकाई भारतमा सर्वप्रथम यूरोपको सैन्यपद्धतिअनुसारको फौज जमाउने चलन चलाएको थियो। यसरी जमाइएको पल्टन तिलङ्गा कहाउँथ्यो र पछि अङ्ग्रेजी फौजका देशी सिपाही तिलङ्गा कहिन थालेका थिए[२५] । अङ्ग्रेजी तिलङ्गाको नकल गरी नेपालमा पनि पृथ्वीनारायण शाहको पालादेखि केही फौज जमाउन थालिएको थियो र यस्तो फौजलाई नेपालमा पनि तिलङ्गा भनिन्थ्यो[२६] ।

अङ्ग्रेजी ढाँचाको लुगा लाएका यी तिलङ्गालाई नेपालसँग लड्न आएका चिनिया सेनापतिले भ्रमवश अङ्ग्रेजी सैनिक सम्झे । अनि उनले कम्पनीले कतैपट्टि पनि नलागी मदत नदिएको रहेनछ, उल्टो आफ्नो फौज पठाई यस लडाइँमा नेपाललाई मदत गरेको रहेछ भनी चीनका बादशाह चियनलुङ (राज्यकाल वि. सं. १७९३–१८५२★) कहाँ जाहेर गरी पठाए[२७] ।

---

२२. लिओ ई. रोजको नेपाल् स्ट्र्याट्'इजि फर् सर्‌भिभ्'अल (नेपालको आत्मरक्षार्थको दाउपेच) का ५६–५७, ६७–६८ पृ.

डिल्लीरमण रेग्मीको मड्'अर्न् नेपाल् (आधुनिक कालको नेपालको इतिहास) का १७९–१८० पृ.

२३. विलियम कर्क्‌प्याट्रिकको यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाउल्, बी'इङ् द सब्'स्टन्स् अफ् द अब्‌जर्भे'शन्‌ज् मेड् ड्यूर्'ङ् ए मिश्'अन् टु द्याट् कन्'ट्रि इन् द यर् १७९३ (नेपाल अधिराज्यको वर्णन: वि. सं. १८४९ मा नेपाल गएको दूतमण्डलले त्यहाँ देखेका कुराका सार) को भूमिकाको ७ पृ., परिशिष्ट ३५०, ३५२ पृ.

योगी नरहरिनाथद्वारा सम्पादित इतिहास–प्रकाशमा सन्धिपत्रसंग्रहका २०–२२ पृ.

२४. विलियम कर्क्‌प्याट्रिक ३४९–३५४ पृ.

लिओ रोज ५७–५८, ६७–६९ पृ.

२५. श्यामसुन्दरदासको हिंदी–शब्दसागरको १४१५ पृ.

जयरत्नाकरनाटकमा पिताजी नयराज पन्तको उपोद्‌घातको ३३ पृ.

२६. पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तद्वारा सम्पादित श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३३०, ३९५ पृ.

शक्तिवल्लभ अर्ज्यालद्वारा रचित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित जयरत्नाकरनाटकको ८३ पृ.

★श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १३४९–१३५० पृ.

२७. स्यामुअल टर्नर ४४० पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बेलायतका राजा तृतीय जर्ज (राज्यकाल वि. सं. १८१७–१८७६)[२८] का दूत भई जर्ज म्याकार्ट्नी वि. सं. १८५० को भदौमा चीनका बादशाह चियनलुङको दरबारमा गएका थिए। हाम्रो र नेपालको लडाइँ हुँदा अङ्ग्रेजले नेपाललाई किन मदत गरेको भनी चिनिया अधिकारीहरूले म्याकार्ट्नीसँग सोधपुछ गरे[२९]। हामी नेपाललाई किन मदत गर्थ्यौं, उल्टो आफ्नो फौज पठाई चिनिया सैन्यलाई पो हामीले मदत गरेथ्यौं, पछि पनि चाहिएको खण्डमा हामी चीनलाई मदत गर्न पछि हट्नेछैनौं भनी म्याकार्ट्नीले जवाफ दिए[३०]।

अङ्ग्रेजसँग अप्रसन्न भएका चियनलुङले म्याकार्ट्नीलाई चीनबाट चाँडै नै बिदा गरिदिए[३१]। यस कारण म्याकार्ट्नीको चीनयात्राबाट अपेक्षित लाभ हासिल हुन सकेन[३२]।

भोटमा गृहकलह भएको मौका छोपी चीनले भोटको राजकाजमा हात हालेर त्यहाँ वि. सं. १७८५ देखि आफ्ना प्रतिनिधि र फौज राखी भोटमा शासन गर्दै आएको थियो[३३]। नेपाल–चीनयुद्ध-पछि भारतबाट भोट जाने सम्पूर्ण बाटाघाटा चियनलुङको हुकूमबमोजिम अङ्ग्रेज र अङ्ग्रेजी प्रजाको लागि बन्द गरिए[३४]।

चियनलुङ अङ्ग्रेजसँग अप्रसन्न भएको कुरा थाहा पाएर तृतीय जर्जले वि. सं. १८५२ मा उनलाई चिठी लेखे। सो चिठीमा चीनसँगको लडाइँमा नेपाल फस्दा अङ्ग्रेजले पछिल्तिरबाट नेपालमा हमला गरेको थियो भन्ने झूटो कुरा लेखी चीनसँग सम्बन्ध राख्ने उद्योग गरिएको थियो[३५]।

वि. सं. १८५२ को हिउँदमा[३६] चियनलुङको मृत्यु भएपछि पनि अङ्ग्रेज र अङ्ग्रेजी प्रजालाई

---

२८. मार्गरेट डब्ल्यू. फिशर र लिओ ई. रोजको इङ्ग्लन्ड्, इन्डिअ, नेपाल्, टिबेट्, चाइना—१७६५–१९५८ (वि. सं. १८२२ देखि २०१५ सम्मका बेलायत, भारत, नेपाल, भोट, चीनका राष्ट्रप्रमुख, राजस्थानीय, प्रधानमन्त्री र राजदूतको सूची) का १, ५ पृ.

२९. जर्नल् अफ् द रइअल् एशियाट्इक् ससाइइटिको वि. सं. २०१४ का ३–४ खण्डमा छापिएको अलिस्तेर ल्याम्बको टिबेट् इन् याङ्ग्लो–चाइनीज् रिलेशन्ज् : १७६७–१८४२ भन्ने निबन्धको पहिलो खण्ड। सो खण्डको १७४ पृ.

३०. डिल्लीरमण रेग्मी २२५ पृ.

३१. जोन पेम्बल ६८ पृ.

३२. डिल्लीरमण रेग्मी २०४ पृ.

३३. सेपोन शाकाब्पा १४०–१४४ पृ.

३४. क्लेमेन्ट्स मार्कहम ७९ पृ.

३५. जोन पेम्बल ६८ पृ.

३६. मार्गरेट फिशर र लिओ रोज ३ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोट पस्न नदिने उनको नीति कायमै रहेको थियो । वि. सं. १८६८ मा थोमस म्यानिङ नाउँ गरेका एक जना अङ्ग्रेज भेष फेरी भोट पुगेका थिए । तर म्यानिङलाई भोटमा बस्न नदिनू भनी पेकिङबाट आदेश आएकोले उनले चाँडै नै भोट छोड्नुपरेको थियो[३७] ।

चीनले अङ्ग्रेजहरूलाई भोटमा आउन नदिने भएकोले र नेपालले पनि आफ्नो राज्य गढवालमा प्रवेश गर्ने अनुमति दिने हो कि होइन भन्ने शङ्का भएकोले मुर्क्रोफ्टले सुटुक्क भोट जाने विचार गरे । गोसाईँ कहिले एक थरी संन्यासीहरू नेपाल भएर भोटमा व्यापार गर्न पुग्ने हुनाले[३८] गोसाईँको रूप धरी भोट पुग्न सकेको खण्डमा नेपालसँग अनुमति मागी गढवाल पस्ने, फेरि भोट जाँदा पर्न आउने विभिन्न विघ्नवाधा झेल्नु नै नपर्ने देखी गेरुवा लुगा लाई गोसाईँको रूप लिएका मुर्क्रोफ्ट र हेर्सी वि. सं. १८६९ वैशाख २९ गते नेपाली सरहदमा पसे । उनीहरूले गेरुवा वस्त्रको खोल हाली बन्दूक ल्याएका थिए । उनीहरूको साथमा हर्षदेव जोशी र एकजना पण्डित तथा गुलाम हैदर खाँनाउँका एकजना अफगान सैनिक थिए । उनीहरूको भारी बोकी ३०।३५ जना भरिया आएका थिए[३९] ।

नेपाली सरहदमा पस्नेबित्तिकै हेर्सीले बाटोघाटोको नक्सा बनाउने र हर्षदेव जोशीले बाटो नाप्ने काम थाले । यन्त्र झिकी बाटो नाप्दा नेपालीहरूले शङ्का गरी पक्रलान् भन्ने डरले यन्त्रले बाटो ननापी हर्षदेवको २ पाइलाको ४ फुट (६ पाइलाको ८ हात) मानी बाटो नापिएको थियो[४०] ।

मूलबाटो छोडी अर्कै बाटो हिँडी गढवालको लोहबा भन्ने ठाउँ निस्केर यो छद्मवेषी दल बद्री जाने जात्रुको गोलमा मिसिन गएको थियो । जोशीमठ पुगेपछि बद्री जाने बाटो छोडी पैनखण्ड निस्की मुर्क्रोफ्टहरू भोटतिर लागे । भेष फेरेर आएका अङ्ग्रेजहरू गढवाल छिचोली भोटतिर लागे भन्ने सुइँको गढवालका जिमीदारले पाए । अनि उनले त्यहाँका थानेदारलाई र त्यहाँ रहेको

---

३७. क्लेमेन्ट्स मार्कहम ८० पृ.

३८. जर्ज बोगलको यात्रावर्णनका १२४–१२५ पृ.
कर्क प्याट्रिकको भूमिकाको १ पृ.

किरणचन्द्र चौधरीको याङ्‌ग्लो– नेप्लिज् रिलेशन्ज् फ्रम् दि अर्लिइस्ट् टाइम्ज् अफ् द ब्रिट्इश् रुल् इन् इन्डिअ टिल् द गुर्क वर् (भारतमा अङ्ग्रेजी शासन शुरू भएदेखि नेपालसँग लडाइँ नभएतकको अङ्ग्रेजको र नेपालको सम्बन्ध) का ४०, ६० पृ.

३९. ह्याुग पेर्ज ६९ पृ.
भेक फेरि गेरुवा वस्त्रको षोल हाल्याको वंदूकि ३०।३५ भरियासमेत्
(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

४०. ह्याुग पेर्ज ६९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाली सेनाका अध्यक्ष सुबेदार रत्नसिंह रानालाई यो खबर दिए[४१]।

भेष फेरेका अङ्ग्रेजहरू भोटतिर लागे भन्ने खबर अलमोडामा रहेका गढकुमाउका शासक चौ. बम शाहकहाँ आयो। उनले यो कुरा काठमाडौंमा जाहेर गरी पठाए[४२]।

जोशीमठबाट ९ कोस जति उत्तरपूर्वमा रहेको गढवाल राज्यसँग जोडिएको भोटान्त (हिमाली क्षेत्र) $ नीतीमा जेठ २४ गते मुर्क्रोफ्टहरू आइपुगे। भोटसँग व्यापारसम्बन्ध जोड्न हामी आएका हौं भनी भन्न नसकी मानससरोवर तीर्थ गर्न हामी आएका हौं भनी अघि बढ्ने अनुमति उनीहरूले नीतीका शासकसँग मागे। मानससरोवर जाने चलतीको बाटो यो होइन☛; गेरुवा लुगा लाएर आए तापनि प्रशस्त मानिस लिई हतियार भिरी आएका तिमीहरू कि गोर्खाली हौ, कि फिरङ्गी हौ, भोटका शत्रु तिमीहरूलाई हामी छोड्दैनौं भनी ती शासकले तिनीहरूलाई भोट पस्न दिएनन्। हामीहरू त्यस्तो कुनै खराप विचार लिई आएका नभई खालि मानससरोवर तीर्थ गर्न भनेर मात्र आएका हौं, हामीले आफूसँग केही चीजबीज ल्याएका छौं, यी चीजबीज बेची बाटोखर्च चलाउने हाम्रो विचार छ; हामीले आफूसँग केही हतियार लिएर आएका भए तापनि कसैमाथि आक्रमण गर्ने विचारले यी हतियार लिएर आएका होइनौं, खालि आत्मरक्षाको लागि मात्र यी हतियार ल्याइएका हुन्; हतियार भिरी आएकाले हामीलाई छोड्न तपाईंहरूलाई गाह्रो भएको हो भने हामी यी हतियार यतै छोडेर जान राजी छौं भनी मुर्क्रोफ्टहरूले भन्दा ती शासक केही मत्थर भए र सीमापारका भोटे अधिकृतको अनुमति नआएसम्म १५ दिन जति पर्ख भनी मुर्क्रोफ्टहरूलाई पर्खाइ-राखे। पन्ध्र दिन बितिसकेपछि पनि भोट जाने अनुमति नपाएकोले भोटे अधिकृतले अनुमति नदिएको नभई नीतीके शासकले अलमल्याइरहेको जस्तो मुर्क्रोफ्टहरूलाई लाग्यो। यस कारण मुर्क्रोफ्टले नम्रतापूर्वक नीतीका शासकहरूलाई केही चीजबीज चढाए। यसपछि मुर्क्रोफ्टहरूले भोट पस्ने अनुमति असार १२ गते पाए[४३]।

---

४१. गढकुम्याउको मुलबाटो छोडि गढको लोहबा निस्कि श्रीबद्रिका जात्रुका गोलमा निस्कि श्रीबद्रि नगै पैनषंड निस्की भोटको अम्मलमा गया भनि गढका जीमिदारले वाहिका थानेदार कम्पनिका सुबेदारहरुछेउ भन्दा ···

सुबेदार रत्नसि राना······

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

ह्यु ग पेर्ज ६९–७० पृ.

४२. यही निबन्धको ५५ पादटिप्पणी

$ गढवालको २५१ पृ.

☛ कुमाउको भोटान्त दार्माबाट मानससरोवर जाने बाटो छ। (कुमाऊँ का इतिहासको ६७ पृ.)

४३. ह्यु ग पेर्ज ७०–७१ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असार १९ गते मुर्क्रोफ्टहरू नीतीबाट हिँडी सिमाना नाघी नीतीबाट १५ कोस जति उत्तरमा रहेको भोटको राज्य दाबामा असार २२ गते पुगे। भोलिपल्ट बिहान उनीहरूले दाबाका शासकसँग भेट गरे। यी शासकलाई मुर्क्रोफ्टहरूले ३ गज मिहीन बनाथ, केही चिनी र मरमसला पित्तलको थालीमा हाली कोसेली चढाई त्यहाँबाट अघि बढ्ने अनुमति मागे। उनीहरूको सौगातले फुरुङ्ग परेका यी शासकले त्यहाँबाट २० कोस जति उत्तरपूर्वमा रहेको गार्तोकमा मुर्क्रोफ्टहरूको सिफारिशी चिठी लेखी पठाए। ती यात्रुहरूलाई यता आउन दिनू भनी गार्तोकबाट पठाइएको चिठी असार २७ गतेको दिन दाबामा आइपुग्यो[४४]।

यसपछि असार ३१ गतेको दिन दाबाबाट हिँडी यसको छैटौँ दिन साउन ५ गते मुर्क्रोफ्टहरू गार्तोक पुगे। भोलिपल्ट साउन ६ गते गार्तोकका शासकसँग भेटघाट गरी मुर्क्रोफ्टले पश्चिमी भोटसँग व्यापारसम्बन्ध जोडी शाल बुन्ने ऊन प्रशस्त किने[४५]।

गार्तोकसँग व्यापारसम्बन्ध जोड्ने मुर्क्रोफ्टको मूल उद्देश्य अब पूरा भइसकेको थियो तापनि नीतीबाट भोट जाने अनुमति मानससरोवरका तीर्थयात्रीको हैसियतले उनले पाएकाले अब उनी मानससरोवर जाने भए[४६]। एन्टोनियो अन्ड्राडानाउँका एकजना यूरोपवासी पादरी वि. सं. १६८१ मा मानससरोवर पुगेको कुरा[४७] दुइ सय वर्ष जति पुरानो भएकोले बिर्सिए जस्तो भइसकेको थियो। यस कारण प्रसिद्ध तीर्थ मानससरोवरमा आजसम्म कुनै पनि यूरोपवासीहरू पुग्न सकेका छैनन् भन्ने धारणा व्याप्त भएको त्यस समयमा यूरोपको लागि यो ताल अज्ञातप्राय थियो। यस कारण यहाँ पुगी यसको बयान लेख्न सकेको खण्डमा भुवनकोशका अन्वेषकको रूपमा यूरोपभर आफ्नो नाउँ चल्ने लोभ पनि मुर्क्रोफ्टलाई लागेको थियो। यसैले उनले गार्तोकका शासकसँग मानससरोवर जाने अनुमति मागे। यताउति नलागी सोझै मानससरोवर जानू र फर्कँदा पनि यताउति नगई नीती भएर जानू भन्ने कडा आज्ञाको साथ गार्तोकका शासकले मानससरोवर जाने अनुमति दिए। यसपछि साउन ११ गते मुर्क्रोफ्टहरू गार्तोकबाट मानससरोवरतिर हिँडे[४८]।

मानससरोवर जान हिँडेको यो दल साउन २१ गते रावणह्रद र साउन २४ गते मानससरोवर पुग्यो। भोलिपल्ट २५ गते र पर्सिपल्ट २६ गतेसम्म यो दलले मानससरोवरको किनारामा

---

४४. ह्यु ग पेर्ज ७१–७४ पृ.

४५. ह्यु ग पेर्ज ७४–७५ पृ.

मोरकिरापट् र हासि भोट जांदा व्योपारको बंदवस्त भोटैमां भयाको रहेछ.

(परिशिष्टमा छापिएको २ सङ्ख्याको चिठीबाट)

४६. ह्यु ग पेर्ज ७५ पृ.

४७. क्लेमेन्ट्स मार्क् ह्म ५६ पृ.

४८. ह्यु ग पेर्ज ७५–७६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घुमघाम गऱ्यो । हेर्सीले आफ्नो र मुर्क्रोफ्टको नाउँ त्यहाँ ढुङ्गामा कुँदी यस यात्राको सम्झना चिरस्थायी बनाउने प्रयत्न गरे । यो विशाल तालको निरीक्षण गरेर र त्यहाँका गुफामा बसेका साधु संन्यासीहरूसँग भेटघाट गरी यो दल २७ गते त्यहांबाट फर्क्यो[४९] ।

मानससरोवरबाट फर्की भदौ ९ गते[५०] दाबा आइपुगेका मुर्क्रोफ्टहरूलाई त्यहाँका शासकले पक्रन खोज्दा जुहारभोटका शासकपरिवारका अङ्ग्रेजसँग मिलेका देवु बुडाले १० हजार रुपियाँ धनजमानी राखी उनीहरूलाई छुटाए[५१] । यसपछि भदौ १३ गते दावाबाट हिँडी[५२] मुर्क्रोफ्टहरू कुमाउको उत्तरतिर हिमालभेकमा रहेको नेपालको आश्रित राज्य जुहारभोटमा[५३] आइपुगे ।

कुमाउका वासिन्दाहरूले जुहारभोटेहरूसँग सुहाग आदि चीजबीज किनी मधिसेहरूलाई वेच्ने गरेका थिए । यस व्यापारबाट नेपाल राज्यका जानपद कुमाउवासीहरूलाई प्रशस्त फाइदा थियो । नेपाली प्रजाले बीचमा खाने नाफा आफैँले खाने विचारले मुर्क्रोफ्टहरूले यस वेला जुहारभोटेहरूसँग सोझै व्यापारसम्बन्ध जोडे[५४] ।

मुर्क्रोफ्टहरू भोटमा त निर्विघ्न पुग्लान्, तर फर्कँदा नेपालमा पक्राउ पर्ने पो हुन् कि भन्ने डर लागेकोले घोडा खरीद गर्न र सैर गर्न भनी डा. मुर्क्रोफ्ट भोटतिर गएका छन्, उनीसँग कप्तान हेर्सी पनि गए होलान्, तिनीहरू भोटबाट फर्कँदा कम्पनी र नेपालको मित्रताको ख्याल राखी बहुतै सम्भारसित तिनीहरूलाई सिमानासम्म पुऱ्याइदिनुहोला भनी बरेलीबाट हाक्निसले वि. सं. १८६९ भदौ १९ गते साखुल्ले भई वम शाहलाई चिठी पठाए । यो चिठी असोज १५ गते बम शाहको हात पऱ्यो । यसपछि भेष फेरी लुकेर आएका अङ्ग्रेज भनी जाहेर गरी पठाएको त फलाना फलाना साहेब

---

४९. ह्यु ग पेर्ज ७६–७७ पृ.

५०. ह्यु ग पेर्ज ७७ पृ.

५१. कुमाऊँ का इतिहास ७६ पृ.

५२. ह्यु ग पेर्ज ७७ पृ.

५३. पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निवन्ध । सो अङ्कका ५३–५४, ५६–५७ पृ.

५४. भोटचा फेरंगीको भेट भं ब्योपार जोरियापछि हाल रयेति महाजन्को रोजि मर्न्या र पर्नाम घटियें फल लाग्न्या काम हुन्छ······सुहागको बंदबस्त गर्नुपर्न्या पनि छ. १।२ अरु कुरा पनि छन्. त यहां आ भनि बिजैसिलाइ अल्मोडामां झिकाइ पठाउदा अल्मोडा आईपुग्योथ्यो. बिजैसि बुढाछेउ जुहारका भोटबाट फेरंगीसित जिन्सि ब्योपारको बंदबस्त भोटचाहरुले आफै गर्न लायाको रुपैया पनि लियाछन्. येस्तो कुरा गर्नु भनि तिमिहरुछेउ कस्ले भन्याको थियो भनि भन्दा

(परिशिष्टमा छापिएको २ सङ्ख्याको चिठीबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पो रहेछन् भनी उनले हाक्निसको चिठीसमेत खामी काठमाडौंमा लेखी पठाए[५५]।

कर्णप्रयागबाट ४ कोस जति फरकमा रहेको[५६] चाँदपुरमा आइपुगेका मुर्क्रोफ्टहरूले असोज २७ गतेको दिन त्यस प्रदेशका नेपाली अधिकृत बन्देउ थापासँग भेट गरे। नेपाली प्रदेशबाट जाँदा तपाईंहरू कति कारणले भेष फेरी जानुभएको हो भनी बन्देउ थापाले उनीहरूलाई सोधे। भेष नफेरी आएको भए हामी भोट जान पाउँदैनथ्यौं; त्यसमाथि हामीले कुनै खराप काम गरेका छैनौं; नेपालीहरू आफूखुशीसँग कम्पनीको मुलुकमा घुम्न पाउँछन् भने हामीले चाहिँ नेपालको मुलुकमा किन घुम्न नपाउने भनी मुर्क्रोफ्टले बन्देउ थापालाई ठाडो जवाफ दिए[५७]।

सत्तरी वर्षका बूढा बन्देउ थापाको मुखमा बुजो लाई मुर्क्रोफ्टहरू कर्णप्रयाग पुगे। रामगङ्गाको किनारा मेहलचौर भन्ने ठाउँमा मुर्क्रोफ्टहरू कार्तिक १ गते आइपुगे। नेपालसरकार र कम्पनीसरकारमा दोस्ती हुँदाहुँदै पनि नेपालसरकारलाई खबरसम्म नगरी यसरी भेष फेरी तपाईंहरूले चोरबाटोबाट जान हुँदैनथ्यो; गइहाल्नुभयो, अब केही काल यतै बस्नुहोस्, सरकार साधीकन मात्र हामी तपाईंहरूलाई छोड्छौं; कम्पनीसरकारसँग नेपालसरकारको दोस्ती भएकोले सरकारबाट राम्रै

---

५५. १ पैले तारीष माह् सतंबर सन १८१२ ईसबिमा लेषीयाको बरेलिबाट हाकनिस साहेबले डाकतर मोरकिरापट् साहेब घोडाको षरिद गर्न र सैर गर्न भोटतरफ गयामा कप्तान हासि साहेब पनि गयो हो. ति फिर्दा दोस्तिका राहाले बहुतै सम्भारसित सिवानासम्म पुऱ्याईदिनु भनि लेषिपठायाको षत आस्विनवदि ८ मितिमा ईहा आउदा भेक फेरि छपिकन गया भनि अघि षबर आयाको त फलाना फलना साहेब रह्याछन् भनि सर्कारमा अर्जि लेषि बिजनिससमेत् चऱ्हाई पठायाथ्या.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

५६. गढवालको ३३४ पृ.

५७. ह्यु ग पेर्ज ७८ पृ.

यहाँ नेपाली अधिकृतको नाउँ बन्दा थापा लेखिएको छ। बन्दा यो नाउँ अप्ठ्यारो र यो नाउँ भएका भारादारको उल्लेख तात्कालिक लेखहरूमा नदेखिएकोले र वीर भक्ति थापाका दाजुको नाउँ बन्देउ थापा देखिएकोले (पूर्णिमा २१ पूर्णाङ्कमा छापिएको वीर भक्ति थापा भन्ने निबन्ध। सो अङ्कको ४० पृ.) मैले यी भारादारलाई वीर भक्ति थापाका दाजु बन्देउ थापा ठहराएको छु। वि. सं. १८७२ वैशाख ६ गते देउथलको लडाइँमा पर्दा भक्ति थापाको उमेर ७० वर्षको देखिएकोले (सूर्यविक्रम ज्ञवालीको अमरसिंह थापाका १०२–१०४ पृ.) र वि. सं. १८६९ मा मुर्क्रोफ्टसँग भेट्दा बन्देउ उमेर थापाको ७० वर्ष थियो भनी ह्यु ग पेर्जले लेखेकाले (ह्यु ग पेर्ज ७८ पृ.) पनि मेरो अनुमानलाई बल दिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुकूम आउला भनी मेहलचौरका थानेदारले मुर्क्रोफ्टहरूलाई सम्झाई बुझाई त्यहीं रोक्न खोजे[५८]।

भोलिपल्ट बिहान भरेको बन्दूक सोझ्याई मुर्क्रोफ्टले जान खोजेकाले चौकीदार सिपाहीहरूले बन्दूक खोसी मुर्क्रोफ्ट र हेर्सीलाई डोरीले बाँधे; अरूहरूलाई चाहिँ ठिँगुरामा हाले। उनीहरूको मालताल पनि जफत गरियो। पछि त्यहाँ पुगी सुबेदार रत्नसिंह रानाले मुर्क्रोफ्ट र हेर्सीलाई फुक्का पारी अरूहरूलाई चाहिँ ठिँगुरामै हाली राखे[५९]।

यसपछि रत्नसिंह रानाले बम शाहकहाँ यो कुरा लेखी पठाए। आफूलाई नेपाली सिपाहीहरूले बाँधेर राखेकोमा विरोध प्रकट गरी मुर्क्रोफ्टले बम शाहकहाँ र यमुनापारिको नेपाली प्रदेशका शासक बूढाकाजी अमरसिंह थापाकहाँ पनि हिन्दीमा चिठी लेखी पठाए। चिठी हात परेपछि ठिँगुरामा हालिएकालाई ठिँगुराबाट झिकिदिन; मुर्क्रोफ्टहरूलाई खुशीराजीसँग कुमाउको पाली भन्ने ठाउँमा ल्याई राख्न; सके मै त्यहाँ आउँला, नसके छोरालाई पठाउँला भनी बम शाहले २ जना जमादारको हातमा रत्नसिंह रानाकहाँ खबर पठाए। अङ्ग्रेजहरू गुप्त भेषले नेपाल भई भोट पुगी आएको र चौकीदारहरूलाई नटेरी बलजफतीसँग जान खोजेको कुरा थाहा पाएपछि पनि त्यस वेलाको नेपालको नीति अङ्ग्रेजलाई नचिढाउने भएकोले बम शाहले मुर्क्रोफ्टहरूसँग कडा व्यवहार गरेनन्। मुर्क्रोफ्टहरू भेष फेरी नेपाल भई भोट पुगेको, फर्कंदा नेपाली चौकीदारहरूले उनीहरूलाई पक्रेको कुराको सविस्तर वर्णन गरी रत्नसिंह रानाले र मुर्क्रोफ्टले आफूलाई लेखेका चिठीसमेत खामी बम शाहले

---

५८. ह्यु ग पेर्ज ७८ पृ.

थानेदारले अंरेजको र हाम्रा षामिन्दको येत्रो दोस्तिमा भेक फेरि मुलबाटो नगै जान्याको हो. येस्ताको त तहकित गर्न्या हो भनि भोटतरफबाट फर्कदा गढका थानेदारले तिनहेरुछेउ तिमिहेरुले भेक फेरि सदर सर्कार नईतलाई तिमीले जान उचित् थीयेन. गयौ तपनि हामि थानेदार हौ. सर्कारमा बिंति गरि छोडन्या हाम्रो धर्म्म छ. अब तिमि जाहा बस. हामि सर्कारमा बिंति गरि पठाउछौ. दोस्तीका राहाले सर्कारबाट पनि बेसै पाठको हुकम आवला भनि भन्दा बहुतै तरहसग बुझाउदा तिनिहेरुले नमानि आयाछन्.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

५९. भोलिपल्ट बेहान साहेब मजकुरले हात्मा भर्याको बन्दूक लि चौकिदार सिपाहिले थामदा थाददै नमानि बलसित गै बंदूकको कलसमेत चढाउदा बन्दूकको कल समाति षोसि सिपाहिले सबैलाई समात्याछन्. ठिगुरामा हाल्याछन्. साहेब मजकुरलाई बाध्याछन्. सुबेदार ताहा पुगि साहेबलाई फोयापछि

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

ह्यु ग पेर्ज ७८–७९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काठमाडौँमा जाहेर गरी पठाए[६०] ।

ती जमादारहरू त्यहाँ पुगेपछि ठिँगुरामा हालिएकाहरू ठिँगुराबाट झिकिए र मुर्क्रोफ्टहरूको जफत भएको मालताल पनि उनीहरूले फिर्ता पाए। यसपछि उनीहरूलाई मेहलचौरबाट पालीतिर चलान गरियो[६१] ।

अङ्ग्रेजको र हाम्रो पहिलेदेखिको दोस्ती हुँदाहुँदै पनि खबरसम्म नगरी अङ्ग्रेजहरूले भेष फेरी नेपाल पस्नु उचित थिएन; अबउप्रान्त यस्तो काम नगर्नू भनी सम्झाई चेताई उनीहरूको मालताल उनीहरूलाई नै फिर्ता दिई उनीहरूलाई कम्पनीको मुलुकमा पठाइदिनू भनी काठमाडौँबाट बम शाहलाई चिठी आयो। हाकुनिसको चिठीसमेत खामी बम शाहले पठाएको चिठीको जवाफमा यो चिठी लेखिएको थियो। यसपछि यो निर्देशअनुसार काम गर्नाको लागि बम शाहले आफ्ना छोरा लक्षवीर शाहिलाई पाली पठाए[६२] ।

पालीमा गई लक्षवीर शाहिले मुर्क्रोफ्टलाई भेटे। मित्रदेश नेपालमा आउँदा नेपाल-सरकारलाई खबर नगरी तपाईँहरूले भेष फेरी जानु उचित थिएन; अघिबाट खबर नगरे पनि

---

६०. साहेब मजकुरले आफु भोट पुग्याको र फर्कि आई तेस जगामा आई बाधियाको विस्तार दोस्तिका जगामा येस्तो हुन्या होईन भनि मलाई हिंदबि चिठि र पंले भयाको विस्तार र माथि लेष्याबमोजिम् सुबेदार रत्नसि रानाले मलाई लेष्याका दूबै चिठि बिजनिस् डाकमा सर्कारका चन्हाई पठाई यो कुरा सिपाहिहेरुले बेजाय गर्‍या. ठिगुरामा हाल्याका सिपाहिलाई षोल्नु. साहेब मजकुरलाई कुह्याउका अम्मल् पालिमा ल्याई षुजिराजिसग राषि पालिमा आयापछि मुष म आउला. नभया छोरालाई पठाउला भनि जांहाबाट २ जमादारलाई पठायाथ्या.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

ह्यु ग पेर्ज ७९ पृ.

६१. २ जमादार वाहा पुगि ठिगुरा प(न्य.)कालाई फोई असबाप् सबं उन्का सपुर्त गरि कुह्याउको अम्मलमा ल्याउदा

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

६२. साहेब मजकुर कुह्याउको अम्मलमा आया भंन्या षबर आउदा छोरालाई पठाउन्या बषतमा सर्कारबाट हाकिनिस साहेबको षत बिजनिस चन्हाई पठायाका प्रतिउत्तर मोहरमा साहेबान अंरेजको र हाम्रो कदिमदेषिको दोस्तिमा नईतलाई भेक फेरि जान्या उचित होईन. अब आजदेषि योस्ता काम नगर्नु भनि सम्झाई चेताई असबापसमेत् अंरेजको मुलकमा पठाईदिनु भनि हुकम आउदा हुकमबमोजिम सम्झाई सम्भारसग पठाउनु भनि छोरा लक्षविर साहिलाई अन्हाई भेटना-निमित्ये पठायाथ्या.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भोटबाट फर्केर आएपछि हामी यो कामको लागि भोट गएथ्यौं; यहाँ आइपुग्यौं भनी नेपालसरकार-लाई वा चौतरिया (बम शाह) लाई लेखेको भए पनि यस्तो नराम्रो हुन पाउने थिएन भनी लक्षवीर शाहिले मुर्क्रोफ्टलाई भने। चौकीदार सिपाहीहरूले सरकारको हुकूमबेगर तपाईंहरूलाई बाँध्नु बेमुनासीब हो; हामी ती सिपाहीहरूलाई सजाय गर्छौं भनी लक्षवीर शाहिले भन्दा जे हुनु भयो, भैगो, अब ती चौकीदारहरूलाई सजाय गर्नुपर्दैन भनी मुर्क्रोफ्टले जवाफ दिए। तपाईंले सजाय गर्नुपर्दैन भनी भन्नुभए तापनि नेपालसरकारले यिनलाई अवश्य सजाय गर्छ भनी लक्षवीर शाहिले मुर्क्रोफ्टसँग लोलोपोतो गरे[६३]।

स्वदेशमै भोटे भेंडाबाखा हुर्काई शाल बुन्ने ऊनको व्यवसाय गर्ने अङ्ग्रेज शासकहरूको अधूरो इच्छा पूरा गर्नाको लागि भोटबाट मुर्क्रोफ्टले पचासभन्दा बढी भेंडाबाखा ल्याएका थिए। वि. सं. १८४० मा टर्नरले भोटबाट ल्याएका यस्ता भेंडाबाखा कलकत्ताको गर्मीमा र इङ्ल्यान्डको सर्दीमा पनि बाँच्न नसकी मरेको कुरा सुनेका मुर्क्रोफ्टले यिनलाई स्कट्ल्यान्ड वा वेल्समा पठाई त्यहाँ यिनको वंशवृद्धि गर्ने विचार गरेका थिए[६४]। भोटबाट शाल बुन्ने ऊन आदिको भारी बोकी आएका यी जन्तुहरू मुर्क्रोफ्टहरूभन्दा केही पछाडि रहेका थिए। अहिले यी भेंडाबाखाहरू पालीमा झिकाइए। मुर्क्रोफ्टको राम्रो आतिथ्यसत्कार गरी २ जना जमादार र केही सिपाहीलाई उनलाई सिमानासम्म पुऱ्याई आउनू भनी अह्राई लक्षवीर शाहिले मुर्क्रोफ्टलाई शिष्टाचारपूर्वक कार्तिक २३ गते बिदा गरे। अनि उनी अलमोडा फर्की आए[६५]।

---

६३. छोरा पालि पुगि साहेब मजकुरसित —— —— मा भेट गरि दोस्तिको जगामा सदर सर्कारमा नईतलाई भेक फेरि जान्या तम्रो पनि उचित् होईन. मुष्ये जानैमा पनि ईतलायकन जान्या हो. भोट्बाट फीऱ्यापछि हमि येस कामलाई गयाथ्यु. फलाना ठाउमा आईपुग्यु. मुषे सर्कारमा र तत्पर चौत्रीयालाई लेष्याको भया पनि येस्तो हुन्या थीयेन. चौकिदार सिपाहिले पनि विनासर्कारको हुकम बाधन्या काम गऱ्याको बहुतै बेमुनासिफको छ. हमि सासना गर्छौं भन्दा साहेबले अब ज्या हुनु भयो. सासना गर्नुपर्दैन भन्दा अँले तिमिले ईन्को सासना नगर्नु भन्यौ तपनि सदर सर्कारबाट ईनको सासना हुन्यैछ भनि

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

६४. जोन पेम्बल ७० पृ.

६५. सर्श्रेष्टाचार गरि मेजमानि दि पछि रह्याको बोफि चौरि बाष्रा झिकाई सिवानासम्म पुऱ्याउनाको ताकिति गरि साथको असबाप्समेत् रस्तामा सह्यारसम्भारसित सिवानासम्म पुऱ्याउनु भनि २ जमादार सिपाहि गं॰हलाई पठाई छोरा आहा आयोथ्यो.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

ह्यु ग पेर्ज ७९ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिमानामा पुगेपछि मुर्क्रोफ्टले आफ्नो साथमा आएका ती २ जमादारलाई काशीपुर (कुमाउको तराई)सम्म साथै लगे । त्यहाँ पुगेपछि मुर्क्रोफटले ती जमादारहरूलाई बिदा गरी पठाए[६६] ।

मुर्क्रोफ्ट पक्रिएको खबर इस्ट इन्डिया कम्पनीको राजधानी कलकत्ता पुगेपछि जातजातका घोडा र शाल बुन्ने ऊन हुने भेंडाबाख्राको खोजी गर्न म उत्तरतर्फको मुलुकमा गएको थिएँ, त्यहाँबाट कम्पनीको मुलुकमा आउँदा नेपालको मुलुकमा नआई अर्को बाटो नभएकोले कर्णप्रयागबाट हिँडी चिल्किया नपुग्दै रामगङ्गाको किनारा मेहलचौर भन्ने ठाउँमा म आइपुग्दा मलाई शमशेर रानाका मानिसले कैद गरी डोरीले बाँधे भनी मुर्क्रोफटले हामीलाई लेखे; मित्रदेशमा यस्तो अन्याय हुनु मनासीब होइन; यस कारण गढकुमाउका भारादारसँग यस विषयका कुरा बुझ्नुहोस् भनो कम्पनीका गभर्नर जनरल मिन्टोले कलकत्तामा बसेका नेपाली राजदूत कृष्ण पण्डितसँग भनेकाले कृष्ण पण्डितले बम शाहलाई एक, त्यहाँका २ काजीलाई संयुक्त रूपमा एक र त्यहाँका २ सरदारलाई संयुक्त रूपमा एक गरी यस विषयमा सोधनी गरी जम्मा ३ चिठी वि. सं. १८६९ कार्तिक २५ गते पठाए। जासूसी गर्न र अरू केही गोलमाल गर्न मुर्क्रोफ्टहरू त्यतातिर गएको चाल पाई नेपालसरकारको हुकूमबमोजिम उनीहरूलाई कैद गरेको भए बढियै भयो; सरकारको हुकूमबेगर तथा मुर्क्रोफ्टहरू पनि खालि घोडाहरूकै खोजीको लागि मात्र त्यहाँ गएका हुन् भने सरकारको हुकूमबेगर यहाँ आउन पाइँदैन भनी तिनीहरूलाई पठाइदिनु मात्र पर्थ्यो भनी कृष्ण पण्डितले बम शाहलाई लेखेका थिए[६७] ।

---

६६. सिवानामा पुग्यापछि २ जमादारलाई कासिपुरसम्म जानुपर्छ भनि लैगि कासिपुरबाट बिदा गरि पठायेछन्.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

६७. मिस्त मोरकिरापट् साहेब जातजातका घोडाको र साल बंन्या बाषाभेडाको षोज गर्नानिमित्ये उत्तरतरफका मुलकमा गयाको थीयो. साहेब मजकुरका लेषनाले मालुम भयो कि उताबाट फर्कर कम्पनिका मुलकमा आउदा नेपालको मुलकमा नआई अर्को बाटो रहेनछ र साहेब मजकुर गढका मुलुक कर्नप्रयागबाट हिडि चिल्क्या नपुग्दै रामगंगाको किनारा मेहलचौरनामे जगामा आई सम्सेर रानाका तरफका मानिस आई साहेब मजकुरलाई कैद गरि डोरिले हातगोडाहरु बाध्याछन्. दोस्तिको जगामा येस्तो बेजाय गर्नु मनासिब होईन. गढकुम्हाउको भारादारलाई लेष भनि लाट्साहेबले भन्दा लेष्याको छ. साहेबहेरुले चर्चो बुझ्न या अरु केहि बषेडा गर्न गयाको मालुम भयेर नेपालका हुकममाफिक कैद गन्याको भया बढियै भयो. सर्कारबाट मर्जि गयाको छैन. साहेब पनि सिरिफ माथि लेष्याका घोडाहरुका तलासका निमित्ते मात्रै गयाको हो भन्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी चिठी फर्रुखाबादमा आइपुगेपछि अवधबाट हात लाएका प्रदेशहरूमा कम्पनीसरकारका प्रतिनिधि भई फर्रुखाबादमा बसेका(*) एड्वर्ड कोल्ब्रुकले आफ्नो चिठीसमेत खामी ती चिठी अलमोडामा पठाइदिए । यी चिठी बम शाहको हातमा वि. सं. १८६९ मङ्सीर २७ गते परेपछि सबै कुरा बयान गरी पसिपल्ट २९ गते उनले कृष्ण पण्डितलाई चिठी लेखे[६८] ।

खबरसम्म नदिई भेष बदलेर मित्रदेशमा पसी बन्दूक सोझ्याई बलजफती गरेर जान खोजी अङ्ग्रेजहरूले मित्रतामा बाधा पुऱ्याउने काम गरे तापनि हाम्रो तर्फबाट भने मित्रतामा धक्का लाग्ने काम गर्नु हुँदैन; यस कारण त्यसरी आएकाहरूलाई थानेदार चौकीदारले छेक्ने रोक्ने काम गर्नु त मनासीब हो; बाँध्ने कामचाहिँ चौकीदारहरूले गर्नु हुने थिएन; अङ्ग्रेजहरूलाई आफ्नो मालताल लिई जान देऊ; चौकीका ती सिपाहीहरूले बदमासी गरेकाले तिनीहरूलाई नेल ठोकी यहाँ पठाइदेऊ भनी काठमाडौँबाट मलाई लेखी आएको हुनाले मैले सोहीबमोजिम ती चौकीदारहरूलाई नेल ठोकी काठमाडौँतिर चलान गराएँ भनी बम शाहले कृष्ण पण्डितलाई सो चिठीमा लेखेका थिए[६९] ।

बेनेपालका हुकम हामि येस मुलकमा कसैलाई आउन दिदैनु भनि निकासिदिन्या हो भनि लेषनुभयाका अर्थकन

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

यही निबन्धको ६८ पादटिप्पणी

(*) पेपर्ज् रिस्पेक्टइङ् द नेपाउल् वर्को २५० पृ.

६८. ६९ सालका पौष महिनाभरका सर्वत्रका मसौदा

मार्गशुदि ८ रोज ६ मा श्री ६ माहिला गुरुज्यूलाई लेष्याका चिठिको मसौदा

उप्रान्त कार्त्तिकसुदि ४ मा लेषनुभयाको पत्र फर्काबादबाट कमूलबुरुक साहेबले आफ्ना षतभित्र हालि पठाईदियाको मेरा नाउको र २ काजि २ सर्दारका नाउको ३ चिठि मार्गशुदि ५ रोज ४ मा आईपुग्यो··· ··· ··· ··· ···ताहा अब पनि ई कुरा पऱ्या भन्या सोहि पाठको कुरा गर्नुभया बढिया होला.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

६९. साहेब मजकुर कासिपुर पुग्यापछि मेहलचौरबाट साहेब मजकुरले र सुबेदार रत्नसिं रानाले मलाई लेष्याको चिठि बिजनिस र अर्जि सर्कारमा चऱ्हाई पठायाको प्रतिउत्तर हुकम आईपुग्यो. दोस्तिको जगामा भेक छपाई जान्या काम बेजाय हो. छिपि भेक बदलि जान्या आउन्यालाई थानेदार चौकिदारले काहि पनि छेकन्या थुनन्या रोकन्या मुनासिफै हो. अघि जादा हमिले थाहा नपाई गयाथ्यौ तपनी अब त सर्कारमा तिनाईतलाई जान हुदैन भनि चौकिमा रहन्या सिपाहिले भन्दा नमानि बल गरि बन्दुकसमेत् तयार गरि जान्या होईन. दोस्तीमा उनबाट तेस्तो काम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कष्ट सही भोटसँग व्यापारसम्बन्ध जोड्न तथा भोट र नेपालका बाटाघाटा आदि विषयका प्रामाणिक ज्ञान हासिल गर्न सफल भएका मुर्क्रोफटले कम्पनीसरकारबाट आफ्नो निकै कदर हुने भास गरेका थिए। तर आफूसँग स्वीकृति नलिई मुर्क्रोफटले यो यात्रा गरेकाले र फर्कंदा नेपालमा पक्राउ परी नेपालसँगको सम्बन्धमा धक्का पनि पर्न जाने खण्ड परेकोले गभर्नर जनरल मिन्टोले यस काममा प्रसन्नता देखाएनन्[७०]। रणजित्‌सिंहले पञ्जाबमा आफ्नो शक्ति बढाउँदै लगेपछि गार्तोकबाट अमृतसरका व्यापारीहरूले शाल बुन्ने ऊन किन्न शुरू गरेकाले यसमा कम्पनीसरकारले पनि हात हाल्दा रणजित्‌सिंहसँगको सम्बन्धमा खलल पर्न जाने भएकोले यस व्यापारमा मिन्टोले चाख देखाएनन्[७१]।

आफ्नो आश्रित राज्य भोटमा अङ्ग्रेजलाई पस्न नदिने चीनको नीति भएकोले चीनसँगको सम्बन्धमा खलल पर्ला भन्ने डरले मिन्टोले अंग्रेजहरूलाई भोट पस्ने अनुमति दिने काम गरेका थिएनन्। यसको उदाहरणको रूपमा वि. सं. १८६८ मा थोमस म्यानिङले मिन्टोसँग कम्पनी-सरकारको प्रतिनिधिको हैसियतमा भोट जाने अनुमति माग्दा मिन्टोले उनलाई अनुमति दिएका थिएनन्[७२] र म्यानिङ साधारण यात्रीको रूपमा भोट पुगेको र पछि त्यहांबाट निकालिएको[७३] कुरालाई औंल्याउन सकिन्छ।

गऱ्या तपनि हामिवाट् दोस्तिसिबाय दोश्रो बात गर्नु छैन. रोकन्या काम मात्र हो. पक्रन्या काम चौकिदारले बेजाय गऱ्याछन्. अंरेज साहेबहेरुलाई सैअसबाप बुसिसाथ जान देउ. चौकिमा रहन्या सिपाहिलाई पक्री बेडि हालि हम्रा हजुरमा पठाईदेउ भन्या हुकम आउदा हुकमबमोजिम बेडि हालि पठायौ.

(परिशिष्टमा छापिएको १ सङ्ख्याको चिठीबाट)

तपाईंहरुलाई पक्रने चौकीदारहरूले हुकूमबमोजिम अवश्य सजाय पाउँछन् भनी लक्ष-बीर शाहिले पहिल्यै भनेको देखिएकोले र उतापट्टि लुकिचोरी आउने जानेलाई थाहा नपाए जस्तो गरी मानिस लाएर सिद्धचाइदिनू (*) भन्ने निर्देश बम शाहले काठमाडौंबाट पाएको देखिएकोले ती चौकीदारहरूले सजाय पाएको कुरा सत्य नभई खालि अङ्ग्रेजलाई खुशी पार्न कथेको देखिन्छ।

७०. जोन पेम्बल ८४–८५ पृ.

७१. जोन पेम्बल ७०–७१ पृ.

७२. थोमस म्यानिङको यात्रावर्णन २१८ पृ.

७३. यही निबन्धको ३७ पादटिप्पणी

(*) ब्योपारका अर्थकन तेस्तो गरी लुकिचोरी आउन जान लाग्यो भन्या आफुले चाल नपाया जस्तो गरीकन मानिस् लाइर १।२ जनालाई साफ गरिदिया फेरि तेसो गर्न सकैन ····· भनि हुकम आयो.

(परिशिष्टमा छापिएको २ सङ्ख्याको चिठीबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छिमेकी राज्य बेलायत र फ्रान्सको बीचमा धेरै कालदेखि झगडा थियो[७४] । भारतमा अङ्ग्रेज र फ्रान्सवासी दुवै थरीले राज्यविस्तार गरेका थिए तापनि भारतमा फ्रान्सको आधिपत्य कम पार्न अङ्ग्रेजहरू सफल भएका थिए[७५] । यस कारण भारतमा अङ्ग्रेजलाई हराउन फ्रान्स दाउ खोजिरहेको थियो । यसै विचारअनुसार पहिले मिश्र जिती अनि त्यहाँबाट भारत हान्ने विचारले फ्रान्सका सेनापति नेपोलियन बोनापार्टले वि. सं. १८५५ मा मिश्रमा हमला गरे । तर अङ्ग्रेजी सैन्यले नेपोलियनलाई त्यहाँ हराइदिएकोले भारतविजय गर्ने फ्रान्सको इच्छा अधूरै रहन गएको थियो[७६] । फ्रान्सका सम्राट् नेपोलियन बोनापार्टले वि. सं. १८६४ मा रूसलाई आफ्नो पक्षमा मिलाई रूसका सम्राट् अलेक्जेन्डरसँग सन्धि गरे[७७] । रूसबाट भारत नजीकै भएकोले रूससँग मिली फ्रान्सले भारतमा आक्रमण गर्ने डर बढ्न गएको थियो यसैले इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल मिन्टोले कम्पनीको राज्य र रूसको राज्यको बीचमा पर्ने पञ्जाब, अफगानिस्तान र फारस आदि राज्यलाई आफूपट्टि मिलाउने प्रयत्न गरे ; यसको साथसाथै अरू भारतीय राज्यसँग पनि लडाईं नखोल्ने नीति उनले लिएका थिए[७८] । वि. सं. १८६७ मा रूस र फ्रान्समा फाटो परेपछि[७९] फ्रान्सले भारतमा हमला गर्ने डर अलि कम भयो । तर वि. सं. १८७० सम्म अर्थात् रूसलाई नेपोलियनको विरोधमा अङ्ग्रेजले आफ्नो पक्षमा मिलाउन नसकेसम्म[८०] क्या हो, क्या हो, रूस र फ्रान्स मिली भारतमा हमला गरिहाल्छन् कि भन्ने डर मिन्टोलाई लागिरहेकोले उनी यस ताका भारतीय भूमिमा लडाईं खोल्न सक्ने अवस्थामा थिएनन् । यसैले यस वेला नेपालसँगको र रणजित्सिंहसँगको राम्रो सम्बन्धको कम्पनीसरकारलाई निकै आवश्यकता भएकोले मुर्क्रोफ्टको कामलाई प्रोत्साहन दिन मिन्टो असमर्थ थिए ।

मुर्क्रोफ्टको यो यात्राबाट कम्पनीसरकारले तत्काल फाइदा नउठाए तापनि यस घटनाको २ वर्षपछि वि. सं. १८७१ मा नेपालसँग लडाईं खोल्दा नेपालको परिस्थिति बुझ्न मुर्क्रोफ्ट र हेर्सीले आर्जेका अनुभवबाट प्रशस्त फाइदा उठाएको थियो भन्ने कुरा कम्पनीसरकारका उच्च

---

७४. ब्र. न. मेहताको आधुनिक योरोपको पूर्वार्ध छैटौं संस्करणका ४३–४६, ६९, १०१, १०९–११० पृ.

७५. ईश्वरी प्रसाद र शरदकुमार सूबेदारको अर्वाचीन भारत का इतिहास का ४६–६६ पृ.

७६. आधुनिक योरोपका ११२–११६ पृ.

७७. आधुनिक योरोपको १३९ पृ.

७८. अर्वाचीन भारत का इतिहासका १४९–१५८ पृ.

७९. आधुनिक योरोपका १५०–१५३ पृ.

८०. आधुनिक योरोपको १५६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अधिकृत र हेर्सी मुर्क्रोफ्टका बीच भएका प्रशस्त चिठीपत्रबाट हामी बुझ्न सक्छौं"[८१] । कुमाउ कब्जा गर्न आउने अङ्ग्रेजी सेनाका एक सेनापति भई हेर्सी आएकाले[८२] कम्पनीसरकारले यस यात्राबाट फाइदा उठाएको कुरा स्पष्ट छ ।

परिशिष्ट

मुर्क्रोफ्टको यो यात्रासँग सम्बन्ध भएका २ पत्रलाई कालक्रम मिलाई यहाँ प्रकाश गरिएको छ । वर्तमान नेपाली भाषामा बेचलती जस्ता भएका शब्दका अर्थ, स्थानपरिचय र ऐतिहासिक विषयलाई स्पष्ट पार्नाको लागि आवश्यक टिप्पणी पनि पत्रसाथै यहाँ प्रकाश गरिएका छन् ।

१ सङ्ख्या

बम शाहले कृष्ण पण्डितलाई

वि. सं. १८६९ मङ्सीर २९ गते लेखेको चिठी

(पछाडिपट्टि)

६९ सालका पौष महिनाभरका सर्वत्रका मसौदा

श्री

मार्गशुदि ८ रोज ६ मा[१] श्री ६ माझिला गुरुज्यू[२]लाई लेष्याका चिठीको मसौदा

---

८१. यी चिठीपत्र पेपर्ज् रिलेटिङ्ग् द नेपाउल् वर्का ४७–५१, ५२–५९, ७६–९३, २५२–२५३, २८६–२८८ पृ. मा छापिएका छन् ।

८२. पूर्णिमा १ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वि. सं. १८७१–७२ को नेपाल–अङ्ग्रेजयुद्धमा नेपालले हार्नामा एउटा ठूलो कारण भन्ने निबन्ध । सो अङ्कको ५० पृ.

१. वि. सं. १८६९ मार्गशुक्ल

गते	बार	तिथि	घडी	पला
मङ्सीर २९	शुक्र	अष्टमी	४९	१८

(पात्रोबाट)

२. माझिला गुरुज्यू = कृष्ण पण्डित ।

यी कृष्ण पण्डित गुरुज्यू जयमङ्गल पौडेलका नाति, गुरुज्यू व्रजनाथ पौडेलका छोरा, मुख्तियार रङ्गनाथ पौडेलका भाइ हुन् । दाजुभाइमध्ये माहिला यो कृष्ण पण्डित माहिला गुरुज्यूको नाउँले प्रसिद्ध थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उप्रांत कार्त्तिकसुदि ४ मा[३] लेषनुभयाको पत्र फर्काबाद[४]बाट कमूलबुरक[५] साहेबले आफना षत[६]भित्र हालि पठाईदियाको मेरा[७] नाउको र २ काजि २ सर्दारका नाउको ३ चिठि मार्गशुदि ५ रोज ४ मा[८] आईपुग्यो. मिस्त[९] मोरकिरापट्[१०] साहेब जातजातका घोडाको र साल बंन्या

यस ताका कृष्ण पण्डित नेपालसरकारको तर्फबाट कम्पनीसरकारको लागि दूत भई कलकत्तामा बसेका थिए भन्ने कुरा अर्को प्रमाणबाट पनि सिद्ध हुन्छ–

बांकी बारा पर्सा रौतहटका सिवानामा एस साल लाग्याको तकरार रफा गर्न अमीन आयो भन्या षबर कलकत्ताबाट श्रीमाहिला गुरुज्युले लेख्नुहुदा एताबाट गुरुज्यु पाउ लाग्नुभयाको छ.

(गीर्वाणयुद्धविक्रम शाहले विष्णु पण्डितलाई वि. सं. १८६८ माघ २१ गते लेखेको चिठीबाट । यो चिठी योगी नरहरिनाथद्वारा इतिहास-प्रकाश १ अङ्कका ८३–८४ पृ. मा छापिएको छ ।)

ऐ. शि. बाबुराम आचार्यको सङ्ग्रहबाट पिताजी नयराज पन्तले सारी लिनुभएको पौडेल गुरुज्यूहरूको वंशक्रमको र धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक पत्रसंग्रह पहिलो भागको १०७ पृ. को आधारमा कृष्ण पण्डितको परिचय तयार पारिएको हो ।

३. कार्त्तिकसुदि ४ = कार्तिक २५ गते ।

४. फर्काबाद = फर्रुखाबाद । अलमोडाबाट ६६ कोस जति दक्षिणमा रहेको अङ्ग्रेजी राज्यक्षेत्र ।

५. कमूलबुरक = एड्वर्ड कोल्ब्रुक । कम्पनीसरकारले अवधबाट हात लाएका प्रदेशहरुमा कम्पनीसरकारका प्रतिनिधि भई एड्वर्ड कोल्ब्रुक यस ताका फर्रुखाबादको फतेहगढमा बस्थे (पेपर्ज् रिस्पेक्टइङ् द नेपाउल् वर्को २५० पृ., पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको वीर भक्ति थापा भन्ने निबन्ध । सो अङ्कको १५३ पृ.)

६. षत = चिठी ।

७. मेरा = चौ. बम शाहको ।

यी बम शाह गोर्खाली राजा पृथ्वीपति शाहका पनाति हुन् (पूर्णिमा ८ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्धको दोस्रो चरण भन्ने निबन्ध । सो अङ्कको ४३ पृ.) ।

यी बम शाह वि. सं. १८५३ देखि नेपालको अधिकारमा कुमाउ रहेसम्म अर्थात् वि. सं. १८७२ सम्म कुमाउका प्रमुख शासक थिए । (पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको वीर भक्ति थापा भन्ने निबन्ध । सो अङ्कको ५५ पृ., पूर्णिमा १ पूर्णाङ्कमा छापिएको वि. सं. १८७१–७२ को नेपाल–अङ्ग्रेज-युद्धमा नेपालले हार्नामा एउटा ठूलो कारण भन्ने निबन्ध । सो अङ्कको ५५ पृ.)

८. वि. सं. १८६९ मार्गशुक्ल

गते	वार	तिथि	घडी	पला
मङ्सीर २७	बुध	पञ्चमी	०	३८

(पात्रोबाट)

९. मिस्त = मिस्टर । १०. मोरकिरापट् = विलियम मुर्क्रोपट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाषूभेडाको षोज गर्नानिमित्ये उत्तरतरफका मुलकमा गयाको थीयो. साहेब मजकुर[११]का लेषनाले मालुम भयो कि उताबाट फर्केर कंपनि[१२]का मुलकमा आउदा नेपालको मुलकमा नआई अर्को बाटो रहेनछ र साहेब मजकुर गढका मुलक[१३] कर्नपृयाग[१४]बाट हिडि चिल्क्या[१५] नपुग्दै रामगंगा[१६]को किनारा मेहलचौरनामे जगा[१७]मा आई समसेर रानाका तरफका मानिस आई साहेब मजकुरलाई कैद गरि डोरिले हात गोडाहरु बाध्याछन्. दोस्तिको जगामा यस्तो बेजाय[१८] गर्नु मनासिब होईन. गढकुम्माउको भारादारलाई लेष भनि लाट् साहेब[१९]ले भन्दा लेष्याको छ. साहेबहेरुले चर्चो[२०] बुझ्न या अरु केहि बषेडा गर्न गयाको मालुम भयेर नेपालका हुकम-माफिक कैद गऱ्याको भया बढियै भयो. सर्कारबाट मर्जि गयाको छैन. साहेब पनि सिरिफ माथि लेष्याका घोडाहरुका तलासका निमित्ये मात्रै गयाको हो भन्या बेनेपालका हुकम हामि येस मुलकमा कसैलाई आउन दिदैनु भनि निकासिदिन्या हो भनि लेषनुभयाका अर्थकन भेक फेरि गेरुवा वस्त्रको षोल हाल्याको बंदूकि ३०।३५ भरियासमेत् गढकुम्माउको मुलबाटो छोडि

---

११. मजकुर = उपर्युक्त । १२. कंपनि = इस्ट इन्डिया कम्पनी ।

१३. गढका मुलक = रामगङ्गादेखि जमुनासम्म फैलिएको गढवालराज्य (गढवालको ३ पृ.)। वि. सं. १८४९ देखि सिर्तो तिरी आफ्नो आश्रयमा रहिआएको गढवाललाई वि. सं. १८६१ मा नेपालले आफ्नो राज्यमा मिलाएकोले यस वेला गढवाल नेपालराज्यअन्तर्गत थियो (पूर्णिमा १३ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निबन्ध, सो अङ्कका ३४–३७, ४०–४२ पृ. र पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको वीर भक्ति थापा भन्ने निबन्ध, सो अङ्कका १४९–१५४ पृ.)

१४. कर्नपृयाग = कर्णप्रयाग । अलमोडाबाट २३ कोस जति उत्तरपश्चिममा रहेको प्रसिद्ध गढवाली तीर्थ । कर्णप्रयागमा कर्णगङ्गा (पिण्डार) र अलकनन्दाको सङ्गम हुन्छ, (महावीरप्रसाद मालवीय वैद्य "वीर" को श्रीबदरी–केदारकी झाँकीको तेस्रो संस्करणको ८७ पृ., गढवालको १४९ .)

१५. चिल्क्या = चिल्किया । अलमोडाबाट १९ कोस जति दक्षिणपश्चिममा चिल्किया छ। यहाँ यस ताका ठूलो वजार लाग्थ्यो (पूर्णिमा ५ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी भन्ने निबन्ध । सो अङ्कको ५६ पृ.)

१६. रामगङ्गाको उत्पत्ति गढवालको देवालो–खान भन्ने पहाडबाट हुन्छ (कुमाऊँ का इतिहासको ९४ पृ.) ।

१७. जगा = ठाउँ । १८. बेजाय = बेकाइदा ।

१९. लाट् साहेव = इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल — मिन्टो । शासनकाल वि. सं. १८६४–१८७० (मार्गरेट फिशर र लिओ रोज ४ पृ.)

२०. चर्चो = कुरा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गढको लोहवा[२१] निस्कि श्रीबद्रि[२२]का जात्रुका गोलमा निस्कि श्रीबद्रि नगै पैनषंड[२३] निस्की भोटको अम्मलमा[२४] गया भनि गढका जीमिदार[२५]ले वाहिका थानेदार[२६] कम्पनि[२७]का सुबेदार[२८]-हरुछेउ भन्दा थानेदारले अंरेजको र हाम्रा षामिन्द[२९]को येत्रो दोस्तिमा भेक फेरि मुलबाटो नगै जान्या को हो. येस्ताको त तहकित[३०] गर्न्या हो भनि भोटतरफबाट फर्कंदा गढका थानेदारले तिनहेरुछेउ तिमिहेरुले भेक फेरि सदर सर्कार[३१] नईतलाई[३२] तिमिले जान उचित् थीयेन. गयो तपनि हामि थानेदार हौं. सर्कारमा बिंति गरि छोडन्या हाम्रो धर्म्म छ. अब तिमि आहा बस. हामि सर्कारमा बिंति गरि पठाउछौं. दोस्तीका राहाले[३३] सर्कारबाट पनि बेसै पाठको[३४] हुकम आवला भनि भन्दा बहुतै तरहसग बुझाउदा[३५] तिनिहेरुले नमानि आयाछन्. भोलिपल्ट

---

२१. कर्णप्रयागदेखि दक्षिणपट्टि लोहवा छ। लोहबामा अग्लो ठाउँमा एक किल्ला छ। त्यो किल्लालाई लोहाबागढी भनिन्छ। लोहाबागढी कुमाउ र गढवालको सिमानामा छ। गोर्खाली शासनको अन्त्यकाल अर्थात् वि. सं. १८७२ सम्म यस किल्लामा फौज राखिन्थ्यो (कुमाऊँ का इतिहासको ९८ पृ.)

२२. श्रीबद्रि = बद्री। चार धाममध्ये एक धाम। अलमोडाबाट ३५ कोस जति उत्तर-पश्चिममा गढवालमा बद्रीनाथको मन्दिर छ।

२३. पैनषंड = गढवालको हिमाली भूभाग (गढवालको ६ पृ.)

२४. अम्मल् = अधिकारक्षेत्र।

२५. जीमिदार = जमीन्दार। कुनै सानो प्रान्त, जिल्ला या केही गाउँको मालपोत उठाई सरकारी ढुकुटीमा दाखिल गर्ने मानिसलाई मुसलमानी राज्यकालमा जमीन्दार भनिन्थ्यो। आफूले उठाएको मालपोतको १० खण्डको १ खण्डमा जमीन्दारको आफ्नै हक हुन्थ्यो। मुसलमान शासक कमजोर हुँदै गएपछि यी जमीन्दार आफ्ना आफ्ना प्रान्तका स्वतन्त्र शासक जस्ता हुन गएका थिए (हिंदी–शब्दसागरको १११८ पृ.)

यहाँ गढका जीमिदार भन्ने शब्दले गढवाली भूमिमा एक प्रकारको स्वामित्व भएका पुरुष भन्ने बुझाउंछ।

२६. थानेदार = चौकीका सिपाही। २७. कम्पनि = फौजी जवानहरूको जमात।

२८. सुबेदार = सय जना सैनिकका अध्यक्ष, उच्च सैनिक (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ३८३ पृ.)।

२९. षामिन्द = मालिक = सरकार। ३०. तहकित = जाँचबुझ। ३१. सदर सर्कार = राजधानीमा = काठमाडौंमा। ३२. नईतलाई = खबर नगरी। ३३. दोस्तीका राहाले = मित्रताले। ३४. बेसै पाठको = राम्रै खालको। ३५. बुझाउँदा = सम्झाउँदा बुझाउँदा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बेहान साहेब मजकुरले हाल्मा भन्याको बन्दूक लि चौकिदार सिपाहिले थामदा थामदै नमानि बलसित गै बंदूकको कलसमेत चढाउदा बन्दूकको कल समाति षोसि सिपाहिले सबैलाई समात्याछन्. ठिगुरामा हाल्याछन्. साहेब मजकुरलाई बाध्याछन्. सुबेदार ताहा पुगि साहेबलाई फोयापछि साहेब मजकुरले आफु भोट पुग्याको र फर्कि आई तेस जगामा आई बाधियाको बिस्तार दोस्तिका जगामा येस्तो हुन्या होईन भनि मलाई हिंदबि[३६] चिठि र पैले भयाको बिस्तार र माथि लेष्याबमोजिम् सुबेदार रत्नसिं रानाले मलाई लेष्याका दूवै चिठि बिजनिस् डाक[३७]मा सर्कारका चऱ्हाई पठाई यो कुरा सिपाहिहेरुले बेजाय गऱ्या. ठिगुरामा हाल्याका सिपाहिलाई षोल्नु. साहेब मजकुरलाई कुह्माउ[३८]का अम्मल् पालि[३९]मा ल्याई षुसिराजिसग राषि पालिमा आयापछि मुजे म आउला. नभया छोरालाई पठाउला भनि तांहावाट २ जमादार[४०]लाई पठायाथ्या. २ जमादार वाहा पुगि ठिगुरा पऱ्याकालाई फोई असबाप्[४१] सबै उन्का सपुर्त गरि कुह्माउको अम्मलमा ल्याउदा १ पैले तारीष माह सतंवर सन १८१२ ईसबि[४२]मा लेषीयाको बरेलि[४३]बाट हाकनिस साहेबले डाकतर मोरकिरापट् साहेब घोडाको षरिद गर्न र सैर गर्न भोटतरफ गयामा कप्तान हासि[४४] साहेब पनि गयो हो. ति फिर्दा दोस्तिका राहाले बहुतै सम्भारसित सिवानासम्म पुऱ्याईदिनु भनि लेषि पठायाको षत आस्विनबदि ८ मिति[४५]मा ईहा आउदा भेक

---

३६. हिंदबि = हिन्दी ।

३७. बिजनिस् डाक = डाँक । "अंग्रेजहरूले व्यापार गर्न ठाउँ-ठाउँमा कोठी खोलेका थिए । त्यहाँ परस्परको सम्बन्धको लागि उनीहरू डाँकद्वारा चिठीपत्र चलाउने गर्थे । नेपालीहरू डाँकद्वारा पठाएको पत्रलाई बिजिनिसपत्र (<बिजिनेस) भन्थे । खालि चिठीका अर्थमा पनि बिजिनिस शब्दको प्रयोग भएको पाइन्छ" (ऐतिहासिक पत्रसंग्रह पहिलो भागको ३५ पृ. बाट) ।

३८. कुह्माउ = महाकालीदेखि रामगङ्गासम्म फैलिएको कुमाउराज्य (गढवालको ३ पृ.)। वि. सं. १८४७ चैत ११ गते नेपालले कुमाउ जिती आफ्नो राज्यमा मिलाएकोले (पूर्णिमा ५ पूर्णाङ्कमा छापिएको नेपाल–अंग्रेजयुद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी भन्ने निबन्ध । सो अङ्कको ६० पृ.) यस वेला कुमाउ नेपालराज्यभित्र पर्थ्यो ।

३९. पालि = पालिपछाउँ नाउँले प्रसिद्ध कुमाउको एक प्रदेश । यहाँको पाली गाउँमा गोर्खाली शासनकालमा सुब्बा बस्थे (कुमाऊँ का इतिहासको १०२ पृ.) ।

४०. जमादार = केही सिपाही वा पहरेदारहरूको प्रधान । (हिंदी–शब्दसागरको १११७ पृ.)।

४१. असबाप् = मालसामान । ४२. १ पैले तारीष माह सतंबर सन १८१२ ईसबि = वि. सं. १८६९ भदौ १९ गते। ४३. बरेलि = अलमोडाबाट ३८ कोस जति दक्षिणमा रहेको अङ्ग्रेजी राज्यक्षत्र । ४४. हासि = हैदरयङ हेर्सी । ४५. आस्विनबदि ८ मिति = वि. सं. १८६९ असोज १५ गते ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फेरि छपिकन[४६] गया भनि अघि षवर आयाको त फलाना फल्ना साहेब रह्याछन् भनि सर्कारमा अर्जि[४७] लेषि बिजनिससमेत् चऱ्हाई पठायाथ्या. साहेब मजकुर कुह्माउको अम्सलमा आया भंन्या षबर आउदा छोरालाई पठाउन्या बषतमा सर्कारबाट हाकिनिस साहेबको षत बिजनिस चऱ्हाई पठायाको प्रतिउत्तर मोहर[४८]मा साहेबान[४९] अंरेजको र हाम्रो कदिम[५०]देषिको दोस्तिमा नईतलाई भेक फेरि जान्या उचित होईन. अब आजदेषि योस्तो काम नगर्नु भनि सम्झाई चेताई असबापसमेत् अंरेजको मुलकमा पठाईदिनु भनि हुकम आउदा हुकमबमोजिम सम्झाई सम्भारसग पठाउनु भनि छोरा लक्षबिर साहि[५१]लाई अऱ्हाई भेटनानिमित्ये पठायाथ्या. छोरा पालि पुगि साहेब मजकुरसित—— ——भा भेट गरि दोस्तिको जगामा सदर सर्कारमा नईतलाई भेक फेरि जान्या तम्रो पनि उचित् होईन. मुष्ये जानैमा पनि ईतलायकन[५२] जान्या हो. भोट्बाट फीऱ्यापछि हमि येस कामलाई गयाथ्यु. फलाना ठाउमा आईपुग्यु. मुषे सर्कारमा र तत्पर[५३] चौत्रीया[५४]लाई लेष्याको भया पनि येस्तो हुन्या थीयेन. चौकिदार सिपाहिले पनि बिनासर्कारको हुकम बाधन्या काम गऱ्याको बहुतै वेमुनासिफको छ. हमि सासना गर्छौं भन्दा साहेबले अब ज्या हुनु भयो. सासना गर्नुपर्दैन भन्दा अंले तिमिले ईन्को सासना नगर्नु भन्यौ तपनि सदर सर्कारबाट ईनको सासना हुन्यैछ भनि सर्श्रेष्टाचार गरि मेजमानि दि पछि रह्याको बोझि[५५] चौरि बाण्रा झिकाई सिवानासम्म पुऱ्याउनाको ताकिति गरि साथको असबाप्समेत् रस्ता[५६]मा सह्यारसम्भारसित सिवानासम्म पुऱ्याउनु भनि २ जमादार सिपाहि गैऱ्ह[५७]लाई पठाई छोरा गाहा आयोथ्यो. सिवानामा पुग्यापछि २ जमादारलाई कासिपुर[५८]सम्म जानुपर्छ भनि

४६. छपिकन = लुकीकन । ४७. अर्जि = बिन्तीपत्र । ४८. मोहर = लालमोहर । ४९. साहेबान = साहेबहरू । ५०. कदिम = प्राचीनकाल ।

५१. यी लक्षवीर शाहिले वि. सं. १८७१ को नेपाल–अङ्ग्रेजयुद्धमा लडेका थिए (पूर्णिमा ४ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नालापानीका लडाईसम्बन्धी अरु ६ पत्र भन्ने निबन्ध । सो अङ्कको ७२ पृ.) ।

५२. इतलायकन = खबर गरीकन । ५३. तत्पर = त्यसपछि । ५४. चौत्रीया = चौ. बम शाह । ५५. बोझि = बोझ अर्थात् भारी बोक्ने । ५६. रस्ता = बाटो । ५७. गैऱ्ह = सबै ।

५८. अलमोडावाट २२ कोस जति दक्षिणपश्चिममा काशीपुर छ । वि. सं. १८३५ तिर कुमाउको घरझगडामा एकजना भारादारले काशीपुर आदि कुमाउका तराई अवधका नवावलाई चढाएर आफू त्यहाँका सामन्त बनी कुमाउबाट ती भाग छुट्टयाइदिएका थिए । नेपालीहरूले कुमाउ जितेपछि पनि ती तराई लिन सकेनन् । वि. सं. १८५८ मङ्सीर १ गते ती तराई अङ्ग्रेजले लिए । (पूर्णिमा ५ पूर्णाङ्कमा छापिएको नेपाल–अंग्रेजयुद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी भन्ने निबन्ध । सो अङ्कको ५५ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लँगि[५९] कासिपुरबाट बिदा गरि पठायेछन्. साहेब मजकुर कासिपुर पुग्यापछि मेहलचौरबाट साहेब मजकुरले र सुबेदार रत्नसिं रानाले मलाई लेष्याको चिठि बिजनिस र अंजि सर्कारमा चन्हाई पठायाको प्रतिउत्तर हुकम आईपुग्यो. दोस्तिको जगामा भेक छपाई जान्या काम बेजाय हो. छिपि भेक बवलि जान्या आउन्यालाई थानेदार चौकिदारले काहि पनि छेकन्या थुनन्या रोकन्या मुनासिफै हो. अघि जादा हमिले थाहा नपाई गयाथ्यौं तपनी अब त सर्कारमा बिनाईतलाई[६०] जान हुदैन भनि चौकिमा रहन्या सिपाहिले भन्दा नमानि वल गरि बन्दुकसमेत् तयार गरि जान्या होईन. दोस्तीमा उनवाट तेस्तो काम गन्या तपनि हामिबाट् दोस्तिसिबाय दोश्रो बात गर्नु छैन. रोकन्या काम मात्र हो. पकन्या काम चौकिदारले बेजाय गन्याछन्. अंरेज साहेवहेरुलाई मैअसबाप[६१] षुसिसाथ जान देउ. चौकिमा रहन्या सिपाहिलाई पक्री बेडि हालि[६२] हत्रा हजुरमा पठाईदेउ भन्या हुकम आउदा हुकमबमोजिम बेडि हालि पठायौ. ताहा अब पनि ई कुरा पन्या भन्या सोहि पाठको कुरा गर्नु भया बढिया होला. शुभम्– – – – –

(रामजी तेवारीको सङ्ग्रहमा रहेको मूल प्रतिबाट उतार लिई यो पत्र ऐतिहासिक पत्रसंग्रह पहिलो भागका १०४–११० पृ. मा व्याख्यासहित छापिएको छ। अहिले मूल पाठसँग रुजु गरी शुद्ध पाठ यहाँ दिइएको छ।)

२ सङ्ख्या

बम शाहले श्री ५ गीर्वाणयुद्धविक्रम शाहलाई वि. सं. १८७० माघ २७ गते लेखेको चिठो

अंजि— — — — — — — — — — — —

उप्रान्त भोटचा फेरंगी[१]को भेट भै ब्योपार जोरियापछि हाल रयेति महाजन्को रोजि मर्न्या[२] र पर्नाम[३] घटियै फल लाग्न्या काम हुंछ. यो कुरा जोग्य बिंति लेष्याछौं. हासिका षतको जबाब पनि बढियै लेष्याछौं. भोटचालाइ लेष्याको र रुपैया पठायाको पनि बढियै गन्याछौं. परंतु ब्योपारका अर्थकन तेस्तो गरी लुकिचोरी आउन जान लाग्यो भन्या आफुले चाल नपाया

५९. लँगि = लगी। ६०. बिनाईतलाई = खबर नगरी। ६१. मैअसबाप = मालतालसमेत। ६२. बेडि हालि = नेल ठोकी।

१. फेरंगी = अङ्ग्रेज। २. रोजि मर्न्या = जीविका जाने। ३. पर्नाम = परिणाम।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तो गरीकन मानिस् लाइर[४] १।२ जनालाइ साफ गरिदिया[५] फेरि तेसो गर्न सकैन. भोट मधेस्को मध्यस्त जगा यो छ. तेस् जगामां भोटचाले ल्याई आफुले षरीद गर्दा यो भाउ गर्नु. येत्ति नफा भोटचाले षानु. आफुले रयेति महाजनलाइ दिदा पनि नफा राष्नु. रयेति महाजन्ले मधेस् पुऱ्याउदा यो नफा पाउछन् भन्न्या बंदेज[६] र आफ्ना हातबाट फेरंगीछेउ पठाउदा येत्ति नफा राष्नु भन्न्या बंदेज ठहऱ्याइ यकहट्टि[७] गऱ्या भोटचा पनि अरु रयेत महाजन पनि नपीऱ्याउन्या गऱ्याको बंदेज पनि परसम्म ठहर्न्या फेरंगीलाइ पनि सुप्रचाइ पाठसित जवाब भरीन्या पक्का बंदेज हुदो हो. सो पाठ रुक्का[८]को मसौदामां लेषियाको रहेनछ र मसौदामा येस् पटक् मोहर गरीयेन. तस्अर्थ भोट पहाडका आफ्ना रयेत् महाजन राषी भोट पहाड मधेस्को षरीद बिक्री र भाउ जगामाफिक्को नफा येस् बंदोबस्तले परसम्म हठर्न्या आफ्ना रयेत् महाजन्को गुदस्त[९] चल्न्या केहि किफायेत पनि हुन्या तत्रा चित्तले ठहराइ ब्योहरा षोलि मसौदा चऱ्हाइ पठाव र मोहर गरीबक्सी पठाउला भनिं हुकुम् आयो. लुकिचोरी आउन्यालाइ जो हुकम्. आयाको मोरकिरापट् र हांसी भोट जांदा फर्कियापछि बांधीयादेषी फेरी लुकिचोरी आयाको छैन. मोरकिरापट् र हांसि भोट् जांदा ब्योपारको बंदबस्त भोटमां भयाको रहेछ. लुकिचोरी आयामां फेला पऱ्या हुकम्वमुजिम् गरौंला. भाउ र मुनफा षोलि लेषि पठाउ भनि हुकम आयो. येकै भाउ काहि पनि हुदैन. किन्न्या गाहक् ढेर भया माल थोरो भया महंगो हुंछ. माल ढेर किन्न्या गाहकी थोरो भया सहंगो[१०] हुछ. माघ्या संक्रांतिमां भोटचा पनि —— १ —— मां आउछन्. ब्योपारी महाजन जिमिदार —— १ —— मा बाटुला हुंछन्[११]. भाउको येक् ठेगान बस्ला र अर्जि चऱ्हाइ पठाउला भनि म पनि —— १ —— आज्ञांथ्यां. साहुलाइ अघिल्लो सुहाग दिनु भनि रीण दियाका रुपैयाको सुहागमां कर्वचमा २ २।। रुपञां लिदा रह्याछन्. सोहि भाउमां हामिले ञांहि ली ञाहीं बेचौं भन्दा नफा कत्ति पनि नरहन्या यकहाट्टको बदनाम सोहरा[१२] मात्रै हुन्या देष्दा तल्लो हट्टि[१३] फेरंगीको सिमानांमा फेरंगीबाट घाटाघाटा जगाजगामा मंडी[१४] अघिदेषी राष्याको थियो. भोट पहाडको जिन्सि उस् मंडीमां नफा हुन्या कुरा केहि आफुले षरीद गरी अंत बेचन्या गर्थ्यो. ञहांबाट पनि आफ्ना कबजाको जगामां मंडी बसाया तल्लो हद्द[१५]को मंडीं सुकन्या आफ्नु हद्द गुल्जार हुन्या भोटचाको र फेरंगीको बेउपार नजोरीन्यादेषी ६८ सालमां मंडी बसाल्नाको ठेगान गऱ्यांथ्यां. दून[१६] जान पऱ्यो र मंडी बसाल्न्या काम भयेन. यो सुहागका

---

४. लाइर = लाएर । ५. साफ गरिदिया = मारिदिए । ६. बंदेज = नियम । ७. यकहट्टि = एकलौटी हाट = एकलौटी बेपार । ८. रुक्का = राजाद्वारा लेखिएको चिठी । ९. गुदस्त = गुजारा । १०. सहंगो = सस्तो । ११. बाटुला हुंछन् = बटुलिन्छन् । १२. सोहरा = हल्ला । १३. हट्टि = हाट । १४. मंडी = बजार । १५. हद्द = सिमानाको प्रदेश ।

१६. दून = देहरादून । अलमोडाबाट ४८ कोस जति पश्चिमउत्तरमा रहेको गढवाली प्रदेश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

येकहाँट्का देस्षत र रुपजां भोट पठायापछि हाल कोटा[१७]को र कुमाउमा घाटामां मंडि वसाल्न्या काममां मानिस् पठाअांथ्यां. कोटाका घाटामा भन्या ढिकुलिमां मंडी पनि बस्यो. मंडी बस्या-पछि मंडीका नगीचको जंगल पनि तलबाट दबाउन सकेनन्. नाउ धाक् पनि रहला. येस् साल नफा नभया पनि मंडी बसाउन्या काम गर्न्या हो भनि पोरका सालभन्दा मण[१८]पीछे चार आना अर्घ्याला[१९] मंडीमा दिउला भनि जिमिदारहरुछेउ भन्दा पैले अघि सरी षुसि भै मंडी जारी गर्न्या[२०] काम फल्दाकोटि[२१]हरुले गर्‍या. कालिकुमाउ[२२] बेलहारी[२३]का घाटा मात्रै दार्मा[२४]का तरफ्बाट कालिकुमाउका जिमिदारले बंदेज नमानि बेलहारी फेरंगीको मंडीमां बेच्याछन्. तैपनि हाम्रा हदमां मंडी बसाउनु. ति बंदेज नमान्न्याहरुलाई डांटगिरि गर्नु[२५] भनि कालिकुमाउका तहसील्या[२६] जमादार-हरुलाइ लेषी अहांबाट पनि जमादारलाइ किलरौडू भन्याका जगामां मंडी बसाउनु भनि पठाअां. येस् साल मुनफा होला भन्न्या अऋसम्म केहि भयाको छैन. साहुको रीण झिकी मंडी बसाल्न्या र मधेस्या र भोट्याको भेट नहुन्या काम मात्रै भयो. कित आफ्ना गाठीमां रुपैया प्रसस्तै भया

---

१७. अलमोडाबाट २४ कोस जति दक्षिणमा कोटा छ । यो कुमाउअन्तर्गत थियो ।

१८. मण=मन । १९. अर्घ्याला=बढी । २०. जारी गर्न्या=थाल्ने ।

२१. फल्दाकोटि=फल्दाकोटका बासिन्दा । कुमाउको एक प्रदेश फल्दाकोटका निवासीहरू व्यापारमा निपुण हुन्छन् (कुमाऊँ का इतिहासको २९ पृ.) ।

२२. कालिकुमाउ=महाकाली नदीको किनारामा बसेको कुमाउको एक प्रदेश (कुमाऊँ का इतिहासको १२ पृ.) । अलमोडाबाट १२ कोस जति पूर्वमा कालिकुमाउ छ ।

२३. बेलहारी कुमाउको तराईमा छ [फ्रान्सिस बुच्नान ह्यामिल्टनको यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेर्'इटर्इज् अनेक्स्ड् टु दिस् डोमिन्'यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) को २९३ पृ.] । यहाँ अङ्ग्रेजको बजार भएकोले यस ताका बेलहारी कम्पनीसरकारको अधीन थियो भन्ने कुरा यही चिठीबाट बुझिन्छ ।

२४. दार्मा=दार्माभोट । कुमाउको भोटान्त प्रदेश दार्मा भोटको तारा पहाडको तलतिर रहेको कालीपानी गाउँको श्यामाकुण्डबाट निस्केको महाकाली नदी (कुमाऊँ का इतिहासका ६४–६५ पृ.) वर्तमान नेपालको पश्चिमी साँध हो । कुमाउका चन्द राजाहरूको आश्रयमा रहेको दार्माभोटले सालिन्दा ५ हजार रुपिया कुमाउलाई बुझाउने गरेकोमा वि. सं. १८५२ देखि नेपाल-लाई ६ हजार बुझाउनुपर्ने गरी नेपालसँग सन्धि गर्‍यो । (पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको बीर भक्ति थापा भन्ने निबन्ध । सो अङ्कको ५७ पृ.)

२५. डांटगिरि गर्नु=हप्काइदप्काइ गर्नू । २६. तहसील्या=तहसील (कर) उठाउने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कार्त्तिक्मा भोटयाछेउ सुहाग षरीद गरी जहां — १ — मा जीमिदार बेउपारीछेउ मंडीमां येस् भाउपर[२७] दिनु भनी बंदेज बांधी मंडीबाट अरु गाहक्छेउ बेच्या केहि नफा हुन्या थीयो. मंडीका घरपर मुदत्ति[२८] कालावंजर[२९] नबस्या मंडी पनि गुल्जार हुन्याछैन. तस्अर्थ रुक्काको मसौदा चऱ्हाइ पठायाको छ. मुदत्ति भावर[३०]मां ५।७ वर्षको वटकरा[३१] नदि बस्न्याछैन. मोहर गरीबक्सि पठाया मानिस् लाइ बसाल्न लाउला. सुहागको बंदबस्त गर्नुपर्न्या पनि छ. १।२। अरु कुरा पनि छन्. त जहां आ भनि विर्जैसिलाइ अल्मोडा[३२]मा झिकाइ पठाउदा अल्मोडा आईपुग्योथ्यो. बिर्जैसि बुढा[३३]छेउ जुहारका भोटबाट फेरंगीसित जिन्सि ब्योपारको बंदबस्त भोटयाहरुले आफै गर्न लायाको

---

२७. भाउपर = भाउमा । २८. मुदत्ति = स्थायी रूपमा । २९. कालावंजर = पर्ती जग्गा ।

३०. हिमालय प्रदेशलाई सबभन्दा होचा चुरे वा सिवालक नामक पहाडका सिलसिलाले तराई र भाँवर नामक दुइ भागमा बाँडेको छ। तराईका उत्तरपट्टिको भाग 'भाँवर' र त्यसदेखि पनि उत्तरपट्टिको मझचोला उचाइका पहाड रहेको खण्ड 'पहाड' कहिन्छ (नेपाल–सांस्कृतिक परिषद्–पत्रिकाको २ वर्ष २ अङ्कमा छापिएको बाबुराम आचार्यको अशोक र नेपाल भन्ने निबन्ध-बाट। सो अङ्कको ६ पृ.)।

३१. बटकरा = बटैया ? = उब्जाको आधा जग्गाधनीलाई र आधा जग्गा कमाउनेलाई गरी बाली बाँड्ने काम, अधियाँ ।

३२. अल्मोडा = कुमाउको राजधानी। गोर्खालीहरूले कुमाउ जितेपछि अलमोडाबाट भर-कुमाउको शासन चल्थ्यो। कुमाउका गोर्खाली शासकको मुकाम अलमोडा थियो। काठमाडौंबाट १५९ कोस जति पश्चिमउत्तरमा अलमोडा छ।

३३. बिर्जैसि बुढा = विजयसिंह बुडा। कुमाउको अर्को भोटान्त जुहारभोट दार्माभोटभन्दा पश्चिमतिर पर्छ (कुमाऊँका इतिहासको ६७ पृ.)। कुमाउको आश्रित राज्य जुहारभोटले वि. सं. १८४७ मा नेपालले कुमाउ जितेपछि सालिन्दा ६ हजार रु. सिर्तो तिर्ने गरी नेपालको आश्रय स्वीकार गरेको थियो। जुहारभोटले चन्द राजाहरूलाई सालिन्दा १६ हजार सिर्तो तिर्ने गरेको र आफूले चाहिँ सालिन्दा ६ हजार मात्र सिर्तो पाइरहेकोले नेपालले सिर्तो बढाउन खोज्नु स्वाभाविक थियो। यसैले कुमाउमा खटिएका नेपाली शासकहरूले जुहारभोटेहरूलाई सम्झाई बुझाई सिर्तो बढाउन खोजे। तर उनीहरूले टेर्दै नटेरेकाले वि. सं. १८५२ कार्तिक २५ गतेको दिन कुमाउका तात्कालिक शासक भक्ति थापाले जुहारभोटमा हमला गरे। जुहारभोटको सिमानाका जग्गा र गढी कब्जा गरी १०।१५ जनालाई मारिदिँदा जुहारभोटेहरूको मस्ती गल्यो र उनीहरू भक्ति थापाको शरण पर्न आए। कुमाउलाई जुहारभोटले जिन्सीको रूपमा १६ हजार तिर्ने गरेको थियो ; जिन्सीमा आफूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रुपैंया पनि लियाछन्. येस्तो कुरा गर्नु भनि तिमिहेरुछेउ कस्ले भन्याको थियो भनि भन्दा मैले भन्या फेरंगीसित भेट पनि गऱ्याको थियेन. मैले जिन्सि ब्योपारको कुरा पनि गऱ्याको छैन. जस्जस्ले कुरा गऱ्याका छन्. उनिहरुलाइ समात्नुभया ब्योहरा बिस्तार गर्नन्. मलाइ भन्या मोहडाबुढाकाजिबाट्[३४] येक्फेरा त जहां आ भनि चिठि लेषि पठायाथ्या. म मोहडा[३५] जानलाइ आयाको छु भनि बिजैंसिले भन्दा मोहडाबाट जरुरि काम भया जहां पनि लेषि पठाउदा हुन्. जहांको भन्या (जस्)जस्ले त्यो कुरा गऱ्याको छ. उन्लाइ नषोटचाइ हुन्न भनि मोहडाकाजिलाइ पनि चीठि लेषी बिजैंसींलाइ जहां थामी फेरंगासित आफ्नु बंदबस्त गर्न्या भोटचाहरुलाइ लिन पठायाको छ. जो बिस्तार होला. बिंति गरि पठाउला. पाछु[३६] ४ काछ[३७]को थमौति लाल्मोहर बिजैंसिलाइ गरीबक्स्याको हो. पाछु गाउ त ७ काछ छ. ४ काछ बिजैंसिको हो. ३ काछ हत्त्रो पंचको हो

नोक्सान देखिएकोले सालिन्दा १० हजार रु. बुझ्ने गरी भक्ति थापाले जुहारभोटेहरूसँग बन्दोबस्त बाँधे (पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको वीर भक्ति थापा भन्ने निबन्ध। सो अङ्कका ५३–५४, ५६–५७ पृ.)।

उत्तरपश्चिमी नेपालका थाक ठिनी आदि प्रदेशका गाउँका मुखियालाई बुडा भनिन्थ्यो (रेग्मी रिसर्च् सीर्'इज्को दोस्रो वर्षको पाँचौँ अङ्कको १२४ पृ.)। यसै गरी जोहारभोटका गाउँहरूका मुखिया पनि बुडा कहिन्थे। नेपालले त्यहाँका पुराना बुडा जसपालका छोरा विजयसिंहलाई बुडाइको पगरी दिई बुडा बनाएको थियो। जुहारभोटले नेपाललाई तिर्नुपर्ने सिर्तो बढ्दाबढ्दा १७ हजारसम्म पुगेकोमा वि. सं. १८६७ मा काठमाडौँ गई विजयसिंहले घटाउन लाई ७८ सय पुऱ्याएका थिए (कुमाऊँ का इतिहासको ७६ पृ.)।

३४. मोहडाबुढाकाजिबाट्=जमुनापश्चिम शतरुद्रापूर्वको नेपाली प्रदेशका शासक बूढाकाजी अमरसिंह थापाबाट।

३५. यस ताका अमरसिंह थापाको मुकाम बाघलमा थियो (पूर्णिमा ९ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अंग्रेजयुद्ध शुरू हुनुभन्दा १ वर्षअगाडि अमरसिंह थापाका छोरा, र अक्टरलोनीका छोराले मितेरी लाएथे भन्ने निबन्ध। सो अङ्कको ५३ पृ.)। बाघलको राजधानी अर्की [भारतसरकारद्वारा वि. सं. १९६६ मा प्रकाशित मेम्अन्यान्ड अन् ने'टिभ् स्टेट्स् इन् इन्'डिअ (भारतवर्षका देशी राज्यसम्बन्धी टिपोट) को ३८८ पृ.] अलमोडाबाट ८४ कोस जति उत्तर-पश्चिममा छ। यहाँ मोहडा भनेर अर्कीलाई बुझाइएको हो।

३६. पाछु=जुहारभोटको एक गाउँ (कुमाऊँ का इतिहासको ६९ पृ.)।

३७. काछ=खेतको नापोविशेष। काछभन्दा कम मासा, मासाभन्दा कम लाल हुने कुरा यही पत्रबाट बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनि पांवित[३८]हरुले बिन्ति गन्या. तहां पुराणो दवथर[३९] हेरी पाछु त ४ काछ छ भन्या बिर्जसि-लाइ थामि ३ काछको बालिसमेत् पांक्तिहरुलाई भराई दिनु भन्न्या हुकमको लालमोहर मेरा नाउमां अनुवा महतहस्ते आइपुग्यो. अर्थ बुझि सिर चन्हाजा. जहांका पंच दवथरी[४०] राखी मसमेत् वसि पुराना दवथर हेर्दा पाछु चार काछ चार मासा छ लाल जिमि रहेछ. चंद[४१]का पट्टा[४२]मा पनि चार काछ रहेछ. ७ काछ भन्या छैन. पाछुका ४ घर बिर्ज्वाल[४३]को थमौति मोहर र जर्णेल[४४] र काजि[४५]को दस्तषत्समेत बिर्जसि बुढाले ल्यायाको रहेछ. जुहारमां आइ पाछुका बिर्ज्वालहरुले आजतक् रह्याका पनि छदै थिजो: थमौति मोहर भया पनि छदैछौं. पचपालले हामिलाई घर्जुवाइ बस्याका थिजो भनि भंछ. येस्मां हाम्रो चित्त बुझ्याको छैन. येस्मां न्या पर्छौं[४६] भनी बिर्ज्वालहरुले भंछन्. कसो गर्न्या हो भनि बिर्जसिले जहां सोधी पठाउदा सर्कारबाट तेरो थमौति छदैछ. बिर्ज्वालको चित्त बुझ्दैन भन्या मुष्ये पाषा छिन्नु. पाषा छिनीदैन भन्या माग्न्यालाइ न्या दिनु भनि जहांबाट लेषि पठाजांथ्यां. जुहारमां न्या दिदा मंछुगाला पचपाल न्यामां जितेछ. बिर्ज्वालहरु हान्याछन्. पचपालको बुंदाको कागत र पैलेको बिर्ज्वालहरुको

---

३८. पांक्ति = जुहारभोटका एकथरी बासिन्दा (कुमाऊँ का इतिहासको ६३३–६३४ पृ.)।

३९. दवथर = सविस्तर वृत्तान्त। ४०. दवथरी = दवथर राख्ने = सबिस्तर वृत्तान्तका सङ्ग्राहक। ४१. चंद = गोर्खालीले वि. सं. १८४७ मा कुमाउ जित्नुभन्दा पहिलेको कुमाउको राजवंश। ४२. पट्टा = ठेकेदार आदिलाई सरकारतर्फबाट दिने बहाली पुर्जी।

४३. बिर्ज्वाल = जुहारभोटको बिलजू गाउँका बासिन्दा (कुमाऊँ का इतिहासका ७२, ७५ पृ.)।

४४. जर्णेल = भीमसेन थापा। "कम्पनीसरकारका प्रधान शासकको पद "गभर्नर जनरल" भएकोले त्यसैको नकलमा नेपालका प्रधान शासक भीमसेन थापा वि. सं. १८६८ मा जर्नेल बने। भीमसेन थापा जर्नेल हुनुभन्दा अघि नेपालमा जर्नेल पद चलेको थिएन। यसैले भीमसेन थापा जर्नेल भन्ने पदले नै प्रख्यात थिए।" (पूर्णिमा २ पूर्णाङ्कमा छापिएको नेपाल–अंग्रेजयुद्धको तयारी भन्ने निबन्धबाट। सो अङ्कको ७० पृ.)

४५. काजि = रणध्वज थापा। "बूढाकाजी अमरसिंह थापाकी साहिंली मुखिनी धर्मदेवी-तर्फका छोरा रणध्वज थापा भीमसेन थापाका मुख्य सहायक भएका थिए।" (पूर्णिमा २ पूर्णाङ्कको ७० पृ. बाट)। यहाँ काजि पदले रणध्वज थापालाई बुझाएको देखिन्छ।

४६. वादी प्रतिवादीमध्ये कुन सच्चा हो भन्ने कुरा निर्णय गर्नाको लागि कुनै अरू बलियो सबूत नपाइएमा दुवै थरीका दुवै हातमा पिप्पलका पात राखेर त्यसमाथि तातो फलामको गोला हाली परीक्षा गर्ने चलन प्राचीन कालदेखि चलेको थियो। यसरी गरिने परीक्षालाई न्या पर्नु, दिव्य भनी पुकारिन्थ्यो। (यही पत्रको लेखाइ र श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८०१–८०३ पृ. को आधारमा माथिका वाक्य लेखिएका हुन्।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मुचर्का[४७] लेषत चन्हाइ पठायाको छ. दाषल होला. जस्पाल बिर्ज्वाल पाछुका ४ घर बिर्ज्वालको मोहर बिति गर्नानिमित्य बसिरह्याको छ सुनिछ. सर्कारको मोहर पनि बिर्जेसिका नाउमां छ. सर्कारको मोहर र तेसरले लेषिदियाको लेषत दिब्यमां पनि जित्याको ई ३ थोक्मा बिर्जेसिले पायाको छ. बिर्ज्वालहरु सर्कारमां भया सर्कारबाट पनि सोहि जवाप भया सर्कारबाट मोहर भयाको र जहां दिब्य जित्याको वंदेज थामीयेला. केहि जानि सकारबाट बिदा भै बिर्ज्वाल दोश्रा पाठको मोहर गरी ल्यायाको भया जहां आई अघिको मोहर र दिब्य जित्याको तेसरको लेषतको सहि थामन्या हो की पछिका मोहरको सहि थामिदिन्या हो. जो हुकुम्. उप्रांत जगु मर्त्तोल्यां[४८] सबै रयेति उठाइ परदेस जांदा मर्त्तोल्याका थरको पैसामां टूट पर्न लाग्यो र ५४ सालमां राछु मर्त्तोल्या ल्याइ बुढाइ पगरी दि निसा दिलासा दि जगामा राष्याथ्युं. जगुको छोरा सर्कारमां आउदा भवानिसिलाइ पगरी बक्सनुभै तेरा थरको तलाई थाम्याको छ. दामकाम सधा भनि राछुलाई थमौति मोहर बक्सनुभयेछ. जगुका छोराका तर्फ फेरी बिति गर्न आयाका छन्. ५४ सालदेषि आजतक् राछुले दामकाम गर्‍याका र येति राछुभित्र थामिबक्सनुभया सोझो गरि टहल गर्न्याको मन उछाह भै काम गर्ला. इति सम्वत् १८७० साल मिति फागुनवदि ३ रोज २[४९] मुकाम —— —— —— —— १ शुभम् — — . — — — —

ईत बम्साहको सलाम सलाम सलाम शुभम्- - -

(वीरपुस्तकालय खामसङ्ख्या २४९ मा रहेको यो पत्र शङ्करमान राजवंशीद्वारा सम्पादित शाहकालीन ऐतिहासिक चिठ्ठीपत्र संग्रह पहिलो भागका ३३–३९ पृ. मा छापिएको छ । मूल पत्रसँग रुजु गरी शुद्ध पाठ यहाँ दिइएको छ ।)

---

४७. मुचर्का = कुनै काम–कारवाईको बयान गरी कसैले लेखिदिएको कागतविशेष ।

४८. मर्त्तोल्यां = जुहारभोटको मर्तोली गाउँका बासिन्दा (कुमाऊँका इतिहासको ७५ पृ.)।

४९. वि. सं. १८७० फाल्गुन कृष्ण

गते	वार	तिथि	घडी	पला
माघ २७	सोम	तृतीया	३६	३

(पात्रोबाट)

रामचन्द्र वर्माको देवनागरी उर्दू–हिन्दी कोश, रामचन्द्र ढुङ्गानाको संक्षिप्त नेपाली कोश, ऐतिहासिक पत्रसंग्रह पहिलो भाग, श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट यहाँ शब्दका अर्थ दिइएका छन् । विशिष्ट शब्दको अर्थ दिँदा तत्तत्स्थानमा तत्तत्पुस्तकको उल्लेख गरिएकै छ ।

स्थानपरिचयको लागि कोस हाल्दा एच्. आर. थुइलिइरको निर्देशमा भारतसरकार-द्वारा वि. सं. १९४८ मा तयार पारिएको उत्तरपश्चिमी प्रान्त, अवध र नेपालको नक्शाबाट र पूर्णिमा ५ पूर्णाङ्कमा छापिएको नेपाल–अंग्रेजयुद्धको घोषणा नहुँदै अंग्रेजले गरेको युद्धको तयारी भन्ने निबन्धबाट मदत लिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(क्रमागत)

सिद्धान्तशिरोमणिको अनुवाद

—देवीप्रसाद भण्डारी

मनुः क्ष्मानगैर्युगैर्युगेन्दुभिश्च तैर्भवेत् ।
दिनं सरोजजन्मनो निशा च तत्प्रमाणिका ॥२३॥

अन्वय— क्ष्मानगैः, युगैः, मनुः, भवेत् । युगेन्दुभिः, तैः, सरोजजन्मनः, दिनम्, भवेत् । निशा, च, तत्प्रमाणिका, भवेत् ॥२३॥

पदार्थ— क्ष्मानगैः = ७१ (एकहत्तर) । युगैः = महायुगले । मनुः = एक मनु । भवेत् = हुन्छन् । युगेन्दुभिः = १४ (चौध) । तैः = ती मनुले । सरोजजन्मनः = ब्रह्माजीको । दिनम् = दिन । भवेत् = हुन्छ । निशा च = रात पनि । तत्प्रमाणिका = त्यति नै । भवेत् = हुन्छ ॥२३॥

भावार्थ—

७१ महायुग = एक मनुको समय[1] ।

१४ मनुको समय = ७१ महायुग × १४ = ९९४ महायुग = ब्रह्माजीको एक दिन ।

ब्रह्माजीको रात पनि दिन जति नै हुन्छ ।

यस कारण ब्रह्माजीको एक दिनमा ९९४ महायुग हुने भए । ब्रह्माजीको एक रातमा पनि ९९४ महायुग नै हुने भए । यो समय अलि स्थूल छ । सूक्ष्म कुरोचाहिँ तल्लो श्लोकमा आउँछ ॥२३॥

सन्धयः स्युर्मनूनां कृताब्दैः समा
आदिमध्यावसानेषु तैर्मिश्रितैः ।
स्याद् युगानां सहस्रं दिनं वेधसः
सोऽपि कल्पो द्युरात्रं तु कल्पद्वयम् ॥२४॥

अन्वय— मनूनाम्, आदिमध्यावसानेषु, कृताब्दैः, समाः, सन्धयः, स्युः । मिश्रितैः, तैः, युगानाम्,

---

१ एक मनुको समय (अवधि) = ७१ महायुग = ७१ × ४३,२०,००० सौरवर्ष
= ३०,६७,२०,००० सौरवर्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सहस्रम्, भवति, तत्, वेधसः, दिनम्, स्यात् । सः, कल्पः, अपि स्यात् । द्युरात्रम्, तु, कल्पद्वयम्, स्यात् ।।२४।।

पदार्थ— मनूनाम् = मनुहरूका । आदिमध्यावसानेषु = आदि, मध्य र अन्त्यमा । कृताब्दैः = सत्ययुगका वर्षले । समाः = बराबर । सन्धयः = सन्धिहरू । स्युः = हुन्छन् । मिश्रितैः = जोडिएका । तैः = ती वर्षहरूले । युगानाम् = महायुगहरूका । सहस्रम् = १००० (हजार) । भवति = हुन्छ (हुन्छन् ।) तत् = त्यो । वेधसः = ब्रह्माजीको । दिनम् = दिन । स्यात् = हुन्छ । सः = त्यो । कल्पः अपि = कल्प पनि । स्यात् = हुन्छ । द्युरात्रं तु = अहोरात्रचाहिं । कल्पद्वयम् = दुइ कल्प । स्यात् = हुन्छ ।।२४।।

भावार्थ— पहिला स्वायम्भुव मनुको आदिमा १७,२८,००० (सत्र लाख अट्ठाईस हजार) सौरवर्षको पहिलो सन्धि आउँछ । त्यसपछि स्वायम्भुव मनु आउँछन् र ७१ महायुग (३०,६७,२०,००० = तीस करोड सतसट्ठी लाख बीस हजार सौरवर्ष) भोग गर्दछन् । त्यसपछि स्वायम्भुव मनुको अन्त्य (दोस्रा स्वारोचिष मनुको आदि) मा १७,२८,००० सौरवर्षको दोस्रो सन्धि आउँछ । त्यसपछि दोस्रा स्वारोचिष मनु आउँछन् र ७१ महायुग (३०,६७,२०,००० सौरवर्ष) भोग गर्दछन् । त्यसपछि दोस्रा स्वारोचिष मनुको अन्त्य (तेस्रा उत्तमज मनुको आदि) मा १७,२८,००० सौरवर्षको तेस्रो सन्धि आउँछ । त्यसपछि तेस्रा उत्तमज मनु आउँछन् र ७१ महायुग (३०,६७,२०,००० सौरवर्ष) भोग गर्दछन् । यही नियमसँग १४ मनुले भोग गर्दै जाँदा १५ सन्धि हुन आउँछन् । १४ मनुको भोग ४,२९,४०,८०,००० (चार पद्म उनन्तीस करोड चालीस लाख असी हजार) सौरवर्ष र १५ सन्धिको भोग २,५९,२०,००० (दुइ करोड उनसट्ठी लाख बीस हजार) सौरवर्षको योग ४,३२,००,००,००० (चार पद्म बत्तीस करोड) सौरवर्ष हुन्छ ।

जस्तै—

पहिला स्वायम्भुव मनुको आदिको सन्धि	= १७,२८,०००	सौरवर्ष
पहिला स्वायम्भुव मनुको अवधि	= ३०,६७,२०,०००	"
पहिला स्वायम्भुव मनुको अन्त्य र दोस्रा स्वारोचिष मनुको आदि (बीच) को सन्धि	= १७,२८,०००	"
दोस्रा स्वारोचिष मनुको अवधि	= ३०,६७,२०,०००	"
दोस्रा स्वारोचिष मनुको अन्त्य र तेस्रा उत्तमज मनुको आदि (बीच) को सन्धि	= १७,२८,०००	"
तेस्रा उत्तमज मनुको अवधि	= ३०,६७,२०,०००	"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेस्रा उत्तमज मनुको अन्त्य र चौथा तामस मनुको आदि (बीच)को सन्धि	=	१७,२८,०००	सौरवर्ष
चौथा तामस मनुको अवधि	=	३०,६७,२०,०००	"
चौथा तामस मनुको अन्त्य र पाँचौँ रैवत मनुको आदि (बीच)को सन्धि	=	१७,२८,०००	"
पाँचौँ रैवत मनुको अवधि	=	३०,६७,२०,०००	"
पाँचौँ रैवत मनुको अन्त्य र छैटौँ चाक्षुष मनुको आदि (बीच)को सन्धि	=	१७,२८,०००	"
छैटौँ चाक्षुष मनुको अवधि	=	३०,६७,२०,०००	"
छैटौँ चाक्षुष मनुको अन्त्य र सातौँ वैवस्वत मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
सातौँ वैवस्वत मनुको अवधि	=	३०,६७,२०,०००	"
सातौँ वैवस्वत मनुको अन्त्य र आठौँ सावर्णि मनुको आदि (बीच)को सन्धि	=	१७,२८,०००	"
आठौँ सावर्णि मनुको अवधि	=	३०,६७,२०,०००	"
आठौँ सावर्णि मनुको अन्त्य र नवौँ दक्षसावर्णि मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
नवौँ दक्षसावर्णि मनुको अवधि	=	३०,६७,२०,०००	"
नवौँ दक्षसावर्णि मनुको अन्त्य र दशौँ ब्रह्मसावर्णि मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
दशौँ ब्रह्मसावर्णि मनुको अवधि	=	३०,६७,२०,०००	"
दशौँ ब्रह्मसावर्णि मनुको अन्त्य र एघाह्रौँ धर्मसावर्णि मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
एघाह्रौँ धर्मसावर्णि मनुको अवधि	=	३०,६७,२०,०००	"
एघाह्रौँ धर्मसावर्णि मनुको अन्त्य र बाह्रौँ रुद्रपुत्र मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
बाह्रौँ रुद्रपुत्र मनुको अवधि	=	३०,६७,२०,०००	"
बाह्रौँ रुद्रपुत्र मनुको अन्त्य र तेह्रौँ रौच्य मनुको आदि (बीच) को सन्धि	=	१७,२८,०००	"
तेह्रौँ रौच्य मनुको अवधि	=	३०,६७,२०,०००	"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेह्रौँ रौच्य मनुको अन्त्य र
चौधौँ भौत्यक मनुको आदि (बीच) को सन्धि = १७,२८,००० सौरवर्ष
चौधौँ भौत्यक मनुको अवधि = ३०,६७,२०,००० "
चौधौँ भौत्यक मनुको अन्त्यको सन्धि = १७,२८,००० "

सबैको योग = ४,३२,००,००,००० "

∴ चार पद्म बत्तीस करोड सौरवर्ष भएको हो ।

१४ मनु = १४ × ३०,६७,२०,००० सौरवर्ष = ४,२९,४०,८०,००० (चार पद्म उनन्तीस करोड चालीस लाख असी हजार) सौरवर्ष

१५ सन्धि = १५ × १७,२८,०००सौरवर्ष = २,५९,२०,०००(दुइ करोड उनसट्ठी लाख बीस हजार) सौरवर्ष

१४ मनु + १५ सन्धि = ४,२९,४०,८०,००० सौरवर्ष + २,५९,२०,००० सौरवर्ष = ४,३२,००,००,००० (चार पद्म बत्तीस करोड) सौरवर्ष

यस कारण त्रितालीस लाख बीस हजार सौरवर्षको (सत्य त्रेता द्वापर कलि यी चार युगको) एक महायुग हुने हुनाले चार पद्म बत्तीस करोड सौरवर्षमा एक हजारओटा महायुगहरू फिरिसक्छन् । एक हजार महायुग फिर्दा ब्रह्माजीको एक दिन हुन्छ । ब्रह्माजीको एक दिनलाई एक कल्प भन्दछन् ।

∴ ब्रह्माजीको एक अहोरात्र = २ कल्प = २ × ४,३२,००,००,००० सौरवर्ष
= ८,६४,००,००,००० (आठ पद्म चौसट्ठी करोड) सौरवर्ष

यताबाट ब्रह्माजीको एक अहोरात्रमा आठ पद्म चौसट्ठी करोड सौरवर्ष बित्दछन् भन्ने कुरा सिद्ध हुन्छ । यहाँ मनुको अवधि (३०,६७,२०,००० सौरवर्ष) को आदिमा र अन्त्यमा हुने सत्ययुगको समय (१७,२८,००० सौरवर्ष) तुल्य सन्धिका वर्षहरू मनुका अवधिमा जोडी सूक्ष्म विधिबाट ब्रह्माजीको वास्तव समय ल्याइएको छ ॥२४॥

१ उदाहरण

दोस्रा स्वारोचिष मनुको आरम्भ हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बिते होलान् ?
पहिला स्वायम्भुव मनुको आदिको सन्धि = १७,२८,००० सौरवर्ष
पहिला स्वायम्भुव मनुको अवधि = ३०,६७,२०,००० "
पहिला स्वायम्भुव मनुको अन्त्य र दोस्रा स्वारोचिष मनुको आदिको सन्धि = १७,२८,००० "

सबैको योग = ३१,०१,७६,००० "

∴ दोस्रा स्वारोचिष मनुको आरम्भ हुँदा सृष्टिदेखि ३१,०१,७६,००० (एकतीस करोड एक लाख छयहत्तर हजार) सौरवर्ष बितेछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ उदाहरण

सृष्टिको आदिदेखि ४,३१,५६,६५,७७५ (चार पद्म एकतीस करोड छपन्न लाख पैंसट्ठी हजार सात शय पचहत्तर) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले भोग गरेका कति सौरवर्ष बिते होलान् ?

यस्ता प्रश्नमा एक सन्धि र एक मनुको अवधिको योगले दिएका वर्षलाई भाग लिन्, आएको लब्धि बितेका मनु हुन्छन् । शेषचाहिँ एक सन्धिको अवधिभन्दा बढी भएमा सो बढी सङ्ख्या वर्तमान मनुले भोग गरिसकेका सौरवर्ष हुन्छन् ।

एक सन्धि र एक मनुको अवधि = १७,२८,००० सौरवर्ष + ३०,६७,२०,००० सौरवर्ष
= ३०,८४,४८,००० सौरवर्ष

३०८४४८०००) ४३१५६६५७७५ (१३ (तेह्रौं बितेका मनु भए)
३०८४४८०००
―――――――――
१२३११८५७७५
९२५३४४०००
―――――――――
३०५८४१७७५
− १७२८००० तेह्रौं मनुको अन्त्य र चौधौं मनुको आदिको सन्धि
―――――――――
३०४११३७७५ चौधौं मनुले भोग गरिसकेका सौरवर्ष

∴ चौधौं भौत्यक मनुले ३०,४१,१३,७७५ (तीस करोड एकचालीस लाख तेह्र हजार सात शय पचहत्तर) सौरवर्ष भोग गरिसक्लान् ।

६ प्रश्नमाला

(१) तेस्रा उत्तमज मनुको आरम्भ हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बिते होलान् ?

(२) पाँचौं रैवत मनुको आरम्भ हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बिते होलान् ?

(३) सातौं वैवस्वत मनुको आरम्भ हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बिते होलान् ?

(४) नवौं दक्षसावर्णि मनुको आरम्भ हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बित्लान् ?

(५) एघाह्रौं धर्मसावर्णि मनुको अन्त्य हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बित्लान् ?

(६) तेह्रौं रौच्य मनुको अन्त्य हुँदा सृष्टिको आदिदेखि कति सौरवर्ष बित्लान् ?

(७) सृष्टिको आदिदेखि २२,३३,५५,४४५ (बाईस करोड तेत्तीस लाख पचपन्न हजार चार शय पैंतालीस) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरे होलान् ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(८) सृष्टिको आदिदेखि ९२,७०,७२,१२५ (बयान्नब्बे करोड सत्तरी लाख बहत्तर हजार एक शय पच्चीस) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरिसके होलान् ?

(९) सृष्टिको आदिदेखि १,५४,३९,६८,२३५ (एक पद्म चवन्न करोड उनन्चालीस लाख अठसट्ठी हजार दुइशय पैंतीस) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरे होलान् ?

(१०) सृष्टिको आदिदेखि २,१६,०८,६४,५५० (दुइ पद्म सोह्र करोड आठ लाख चौसट्ठी हजार पाँच शय पचास) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरिसक्लान् ?

(११) सृष्टिको आदिदेखि २,७७,७७,६६,५५५ (दुइ पद्म सतहत्तर करोड सतहत्तर लाख छयसट्ठी हजार पाँच शय पचपन्न) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरिसक्लान् ?

(१२) सृष्टिको आदिदेखि ३,३९,४६,५६,६५६ (तीन पद्म उनन्चालीस करोड छयालीस लाख छपन्न हजार छ शय छपन्न) सौरवर्ष बित्दा कुनचाहिँ मनु होलान् र उनले कति सौरवर्ष भोग गरिसक्लान् ?

उत्तर

(१) ६१,८६,२४,००० सौरवर्ष ।
(२) १,२३,५५,२०,००० सौरवर्ष ।
(३) १,८५,२४,१६,००० सौरवर्ष ।
(४) २,४६,९३,१२,००० सौरवर्ष ।
(५) ३,३९,२९,२८,००० सौरवर्ष ।
(६) ४,००,९८,२४,००० सौरवर्ष ।
(७) पहिला स्वायम्भुव मनु थिए र उनले २२,१६,२७,४४५ सौरवर्ष भोग गरे ।
(८) चौथा तामस मनु थिए र उनले १२५ सौरवर्ष भोग गरे ।
(९) छैटौँ चाक्षुष मनु थिए र उनले २३५ सौरवर्ष भोग गरे ।
(१०) आठौँ सावर्णि मनु होलान् र उनले ५५० सौरवर्ष भोग गरिसक्लान् ।
(११) दशौँ ब्रह्मसावर्णि मनु होलान् र उनले ६,५५५ सौरवर्ष भोग गरिसक्लान् ।
(१२) बाह्रौँ रुद्रपुत्र मनु होलान् र उनले ६५६ सौरवर्ष भोग गरिसक्लान् ।

शतायुः शतानन्द एवं प्रदिष्ट-
स्तदायुर्महाकल्प इत्युक्तमाद्यैः ।
यतोऽनादिमानेष कालस्ततोऽहं
न वेद्म्यत्र पद्मोद्भवा ये गतास्तान् ।।२५।।

अन्वय— शतानन्दः, एवम्, शतायुः, प्रदिष्टः । तदायुः, महाकल्पः, इति, आद्यैः, उक्तम् । यतः, एषः,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालः, अनादिमान्, (अस्ति), ततः, अत्र, ये, पद्मोद्भवाः, गताः, तान्, अहम्, न, वेद्मि ।।२५।।

पदार्थ — शतानन्दः = ब्रह्माजी । एवम् = यस किसिमले । शतायुः = १०० (शय) वर्ष आयु भएका । प्रदिष्टः = बताइए । तदायुः = ती ब्रह्माजीको आयु । महाकल्पः इति = महाकल्प भनेर । आद्यैः = पहिलेका आचार्यहरूले । उक्तम् = बताइयो । यतः = किनभने । एषः = यो । कालः = समय । अनादिमान् = आदि नभएको । अस्ति = छ । ततः = त्यस कारण । अत्र = यहाँ । ये = जुन । पद्मोद्भवाः = ब्रह्माजीहरू । गताः = बिते । तान् = तिनीहरूलाई । अहम् = म । न वेद्मि = जान्दिन ।।२५।।

भावार्थ — दुइ कल्प (८,६४,००,००,००० = आठ पद्म चौसट्ठी करोड सौरवर्ष) हुँदा ब्रह्माजीको एक अहोरात्र हुन्छ । तीस अहोरात्र (साठी कल्प) हुँदा ब्रह्माजीको एक महीना हुन्छ । बाह्र महीना (७२० कल्प) हुँदा ब्रह्माजीको एक वर्ष हुन्छ । यही क्रमले ब्रह्माजीको आयु १०० बर्ष पुग्दा ७२,००० (बहत्तर हजार) कल्प बितिसकेका हुन्छन् । यसै (७२ हजार कल्प) लाई ब्रह्माजीको आयु भन्दछन् । ब्रह्माजीको आयु (७२ हजार कल्प) लाई १ महाकल्प पनि भन्दछन् । काल (समय) अनादि अनन्त भएको हुनाले अहिलेसम्म कति ब्रह्माजी बितिसके, त्यो कुरा थाहा पाउन सकिएको छैन ।।२५।।

तथा वर्तमानस्य कस्याऽयुषोऽर्धं
गतं सार्धवर्षाष्टकं केचिदूचुः ।
भवत्वागमः कोऽपि नास्योपयोगो
ग्रहा वर्तमानद्युयातात् प्रसाध्याः ।।२६।।

अन्वय — तथा, वर्तमानस्य, कस्य, आयुषः, अर्धम्, गतम्, इति, केचित्, ऊचुः । केचित्, सार्धवर्षाष्टकम्, गतम्, इति, ऊचुः । कः, अपि, आगमः, भवतु । अस्य, उपयोगः, न । वर्तमानद्युयातात्, ग्रहाः, प्रसाध्याः ।।२६।।

पदार्थ — तथा = त्यस्तै । वर्तमानस्य = वर्तमान । कस्य = ब्रह्माजीको । आयुषः = आयुको । अर्धम् = आधा । गतम् इति = बित्यो भनेर । केचित् = कसैले । ऊचुः = भने । केचित् = कसैले । सार्धवर्षाष्टकम् = साढे आठ वर्ष । गतम् इति = बित्यो भनेर । ऊचुः = भने । कः अपि = कुनै पनि । आगमः = शास्त्र । भवतु = भइरहोस् । अस्य = यसको । उपयोगः = उपयोग । न = छैन । वर्तमानद्युयातात् = वर्तमान दिनगतबाट । ग्रहाः = ग्रहहरू । प्रसाध्याः = साधना गर्नुपर्छ ।।२६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भावार्थ— कसैले वर्तमान ब्रह्माजीको आयु ५० वर्ष बितिसक्यो भने । कसैले साढे आठ वर्ष बितिसक्यो भने । यहाँ जुन शास्त्र माने पनि हुन्छ । किनभने ब्रह्माजीको वर्तमान दिनगतबाट ग्रहहरू साधन गर्नुपर्ने हुनाले ब्रह्माजीको बितेको आयुको प्रयोजन छैन ॥२६॥

यतः सृष्टिरेषां दिनादौ दिनान्ते
लयस्तेषु सत्स्वेव तच्चारचिन्ता ।
अतो युज्यते कुर्वते तां पुनर्ये-
ऽप्यसत्स्वेषु तेभ्यो महद्भ्यो नमोऽस्तु ॥२७॥

अन्वय— यतः, दिनादौ, एषाम्, सृष्टिः, (भवति) । दिनान्ते, लयः, (भवति) । अतः, तेषु, सत्सु, एव, तच्चारचिन्ता, युज्यते । ये, एषु, असत्सु, अपि, पुनः, ताम्, कुर्वते, तेभ्यः, महद्भ्यः, नमः, अस्तु ॥२७॥

पदार्थ— यतः = किनभने । दिनादौ = ब्रह्माजीको दिनको आरम्भमा । एषाम् = यी ग्रहहरूको । सृष्टिः = सृष्टि । भवति = हुन्छ । दिनान्ते = ब्रह्माजीको साँझमा । लयः = प्रलय । भवति = हुन्छ । अतः = यस कारण । तेषु = ती ग्रहहरू । सत्सु एव = छँदामा नै । तच्चारचिन्ता = तिनीहरूको गतिको विचार गर्नु । युज्यते = योग्य हुन्छ । ये = जुन मानिसहरू । एषु = यी ग्रहहरू । असत्सु अपि = नभएमा पनि । पुनः = फेरि । ताम् = ग्रहगतिको विचार । कुर्वते = गर्दछन् । तेभ्यः = ती । महद्भ्यः = महानुभावहरूलाई । नमः अस्तु = नमस्कार छ ॥२७॥

भावार्थ— ब्रह्माजीको दिनको आरम्भ हुँदा ग्रहहरूको सृष्टि हुन्छ । ब्रह्माजीको साँझ पर्दा ग्रहहरूको लय हुन्छ । यस कारण ती ग्रहहरू छँदामा नै तिनीहरूको गतिको विचार गर्नु योग्य हुन्छ । ब्रह्माजीको एक दिनभन्दा बढी (४,३२,००,००,००० = चार पद्म बत्तीस करोड सौरवर्षभन्दा बढी) समयको यहाँ कुनै प्रयोजन छैन ॥२७॥

याता षण् मनवो युगानि भ२७मितान्यन्यद् युगाङ्घ्रित्रयं
नन्दाद्रीन्दुगुणा३,१७९स्तथा शकनृपस्यान्ते कलेर्वत्सराः ।
गोद्रीन्द्वद्रिकृताङ्कदस्रनगगोचन्द्राः १,९७,२९,४७,१७९ शकाब्दान्विताः
सर्वे सङ्कलिताः पितामहदिने स्युर्वर्तमाने गताः ॥२८॥

अन्वय— षट्, मनवः, याताः । भमितानि, युगानि, यातानि । अन्यत्, युगाङ्घ्रित्रयम्, यातम् । तथा, शकनृपस्य, अन्ते, कलेः, नन्दाद्रीन्दुगुणाः, वत्सराः, याताः । गोद्रीन्द्वद्रिकृताङ्क-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दस्रनगगोचन्द्राः, शकाब्दान्विताः, (कार्याः) । सङ्कलिताः, सर्वे, वर्तमाने, पितामहदिने, गताः, (अब्दाः), स्युः ॥२८॥

पदार्थ — षट् = छजना । मनवः = मनुहरू । याताः = बिते । भमितानि = सत्ताईस । युगानि = महायुगहरू । यातानि = बिते । अन्यत् = अरू । युगाङ्घ्रित्रयम् = तीन युगचरण । यातम् = बित्यो । तथा = त्यस्तै । शकनृपस्य = शक राजाको । अन्ते = अन्त्यमा (शकसंवत्को आरम्भकालमा) । कलेः = कलियुगको । नन्दाद्रीन्दुगुणाः = ३,१७९ (तीन हजार एक शय उनासी) । वत्सराः = वर्ष । याताः = बिते । गोद्रीन्द्वद्रिकृताङ्कदस्रनगगोचन्द्राः = १,९७,२९,४७,१७९ (एक पद्म सन्तानब्बे करोड उनन्तीस लाख सतचालीस हजार एक शय उनासी) । शकाब्दान्विताः = शकसंवत् जोडिएका । कार्याः = गर्नू । सङ्कलिताः = जम्मा भएका । सर्वे = सबै । वर्तमाने = वर्तमान (यस) । पितामहदिने = ब्रह्माजीको दिनमा (यस कल्पमा) । गताः = गएका । अब्दाः = वर्ष । स्युः = हुन्छन् ॥२८॥

भावार्थ — शकसंवत्को आरम्भकालमा ६ जना मनु, २७ (सत्ताईस) महायुग, सत्य त्रेता द्वापर यी तीन युगचरण र कलियुगको ३,१७९ (तीन हजार एक शय ऊनासी) सौरवर्ष बितिसकेका थिए । त्यति बितिसक्दा १,९७,२९,४७,१७९ (एक पद्म सन्तानब्बे करोड उनन्तीस लाख सतचालीस हजार एक शय उनासी) सौरवर्ष सृष्टिको आदिदेखि बितेका हुन्छन् । यस कारण यिनै सृष्टिका आदिदेखि बितेका वर्ष (१,९७,२९,४७,१७९ सौरवर्ष) मा इष्ट शकसंवत् जोड्नू, योगफल सृष्टिदेखि वर्तमान इष्ट शकसंवत्को आरम्भसम्म बितेका सौरवर्ष हुन्छन् ।

६ मनुका अवधि =	६ × ३०,६७,२०,०००	= १,८४,०३,२०,०००	सौरवर्ष
७ सन्धिका अवधि =	७ × १७,२८,०००	= १,२०,९६,०००	"
२७ महायुगका अवधि =	२७ × ४३,२०,०००	= ११,६६,४०,०००	"
तीन युगचरण =	सत्ययुगको अवधि =	१७,२८,०००	"
	त्रेतायुगको अवधि =	१२,९६,०००	"
	द्वापरयुगको अवधि =	८,६४,०००	"
शकारम्भकालमा कलियुगका बितेका वर्ष =		३,१७९	"
सबैको योग		= १,९७,२९,४७,१७९	सौरवर्ष

∴ सृष्टिको आदिदेखि शकारम्भकालतक बितेका सौरवर्ष १,९७,२९,४७,१७९ भए ।

यस कारण यिनै सौरवर्षमा इष्ट शकसंवत् जोडिदियो भने सृष्टिको आदिदेखि वर्तमान इष्ट वर्षको आरम्भतक बितेको सौरवर्षगण हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विक्रमसंवत् चलेको १३५ वर्षपछि शकसंवत् चलेको हो। त्यस कारण विक्रमसंवत्बाट १३५ घटाउँदा रहेको शेष शकसंवत् हुन्छ ॥२८॥

१ उदाहरण

वि. सं. १६१३ को आरम्भकालमा सृष्टिको आदिदेखि बितेको वर्षगण ल्याउँदा—

इष्ट शकसंवत् = वि. सं. १६१३—१३५ = १४७८

सृष्टिको आदिदेखि शकारम्भकालतक बितेका वर्ष	=	१,९७,२९,४७,१७९
इष्ट शकसंवत्	=	+१,४७८
सृष्टिको आदिदेखि वि. सं. १६१३ को आरम्भतक बितेका वर्ष	=	१,९७,२९,४८,६५७

२ उदाहरण

विक्रमसंवत्को आरम्भ हुनुभन्दा ३०५२ वर्ष पहिले (द्वापरयुग समाप्ति हुन ८ वर्ष बाँकी हुँदा = कलियुगारम्भभन्दा ८ वर्षअगाडि) को वर्षारम्भकालमा सृष्टिको आदिदेखि बितेका वर्ष कति होलान् ?

शकारम्भपूर्वका वर्ष = विक्रमपूर्वका वर्ष + १३५ = ३०५२ + १३५ = ३१८७

सृष्टिको आदिदेखि शकारम्भकालतक बितेका वर्ष	=	१,९७,२९,४७,१७९
शकारम्भभन्दा पूर्वका वर्ष	=	—३१८७
सृष्टिको आदिदेखि विक्रमपूर्व ३०५२ को आरम्भतक बितेका वर्ष	=	१,९७,२९,४३,९९२

७ प्रश्नमाला

(१) वि. सं. १२४० को वर्षारम्भकालमा सृष्टिको आदिदेखि बितेका वर्षगण ल्याऊ।
(२) वि. सं. १४४७ को ,,
(३) वि. सं. १५५७ को ,,
(४) वि. सं. १५७७ को ,,
(५) वि. सं. १५७८ को ,,
(६) वि. सं. १६७६ को ,,
(७) वि. सं. १७३३ को ,,
(८) वि. सं. १७४६ को ,,
(९) वि. सं. १८१९ को ,,
(१०) वि. सं. १८५४ को ,,
(११) वि. सं. २०२२ को ,,
(१२) वि. सं. २०२३ को ,,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(१३) वि. सं. २०२४ को वर्षारम्भकालमा सृष्टिको आदिदेखि बितेका वर्षगण ल्याऊ ।

(१४) वि. सं. २०२५ को „

(१५) वि. सं. को आरम्भ हुनुभन्दा २०७९ वर्षपहिलेको „

(१६) वि. सं. को आरम्भ हुनुभन्दा १००५ वर्षपहिलेको „

(१७) वि. सं. को आरम्भ हुनुभन्दा ७०५ वर्षपहिलेको „

उत्तर

(१) १,९७,२९,४८,२८४ । (२) १,९७,२९,४८,४९१ । (३) १,९७,२९,४८,६०१ ।
(४) १,९७,२९,४८,६२१ । (५) १,९७,२९,४८,६२२ । (६) १,९७,२९,४८,७२० ।
(७) १,९७,२९,४८,७७६ । (८) १,९७,२९,४८,७९० । (९) १,९७,२९,४८,८६३ ।
(१०) १,९७,२९,४८,८९८ । (११) १,९७,२९,४९,०६६ । (१२) १,९७,२९,४९,०६७ ।
(१३) १,९७,२९,४९,०६८ । (१४) १,९७,२९,४९,०६९ । (१५) १,९७,२९,४४,९६५ ।
(१६) १,९७,२९,४६,०३९ । (१७) १,९७,२९,४६,३३९ ।

स्वायम्भुवो मनुरभूत् प्रथमस्ततोऽमी
स्वारोचिषोत्तमजतामसरैवताख्याः ।
षष्ठस्तु चाक्षुष इति प्रथितः पृथिव्यां
वैवस्वतस्तदनु सम्प्रति सप्तमोऽयम् ।।२९।।

अन्वय— प्रथमः, स्वायम्भुवः, मनुः, अभूत् । ततः, स्वारोचिषोत्तमजतामसरैवताख्याः, अमी, (मनवः), अभूवन् । षष्ठः, तु, चाक्षुषः, इति, अभूत् । तदनु, सम्प्रति, सप्तमः, पृथिव्याम्, प्रथितः, अयम्, वैवस्वतः, वर्तते ।। २९ ।।

पदार्थ— प्रथमः = पहिला । स्वायम्भुवः = स्वायम्भुव । मनुः = मनु । अभूत् = भए । ततः = त्यसपछि । स्वारोचिषोत्तमजतामसरैवताख्याः = स्वारोचिष, उत्तमज, तामस, रैवत नाम गरेका । अमी = यी । मनवः = मनुहरू । अभूवन् = भए । षष्ठः तु = छैटौं-चाहिँ । चाक्षुषः इति = चाक्षुष मनु । अभूत् = भए । तदनु = त्यसपछि । सम्प्रति = अहिले । सप्तमः = सातौं । पृथिव्याम् = पृथ्वीमा । प्रथितः = प्रख्यात भएका । अयम् = यी । वैवस्वतः = वैवस्वत मनु । वर्तते = छन् ।। २९ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भावार्थ— पहिला स्वायम्भुव मनु, दोस्रा स्वारोचिष मनु, तेस्रा उत्तमज मनु, चौथा तामस मनु, पाँचौं रैवत मनु, छैटौं चाक्षुष मनु, सातौं वैवस्वत मनु भए ।

यी मनुहरूमध्ये सातौं वैवस्वत मनुको समय अहिले पृथ्वीमा चलिरहेको छ ॥ २९ ॥

बृहस्पतेर्मध्यमराशिभोगात्
संवत्सरं सांहितिका वदन्ति ।
ज्ञेयं विमिश्रं तु मनुष्यमानं
मानैश्चतुर्भिर्व्यवहारवृत्तेः ॥ ३० ॥

अन्वय— सांहितिकाः, बृहस्पतेः, मध्यमराशिभोगात्, संवत्सरम्, वदन्ति । चतुर्भिः, मानैः, व्यवहारवृत्तेः, मनुष्यमानम्, तु, विमिश्रम्, ज्ञेयम् ॥ ३० ॥

पदार्थ— सांहितिकाः = संहिताकारहरू । बृहस्पतेः = बृहस्पतिको । मध्यमराशिभोगात् = मध्यम राशिको भोगबाट । संवत्सरम् = संवत्सर । वदन्ति = भन्दछन् । चतुर्भिः = चार प्रकारका । मानैः = मानले । व्यवहारवृत्तेः = व्यवहार चलेको हुनाले । मनुष्यमानम् तु = मनुष्यको मानचाहिँ । विमिश्रम् = मिसिएको । ज्ञेयम् = जान्नू ॥ ३० ॥

भावार्थ— आफ्नो मध्यमगतिको मान (हिसाब) बाट बृहस्पतिले एक राशिको भोग गर्दा प्रभवादि ६० संवत्सरहरूमध्ये एक संवत्सर भुक्त हुन्छ (फिर्दछ) । बृहस्पतिको यस मध्यमगतिको मानलाई बार्हस्पत्यमान भन्दछन् । यहाँ यही बार्हस्पत्यमानबाट संवत्सर चलेको छ । चार प्रकारका मान (सौरमान, चान्द्रमान, सावनमान र नाक्षत्रमान) हरू हाम्रो व्यवहारमा चलिरहेका छन् ॥३०॥

वर्षायनर्तुयुगपूर्वकमत्र सौराद्
मासास्तथा च तिथयस्तुहिनांशुमानात् ।
यत् कृच्छ्रसूतकचिकित्सितवासराद्यं
तत् सावनाच्च घटिकादिकमार्क्षमानात् ॥३१॥

अन्वय— अत्र, वर्षायनर्तुयुगपूर्वकम्, सौरात्, कथितम् । तथा, मासाः, तिथयः, च, तुहिनांशुमानात्, कथिताः । यत्, कृच्छ्रसूतकचिकित्सितवासराद्यम्, तत्, सावनात्, कथितम् । घटिकादिकम्, आर्क्षमानात्, कथितम् ॥ ३१ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पदार्थ-- अत्र = यहां । वर्षायनर्तुयुगपूर्वकम् = वर्ष, अयन, ऋतु, युग आदि । सौरात् = सौरमानबाट । कथितम् = बताइयो । तथा = त्यस्त । मासाः = महीना र । तिथयः च = तिथिहरू । तुहिनांशुमानात् = चान्द्रमानबाट । कथिताः = बताइए । यत् = जो । कृच्छ्रसूतकचिकित्सितवासराद्यम् = प्रायश्चित्त व्रत आदिको काम, सूतकको काम, औषधि गर्ने काम र वार आदिका कामहरू हुन् । तत् = त्यो । सावनात् = सावनमानबाट (दिनगन्तीबाट) । कथितम् = बताइयो । घटिकादिकम् = घडी आदि । आर्क्षमानात् = नाक्षत्रमानबाट । कथितम् = बताइयो ।। ३१ ।।

भावार्थ-- वर्ष, अयन, ऋतु र युग सौरमानबाट चलेको छ । महीना र तिथिचाहिँ चान्द्रमानबाट चलेको छ । प्रायश्चित्त व्रतको काम, सूतकको काम, औषधि गर्ने काम र वारको कामचाहिँ सावनमानबाट (दिनगन्तीबाट) चलेको छ । घडी पलाचाहिँ नाक्षत्रमानबाट चलेको छ ।। ३१ ।।

एवं पृथग् मानवदैवजैव-
पैत्रार्क्षसौरैन्दवसावनानि ।
ब्राह्मं च काले नवमं प्रमाणं
ग्रहास्तु साध्या मनुजैः स्वमानात् ।।३२।।

अन्वय-- एवम्, काले, मानवदैवजैवपैत्रार्क्षसौरैन्दवसावनानि, पृथग्, (कथितानि), । नवमम्, ब्राह्मम्, प्रमाणम्, च, (कथितम्) । ग्रहाः, तु, मनुजैः, स्वमानात्, साध्याः ।।३२।।

पदार्थ-- एवम् = यसरी । काले = काल (समय) मा । मानवदैवजैवपैत्रार्क्षसौरैन्दवसावनानि = मनुमान, दैवमान, बार्हस्पत्यमान, पैत्रमान, नाक्षत्रमान, सौरमान, चान्द्रमान, सावनमानहरू । पृथग् = भिन्नाभिन्नै । कथितानि = बताइए । नवमम् = नवौं । ब्राह्मम् = ब्राह्म । प्रमाणम् च = मान पनि । कथितम् = बताइयो । ग्रहाः तु = ग्रहहरूचाहिँ । मनुजैः = मानिसहरूले । स्वमानात् = आफ्नो मानबाट । साध्याः = साधना गर्नुपर्छ ।। ३२ ।।

भावार्थ-- काल (समय) मा मनुमान, दैवमान, बार्हस्पत्यमान, पैत्रमान, नाक्षत्रमान, सौरमान, चान्द्रमान, सावनमान र ब्राह्ममान गरी नौ थरी मान बताइएका छन्[२] । हाम्रो

---

[२] १ मनुमान यसै अङ्कको १०१ पृष्ठमा २३ श्लोकको अर्थमा परेको छ ।
२ दैवमान पूर्णिमा २५ अङ्कको १७ " १९ " " "
३ बार्हस्पत्यमान यसै अङ्कको ११२ " ३० " " "

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यवहारमा सौरमान, चान्द्रमान, सावनमान र नाक्षत्रमान चलेका हुनाले यिनै चार प्रकारका मानबाट ग्रहहरूको साधना गर्नुपर्दछ ॥ ३२ ॥

श्रीभास्कराचार्यले बनाएको सिद्धान्तशिरोमणिको
कालमानाध्याय समाप्त भयो ।

आत्मसंशोधन

—दिनेशराज पन्त

पूर्णिमा ५ अङ्कमा छापिएको लाहोरमा नेपाली वीरहरू भन्ने निबन्धमा—

मूरक्रौफट वि. सं. १८६९को शुरूमा नेपालराज्यको बाटो भेष फेरी भोट पस्न खोज्दा कुमाउँमा समातिएका थिए ।

— भनी सो अङ्कको ६६ पृष्ठमा मैले लेखेको थिएँ । तर यो अशुद्ध हुन गएको छ । यस कारण माथिको सट्टा तलको वाक्य पढ्न पाठकहरूलाई अनुरोध गरिन्छ—

मुर्क्रोफट वि. सं. १८६९ को शुरूमा नेपालराज्यको गढवालको बाटो भेष फेरी भोट पसेका थिए। पछि भोटबाट फर्कंदा नेपालराज्यको गढवालमा उनी समातिएका थिए। (यसको प्रमाण यही अङ्कका ७६–८१ पृष्ठमा छ।)

~★~

---

४ पैत्रमान पूर्णिमा २५ अङ्कको १८ पृष्ठमा १९ श्लोकको अर्थमा परेको छ।
५ नाक्षत्रमान " " १९ २० " " "
६ सौरमान " " १७ " १९ " " "
७ चान्द्रमान " " १७ " १९ " " "
८ सावनमान " " १८ " २० " " "
९ ब्राह्ममान यही अङ्कका १०१–१०७ " २३–२५ " " "

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण

अष्टाक्षिव्योमनेत्रैः कलयति समतां वत्सरे वैक्रमाख्ये
सौराद् माघे रिपुक्ष्मापरिमितदिवसे वासरे भास्करस्य ।
चान्द्रात् कृष्णे तपस्ये प्रतिपदि सुतनौ दृश्यमाने शशाङ्के
रात्रेर्यामे चतुर्थे बत दिवमगमद् भूमिपः श्रीमहेन्द्रः ॥१॥

२०२८ मिते वैक्रमाब्दे सौराद् माघस्य षोडशे दिवसे चान्द्रात् फाल्गुनकृष्णप्रतिपदि रविवासरे पूर्णबिम्बे चन्द्रे दृश्यमाने ।

वर्षैः कैश्चिद् नृपोऽसौ हृदयभवरुजा पीड्यमानो बभूव
वैद्यैः पाश्चात्त्यविद्यासुकुशलमतिभिः स्वस्थतां प्रापितश्च ।
भूयोऽरण्ये चितौने भरतपुरभवे स्वीयवासे प्रवासे
भूपञ्चाब्दोऽपि दैवाद् हृदयभवरुजा हन्त सोऽभूत् परासुः ॥२॥

भूयोऽरण्ये = भूयांसि अरण्यानि यत्र इति बहुव्रीहिसमासः ।

भूपञ्चाब्दः = एकपञ्चाशद्वर्षः ।

परासुः

परासुप्राप्तपञ्चत्वपरेतप्रेतसंस्थिताः ।
मृतप्रमीतौ त्रिष्वेते ॥११७॥

(अमरः २।८)

सन्ध्यायां सोमवारे धरणिपतिशवं राजधानीं विमान-
मानैषीत् संस्क्रियाऽऽभूत् पशुपतिनिकटे पश्चिमा पूर्वरात्रे ।
वीरेन्द्रो ज्येष्ठसूनुर्धरणिपतिपदे पैतृकेऽभूद् निषण्णो
ज्ञानेन्द्रेण व्यधायि स्वकुलसमुचिताऽऽन्त्यक्रिया मध्यमेन ॥ ३ ॥

राजधानीं = काष्ठमण्डपम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिनिकटे = वाग्वत्याः आर्यतीर्थे ।

पश्चिमा संस्क्रिया

तं गृहोपवन एव सङ्गताः पश्चिमक्रतुविदा पुरोधसा ।
रोगशान्तिमपदिश्य मन्त्रिणः संभृते शिखिनि गूढमादधुः ।। ५४ ।।

(रघुवंशे १९ सर्गे)

—इति कालिदासः ।

पूर्वरात्रे

पूर्वं रात्रेः इति विग्रहे "पूर्वापराधरोत्तरमेकदेशिनैकाधिकरणे" (पाणिनिः २।२।१) इति समासः । "अहस्सर्वैकदेशसङ्ख्यातपुण्याच्च रात्रेः" (पाणिनिः ५।४।८७) इति समासान्तः अच्प्रत्ययः ।

स्वीयं देशं विदेशानपि स बहुतरान् दृष्टवान् काव्यकारो
गूढाकारः पटीयान् परिमितसुकथो भूरिसम्पर्कशाली ।
पञ्चायत्तां व्यवस्थां निजविषयगतां कारयन् दिक्समाभि-
र्नेपालं सप्तपृथ्वीपरिमितशरदोऽशाद् निजायत्तसिद्धिः ।।४।।

परिमितसुकथः = वाग्मी ।

मितं च सारं च वचो हि वाग्मिता । इति सुभाषितम् ।

पञ्चायत्ता व्यवस्था = पञ्चानां सभ्यानाम् आयत्ता अधीना शासनपद्धतिः ।

अधीनो निघ्न आयत्तोऽस्वच्छन्दो गृह्यकोऽप्यसौ ।।१६।।

(अमरः ३।१)

दिक्समाभिः = दशभिः वर्षैः ।

सप्तपृथ्वीपरिमितशरदः = सप्तदश वर्षाणि ।

संवत्सरो वत्सरोऽब्दो हायनोऽस्त्री शरत् समाः ।।२०।।

(अमरः १।४)

अशात्

शासु अनुशिष्टौ इत्यस्य लङि प्रथमपुरुषैकवचने ।

निजायत्तसिद्धिः = स्वबुद्धया राज्यसञ्चालकः ।

अर्थशास्त्रकारास्त्रिविधां सिद्धिमुपवर्णयन्ति । तद् यथा — राजायत्तां सचिवायत्तामुभयायत्ताञ्चेति ।

(मुद्राराक्षसे तृतीयेऽङ्के चाणक्योक्तिः)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वृद्धामम्बां द्वितीयां तनयविरहितां त्रीन् सुतान् पुत्रवध्वौ
पौत्रौ तिस्रोऽपि पुत्रीः पतिसदनगता भोगिनीं तत्सुतं च ।
हित्वा यातो नृपोऽसौ वसतु दिवि सुखं शं तदीये कुले स्ताद्
राष्ट्रं तेजो न हेयादिति च पशुपतिं प्रार्थये खिन्नचेताः ॥५॥

अम्बाम् = मातरम् । २०२८।१०।१८।३

द्वितीयाम्

पत्नी पाणिगृहीतीती च द्वितीया सहधर्मिणी ॥५॥
भार्या जायाऽथ पुंभूम्नि दाराः

(अमरः २।६)

भोगिनीम्

कृताभिषेका महिषी भोगिन्योऽन्या नृपस्त्रियः...॥५॥

(अमरः २।६)

स्तात् = अस्तु

अस्धातोः आशिषि लोटि प्रथमपुरुषैकवचने । "तुह्योस्तातङाशिष्यन्यतरस्याम्" (पाणिनिः ७।१।३५) इति तातङ्आदेशः । "श्नसोरल्लोपः" (पाणिनिः ६।४।१११) इति अकारलोपः ।

न हेयात् = न त्यजतु

जहातेः आशिषि लिङि प्रथमपुरुषैकवचने । "एर्लिङि" (पाणिनिः ६।४।६७) इति एत्वम् ।

[वि. सं. २०२८ माघ १६ गते आइतवार माघशुक्ल पूर्णिमाउप्रान्त फाल्गुनकृष्ण परेवामा रातको ३ बजेर ४५ मिनेट जांदा चितौन भरतपुरको दियालो बङ्गलामा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण भयो ।

केही वर्षदेखि हृदयरोगले उहाँ महाराजाधिराजलाई दुःख दिइरहेको थियो । डाक्टरहरूको उपचारले रोग निको भएको थियो । साह्रै अफशोच छ, अहिले त्यही रोग उल्टेर ५१ वर्षको उमेरमै उहाँको स्वर्गवास भयो ।

माघ १७ गते सोमवार दिउँसो स्वर्गवासी महाराजाधिराजका जेठा छोरा श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट महाराजाधिराजको रूपमा सिंहासनारोहण भयो ।

सोही दिन साँझ स्वर्गवासी महाराजाधिराजको शव विमानद्वारा राजधानी ल्याइयो । पशुपति आर्यघाटमा सोही दिन रातको पूर्वार्धमा दाहसंस्कार भयो । श्री ५ माहिला अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहको बाहुलीबाट और्ध्वदैहिक क्रिया सम्पन्न भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चरित्र तथा शासन	आफ्नो देश नेपाल र विदेशका पनि धेरै भागको भ्रमण । आफ्नो आकार गुप्त राख्न सक्ने चतुर राजनीतिज्ञता । चाहिँदो राम्रो भाषण गर्न सक्ने योग्यता । कवि । विशाल जनसम्पर्क । सत्र वर्षसम्म रजाइँ । दश वर्षदेखि पञ्चायतप्रणाली-द्वारा शासन । आफ्नो बुद्धिबाट शासन चलाउन सक्ने उत्तम शासकमा हुने गुण ।

वृद्धावस्थाकी आमा श्री ५ मुमाबडामहारानी कान्तिराज्यलक्ष्मीदेवी (वर्तमान श्री ५ जिज्यूमुमाबडामहारानी), सन्तानहीन श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवी (वर्तमान श्री ५ मुमाबडामहारानी), तीन छोरा (वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव, श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाह, श्री ५ अधिराजकुमार धीरेन्द्रवीर-विक्रम शाह), दुइ बुहारी (वर्तमान श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी, श्री ५ अधिराज-कुमारी कोमलराज्यलक्ष्मी), दुइ नाति (वर्तमान श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाह-देव, श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहका छोरा श्री ५ शाहजादा पारसवीरविक्रम शाह), विवाह भएका तीन छोरी (श्री ५ अधिराजकुमारी शान्ति सिंह, श्री ५ अधिराजकुमारी शारदा शाह, श्री ५ अधिराजकुमारी शोभा शाही), छोरा राजकुमार रवीन्द्रविक्रम शाह र उहाँकी मुमालाई समेत छोडी श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गवास भयो । यस घटनाले मेरो मन खिन्न भएको छ ।

स्वर्गवासी महाराजाधिराजलाई स्वर्गमा शान्ति मिलोस्, राजपरिवारमा कल्याण रहोस्, नेपालराष्ट्रको गौरव घट्न नपाओस् भनी श्रीपशुपतिनाथसँग म प्रार्थना गर्दछु ।]

एतेषां नामलिङ्गानां पुरुषाणां महात्मनाम् ।
कथामात्रावशिष्टानां कीर्तिरेव स्थिता भुवि ॥३६॥

(श्रीमद्भागवत द्वादश स्कन्ध द्वितीय अध्याय)

[नाउँ मात्रै चिनो भएर कुरा मात्रै बाँकी रहेका यी महापुरुषहरूको कीर्ति नै बाँकी छ ।]

—नयराज पन्त

[यस निबन्धलाई तयार गर्दा नानी दिनेशराज पन्तले मेरो इच्छा र विचारअनुसार काम गरिदिएका छन् । नानी महेशराज पन्तबाट पनि केही काम भएको छ । दुवैलाई यथोचित धन्यवाद छ ।]

☆

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य

प्रमाणको आधारमा संशोधन–मण्डलले सिद्धान्त स्थापना गर्दै आएको छ । प्रमाणद्वारा सिद्ध भएका कुरालाई स्वीकार गर्ने र प्रमाणले सिद्ध हुन नसक्ने कुरालाई स्वीकार नगर्ने संशोधन–मण्डलको नियम छ । त्यसैअनुसार अहिले पनि केही बोलिन्छ ।

"स ४४६ माघ शुदि ३ तिरहुतिः हरशिंह राजासन मिथ्लासनतो सन्त्रगहीटो ढिलींस तुरकयाके वङ रायत मोनारपम्. थमु अगुमन याङ वस्यम् शिमरावन गह्र भङ्ग याङ, तिरहुतिया राजा महाथ आदिन समस्त व डंङ व्यसनवङ्गटोम्, ग्वलछिनोलिन्दुं बिर ववः ग्वलछिन राजगाम द्वलखाधारे वंग्व । टिंपाटस राजा हरशिंहटो शिक्व, थ्वस कायन महाथन उभय बंधि यङा कुलनं जोङ बि फंग्व, राजगामया मञ्चि भारो धायान समस्त धन्न कासन ।।"

(गोपालराजवंशावली ४६ पत्रबाट)

"स ४५२ मार्गशिर शुदि १२ चंदनएस्वरनं राजगा काया दिन ।।"

(गो. रा. वंशावली ४७ पत्रबाट)

[ने. सं. ४४६ (वि. सं. १३८२) माघ शुक्ल तृतीया[१] । तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफू अगि सरी... मिथिलाबाट दिल्लीका तुरक (गयासुद्दीन तुगलक)-माथि जाइलागे । सिम्रौनगढ ध्वस्त पारियो । तिरहुतका राजा मन्त्री आदि सबै उठी भागे । केही कालपछि फेरि पसे । केही कालपछि राजग्राम दोलखामा आउँदा टिंपाटमा (तीनपाटनमा) राजा हरसिंहदेवको मृत्यु भयो । यिनका छोरा मन्त्री दुवै कैद गरिए, परिवार पनि समातियो ।... ...[२] राजग्रामका भारादारले जम्मै धन हात लाए ।

---

१. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ४४६ (वि. सं. १३८२) माघ शुक्ल

गते	वार	तिथि	घडी पला
माघ १३	मङ्गल	तृतीया	५३। १

२. यो पुस्तक प्रकाशित गर्दा "बि फंग्व" को अर्थ लागेको थिएन । "बि फंग्व" को अर्थ "शरण मागे" भन्ने रहेछ । (पूर्णिमा ७ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल भन्ने निबन्ध । सो अङ्कको १४ पृ. ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने. सं. ४५२ (वि. सं. १३८८) मार्ग शुक्ल द्वादशी[३]का दिन चण्डेश्वरले राजग्राम कब्जा गरे ।]

(इतिहास-संशोधनको प्रमाणप्रमेयका २३३-२३४ पृष्ठबाट)

मुख्य यी प्रमाणका आधारमा

वि. सं. १३८१ मा दिल्लीका बादशाह गयासुद्दीन तुगलक बङ्गालबाट फर्कंदा तिरहुतको बाटो गरी फर्केका थिए । त्यस वेला गयासुद्दीन तुगलकले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने संझी प्रजा उठाई हर्सिंहदेव लड्न तयार भई निस्के । यसैले हर्सिंहदेवसंग गयासुद्दीन तुगलकको लडाइँ भयो । लडाइँमा गयासुद्दीन तुगलकको सैन्यले सिम्रौनगढ ध्वस्त पारिदियो । त्यसपछि हर्सिंहदेव नेपालको पहाडी भागमा पसे । उनका साथमा उनका छोरा मन्त्री भारादारहरू पनि थिए । दोलखातिर आउँदा टिंपाट (तीनपाटन) भन्ने ठाउँमा हर्सिंहदेवको मृत्यु भयो । उनका छोरा मन्त्रीहरू कैद गरिए । राजग्रामका भारादारले हर्सिंहदेवको सारा सम्पत्ति हात लाए ।

वि. सं. १३८८ मा हर्सिंहदेवका मन्त्री चण्डेश्वरले राजग्राम कब्जा गरे ।... ...

यसरी हर्सिंहदेवका मन्त्री चण्डेश्वरले दोलखातिर आफ्नो अधिकार जमाए तापनि हर्सिंहदेव नेपालउपत्यकामा नपुग्दै तीनपाटनमै हर्सिंहदेवको मृत्यु भएकोले उनले नेपाल-उपत्यकामा आफ्नो शासन कायम गर्न सकेका थिएनन् तथा हर्सिंहदेव पहाडी भागमा पस्नाले नेपाल-उपत्यकाको शासनव्यवस्थामा केही परिवर्तन भएको थिएन भन्ने स्पष्ट छ ।

(इतिहास-संशोधनको प्रमाणप्रमेयका २३२-२३३ पृष्ठबाट)

यी कुरा हामीले लेखेका थियौं । त्यस वेला राजग्राम कहाँ छ भन्ने विषयमा हामीलाई ज्ञान थिएन । लेखाइको हिसाबले दोलखाप्रदेशको कुनै भाग राजग्राम होला भन्ने सामान्य अडकलको आधारमा हर्सिंहदेवका मन्त्री चण्डेश्वरले दोलखातिर आफ्नो अधिकार जमाए भनी हामीले लेखेका थियौं ।

अहिले प्राचीन नेपालको १० अङ्कमा छापिएको वाभू तथा राजग्रामको भौगोलिक निर्णय भन्ने आफ्नो निबन्धको ५१ पृष्ठमा श्रीमोहनप्रसाद खनालले

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीमहाराजगिर्वाणयुद्धविक्रमशाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम्

---

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ--

ने. सं. ४५२ (वि. सं. १३८८) मार्ग शुक्ल

गते	वार	तिथि	घडी पला
मार्ग १५	मङ्गल	द्वादशी	६। ५८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आगे पुजाहारि धर्मवीरके राजगाउँका **श्रीभीमसेन**कन अघि सुनवार राजा छंदा निज राजाले नित्यनैमीत्य पुजा गर्नाका लागि मुगिटार षेत ।१० चह्रायाको रहेछ. यो षेतमध्ये षेत रोपनि ५ गौरीदत्त ब्राह्मणलाई विर्त्ता गएछ. तसको साटो सोमाफिक अधिका सहि थामि आज हामिले केहि जग्गा थपि **श्रीभीमसेन**कन तपसिलबमोजिमको षेत ।१५ गुठ राषिबक्स्यौं. नित्यनैमीत्यक पुजा नअडकाई हात्रो जैं मनाई भोग्य गर.

तपसिल

मुगिटार अधिका साधसंगको षतमध्ये	
संथली सुषजोर अधिकारी ब्राह्मणका विर्तासंग जोरीयाको षेतमध्ये	।१५
पगरवासपट्टि षेत	।१७
	।३
	।१५

इति सम्वत् १८६५ साल मिति चैत्र शुदि १५ रोज ६ शुभं

(पुण्यप्रसाद पौडेलबाट प्राप्त तामापत्र)

—यो पत्र छपाई राजगाउँको उल्लेख हुँदै आएको प्रमाण उपस्थित गरिदिनुभएको छ ।

तीन पाटनबाट करीब ३ कोस जतिमा सिंधुली पर्दछ, सिंधुलीबाट ६ कोस जति उत्तर पूर्वमा रामेछाप पर्दछ । रामेछापबाट त्यस्तै करीब २ कोस जति उत्तर पश्चिममा राजग्राम (रजगाउं) पर्दछ । राजग्राम (रजगाउं) बाट दोलखा जान करीब २ दिन लाग्दछ ।

—भन्ने वाक्य सोही अङ्कको ५१ पृष्ठमा छापिएको छ ।

यसरी हामीले थाहा पाउन नसकेको राजग्राम (रजगाउँ) को अन्वेषण गरी प्रकाश गरिदिनुभएकोमा हामी मोहनप्रसाद खनालजीलाई सहर्ष धन्यवाद दिन्छौं ।

तर "राजगाम द्वलखाधारे वंग्व" भनी गोपालराजवंशावलीमा लेखिएको छ । यताबाट गोपालराजवंशावलीकारले दोलखा र राजग्राममा सम्बन्ध देखाएको बुझिन्छ । यस कारण यस विषयमा पनि खोजी गर्नु आवश्यक छ ।

---

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६५ चैत्र शुक्ल

गते	वार	तिथि	घडी पला
चैत्र २१	शुक्र	पूर्णिमा	३८। ०

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नालदुममा गोरखालीको फेरि हार तथा जित

त्यहाँपछि गोर्खामहाराजले कान्तिपुरका राज्य नालदुम दखल गरी खांदा काजी चिकुटी मास्केलाई फौज दिई बिदा गरी पठाउँदा लडाइँ गरी नालदुम आफ्नो गरी फर्की आया।☙

त्यहाँपछि शाके १६७६ (वि. सं. १८११) श्रावणका २१ दिन जाँदा बृहस्पतिवार घडी ३५❀ का साइत पक्का गरी वीरभद्र ✻ थापाले अघि सरी जयप्रकाश मल्लका फौजसँग लडाइँ गरी नालदुम दखल गरी लिया।

टिप्पणी

☙संवत् ८७४ (वि. सं. १८११ आ.) मा कान्तिपुरका काजी चिकुटी मास्के नालदुममा लढाइँ गरी मुलुक जिती फर्की आया।

(भाषावंशावलीको कान्तिपुर–प्रकरणबाट)

❀ यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १६७६ (वि. सं. १८११) श्रावणशुक्ल

तिथि	वार	घडी	पला	
त्रयोदशी	बृहस्पति	२।	१६	श्रावण २१ गते

✻ बि. सं. १८७९ मा बाघदरबारनिर भीमसेन थापाले राख्न लाएको शिलालेखमा यस्तो लेखिएको छ—

प्रासूतामरसिंहनामसचिवाच्छ्रीवीरभद्रात्मजात्...
ज्येष्ठं पञ्चसु सोदरेषु समये यं सत्यरूपा सती
सोऽयं मन्त्रिशिरोमणिर्जनरलः श्रीभीमसेनः कृती ॥

(यो अभिलेख संस्कृतसन्देश १ वर्ष ५ अङ्कमा योगी नरहरिनाथद्वारा प्रकाशित भएको छ।)

[वीरभद्र थापाका छोरा मन्त्री अमरसिंह थापा हुनुभयो, अमरसिंह थापाका सत्यरूपाबाट पांच जना छोरा हुनुभयो। तिनमा जेठा प्रधानमन्त्री जनरल भीमसेन थापा हुनुहुन्छ।]

यताबाट भीमसेन थापाका बाजेको नाउँ वीरभद्र देखिन्छ। यो कुरो अन्तबाट पनि सिद्ध हुन्छ। जस्तै—

वीरभद्र थापाको नाति अम्बरसिं थापाको छोरा वसन गोर्खा भीमसेन थापा

(वि. सं १८६१ को लालमोहरबाट, 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २५२ पृष्ठ हेर्नुहोस्।)

यहाँ नालदुममा लड्न जाने वीरभद्र थापा भीमसेन थापाकै बाजे हुन् कि भन्ने देखिन्छ। पृथ्वीनारायण शाहले भगवन्तनाथलाई लेखेको पत्रमा पनि 'हाम्रो वीरभद्र थापा कास्की बस्याको छ' भनी लेखिएको छ। (यो पत्र पृथ्वीनारायण शाहसम्बन्धी चिट्ठी–पत्रको प्रकरणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्याख्यासहित यही ग्रन्थमा तल आउँदैछ।)

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ७८६–८७ पृष्ठबाट)

हामीले यस्तो लेखेका थियौं।

अहिले मोहनप्रसादजीले यस विषयमा शङ्का उठाउनुभएको छ।

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम् ।। ।। ।। ।।

स्वस्तिश्रीसर्वोपमाजोग्येत्यादि श्रीधनपति पाध्या श्रीदेउसर्म पाध्याकेषु येथोचितपूर्वकपत्रमिदं. इहां कुसल. तांहां कुसल चाहि. जेहिते परमानंद होइ. आगे जाहांको समाचार भलो छ. उप्रांत आफुले जति कुरो विंति गर्नु हाम्रा काजिहेरुछेऊ विंति गरि पठायाछौ. काजिहेरुले विस्तार जाहां हजुरमाहा विन्ति गरि पठाया. शुनिऊ. भलो विंति गरि पठायाछौ. तिम्रो घर बिर्ताको माफ् गरिवक्सिऊ. तिमिले त्यो काज गरि आउ. त्यो काज पुग्याको दिन तिमिलाइ सुनचुरा सर्सिर्पाउसमेत वक्सुंला. तिमिलाइ उचो तिषो पनि गरिराषुला. तिमिले त्यो काज गरिकन आउ. मिति फाल्गुन वदि ५ रोज ३[५] मुकाम नयाकोट माडि शुभं.

(श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले धनपति पाध्या समेतलाई पठाएको पत्र)

अर्जि

उप्रांत श्रीवुढा माहाराजा नवाकोटमा राज गर्नुभयाको थियो. तस्तै समयमा देहोरि जसि पिछा पऱ्याका हुन्. सिंधुपूर्व फत्य भयो. नालदुम्माहा जाइ ठाना हालि अडियेउ भनि मर्जि भया र लोग सिपाहि भारादार सब् नेपालको घांटि नालदुम् हो भनि बलियो गरि बस्या. तस्त समयमा नेपालका राजाले लुच्चा भोट्या लाइ ठान(ा) घर पोल्या. ठानामा बस्याका लागकन अन्नपानिको गाह्रो पऱ्यो. देहोरि डोट्याल्ले रातिराति चोरबाटो पइल्याइकन मुरि ५ चिहुरा चावल मुरि ६ ठानाभित्र छिराया र भोलिब्रेर कटक भयो र जित्या. वैरि हटेर गयो. भारादारलाइ षिलत् भयो. देहोरि जैसिलाइ नेपाल फत्य गरुंला र देउपूर बिर्त्ता बितलप् गरिदिउला भनि मर्जि भयाको हो. इ कुरा सब जान्या नाहारसिं काजि छन्. सोध्याजावस्. सेवाकारिको दलिद्र हरन हुन्या हो. हजुरका चरणमा दुषदर्दको विंति गऱ्याको हो. सेवाकारिले पाउन्या हो भन्या चरनमा रुजु छु. मेरा पत्पक्ष कोहि छैन. पायाषायाको केहि छैन. पिछा

५. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१० फाल्गुन कृष्ण (पूर्णान्तिमानले)

गते	वार	तिथि	घडी पला
फाल्गुन ५	मङ्गल	पञ्चमी	३। ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्या हजुरका छु. जो मर्जि. सो सहि. शुभम्.

(श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई देवहरि जैसीले लेखेको पत्र)

(प्राचीन नेपाल ११ अङ्कमा छापिएको श्रीमोहनप्रसाद खनालको श्री ५ पृथ्वीनारायण शाहको नालदुमविजय भन्ने निबन्धबाट । सो अङ्कका २७–२८ पृष्ठ)

मोहनप्रसादजीले छपाउनुभएको पहिलो पत्र श्री ५ पृथ्वीनारायण शाहकै हो भन्ने कुरामा सन्देह छैन। दोस्रो पत्रमा "श्रीबुढामहाराजा नुवाकोटमा राज गर्नुभयाको थियो" भन्ने वाक्य लेखिएको र भूतपूर्व राजालाई बूढामहाराजा भन्ने चलन भएको हुनाले[६] यो पत्र पृथ्वीनारायणको मृत्युपछि लेखिएको देखिन्छ। यस कारण "श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहलाई देवहरि जैसीले लेखेको पत्र" भन्ने वाक्य मोहनप्रसादजीले जो लेख्नुभएको छ, त्यो कुरा अशुद्ध देखिन्छ।

यहाँ निवेदकले नाहरसिंहलाई साक्षी राखी आफ्नो प्रार्थना सफल गराउने उद्योग गरेको देखिन्छ। यहाँ निवेदकको नाम पनि खुल्दैन। "उप्रांत श्रीबुढामहाराजा नवाकोटमा राज गर्नुभयाको थियो. तस्तै समयमा देहोरि जैसि पिछा पऱ्याका हुन्" भन्ने वाक्य यस पत्रमा लेखिएकोले देवहरिले नै निवेदनपत्र दिएका हुन् भनी मोहनप्रसादजीले लेख्नुभएको कुरा पनि प्रमाणको कसीमा चढ्न गाह्रो छ।

पत्र लेखिएको समयमा नालदुमको लडाइँको कुराको वर्णन गर्न सक्ने प्रामाणिक मान्छेको अभाव भइसकेको र सो कुरो देखेसुनेका मानिस नाहरसिंह मात्र बाँकी रहेका भन्ने कुरो यस पत्रमा परेको "इ कुरा सब जान्न्या नाहारसिं काजि छन्. सोध्याजावस्." भन्ने वाक्यले स्पष्ट गर्छ। यसबाट नालदुम विजय गर्ने सेनापति नाहरसिंह थिए भन्ने कुरा सिद्ध हुँदैन। यस कारण "नालदुममा आक्रामण गर्ने परिपाटी मिलाई……नाहरसिंहलाई सेनापतिको टीका लगाइदिई करीब आठसय जति सैन्यका साथ वि. सं. १८११ साल श्रावणको पहिलो हप्ताको अन्ततिर नुवाकोटबाट विदा गरे" (प्राचीन नेपाल ११ अङ्कको २६ पृष्ठबाट) भनी मोहनप्रसादजीले लेख्नुभएको कुरा प्रमाणबाट सिद्ध हुँदैन। यस कारण नालदुम विजय गर्ने सेनापति वीरभद्र थापा हुन् भनी वंशावलीमा लेखिएको कुरो अहिलेलाई असत्य हो भन्न सकिँदैन।

नाहरसिंहले पुरोहित लक्ष्मीनारायण अर्ज्याललाई घर दान दिएको एउटा पत्र पाइएको छ। सो पत्र यस प्रकारको छ—

स्वस्तिश्रीकाजीनाहारसिंहवस्न्यात्कस्य पत्रम्

आग्ये पुरोहित् लक्ष्मीनारायण अर्ज्याल्लाइ श्रीगणेशचोकको पुर्वपट्टिको मैले बनायाको नञ्या घर कौसि चोटा कोठा दलान् बारिस्मेत् यकनाल्या घर एक् १ कुसपानी ली दान गरि

६. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १२१५–१६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डिन्नां. यस घरमा भाइ छोराहरूले दावा धक्का गऱ्या तसलाइ पंचमहापातक् सिषनारायणको श्रीदक्षीणकालीकाको कुद्रिष्टी. सन्तानभर आफ्ना षातिर्जमासँग दातव्ये जानी भोग्य गर. साछी स्वपुत्र बाकावीर साछि कनकसिं थापा साछी मनिराज साछी दयाराम थापा लिषक साछि लक्ष्मीनारायण रिसाल्. इति सम्वत् १८६७ साल् चैत्र सुदी १५ रोज २७ शुभमस्तु सर्वदा कालम्.

(छेउमा)

बावाले दातव्य गर्नुभयाको घरमा लाग् नास्ती.

(अप्रकाशित यो पत्रको प्रतिलिपि श्रीबखतमानसिंह बस्न्यातबाट प्राप्त भएको हो ।)

यस पत्रबाट वि. सं. १८६७ सम्म नाहरसिंह जीवित थिए भन्ने स्पष्ट हुन्छ । यसभन्दा पछि पनि उनी कति वर्षसम्म बाँचे, सो अहिले भन्न सकिंदैन । यस कारण मोहनप्रसादजीले छपाउनुभएको २ सङ्ख्याको पत्र पृथ्वीनारायणभन्दा पछि वि. सं. १८६७ सम्म वा त्यसभन्दा पनि पछि लेखिएको हो भन्ने कुरा प्रमाणबाट देखिन आउँछ ।

मोहनप्रसादजीले यी २ पत्र प्रकाश गरिदिनुभएकोमा हामी उहाँलाई धन्यवाद दिन्छौं । उहाँले सिद्ध गर्न खोज्नुभएको कुरोचाहिँ प्रमाण नपुगेकोले हामी मान्न सक्तैनौं । उहाँले यस विषयका प्रमाण प्रस्तुत गरी आफ्नो कुरोलाई टेवा दिईकन मात्र वंशावलीको कुरोलाई खण्डन गर्नुपर्छ भन्ने स्पष्ट छ ।

यस कारण

इतिहास संशोधनका केही संपादकहरूले र इतिहासका ज्ञाता पं. श्री नयराज पन्तज्यूले नालदुममा आक्रमण गर्न आउने श्री ५ पृथ्वीनारायण शाहका सेनापतिको नाम वीरभद्र थापा दिनुभएको छ (श्री ५ पृथ्वीनारायण शाहको उपदेशको पृष्ठ ७८६।७८७ मा र नालदुमविजय-बारे लेखिएका विभिन्न लेखहरूमा, तर माथि उल्लिखित पत्रबाट नाहारसिंह वस्न्यात नै सेनापति भएर आएका देखिनाले अर्को कुनै प्रामाणिक चिठ्ठीपत्र नपाएसम्म ती "सेनापति भएर नालदुम विजय गर्न आए भन्नु अशुद्ध हो ।

---

७. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६७ चैत्र शुक्ल

गते	वार	तिथि	घडी पला
चैत्र २८	सोम	पूर्णिमा	५५। ३१

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

—भनी मोहनप्रसादजीले सोही अङ्कको २७ पृष्ठमा लेख्नुभएको कुरा प्रमाणबाट सिद्ध हुँदैन ।

मोहनप्रसादजीले उठाउनुभएका शङ्का अरू पनि छन् । तिनको विषयमा पछि लेखिनेछ ।

अधीतिबोधाचरणप्रचारणैर्दशाश्चतस्रः प्रणयन्नुपाधिभिः ।
चतुर्दशत्वं कृतवान् कुतः स्वयं न वेद्मि विद्यासु चतुर्दशस्वयम् ।।४।।

(नैषधीयचरित १ सर्ग)

[राजा नलले पढे, बुझे, त्यसअनुसार काम गरे, अनि प्रचार गरे ।]

× × ×

सूचना– वि. सं. २०२७ श्रावण भाद्र आश्विनको यो अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०२९ श्रावणमा मात्र निस्क्यो ।

यै बाटोतिर छौ तिमी पनि कतै

—नयराज पन्त

राम्रो गर्दछ काम यो जन भनी कोही खुशाए पनि
हाम्रो स्वार्थविघात गर्छ यसले भन्दै रिसाए पनि ।
सच्चा ज्ञाननिमित्त विज्ञ जनले श्रद्धा गरे तापनि
धेरै नै चतुरा मनुष्यहरुले काँढा छरे तापनि ।।१।।
हे सर्वज्ञ दयानिधान भगवन् तिम्रै दयामा म छु,
तिम्रो नै भरमा परेर गह्रुँगो बोझा सधैँ बोक्तछु ।
छाम्छाम् छुम्छुम नै गरी अलिअली यी पाइला चाल्दछु,
यै बाटोतिर छौ तिमी पनि कतै भेट्टाउँला भन्दछु ।।२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मै. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौं नेपाल

वि. सं. २०२६ श्रावण

यस अङ्कको मूल्य रु. ३।५०

मुद्रक––

युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौं

फोन–– १३८७७